ISBN 978-9937-1-8211-9

Scan for PDF



# वाणिज्य कानुनअन्तर्गत फौजदारी दायित्व सिर्जना हुनेगरी व्यवस्था गरिएको कानुनी व्यवस्थाहरूको अपराधमुक्तिकरणसम्बन्धी अध्ययन प्रतिवेदन



नेपाल उद्योग परिसंघ

स्वदेशी

हाम्रो सामान, हाम्रो स्वाभिमान

# वाणिज्य कानुनअन्तर्गत फौजदारी दायित्व सिर्जना हुनेगरी व्यवस्था गरिएको कानुनी व्यवस्थाहरूको अपराधमुक्तिकरणसम्बन्धी अध्ययन प्रतिवेदन

नेपाल उद्योग परिसंघ

**प्रकाशक**

**नेपाल उद्योग परिसंघ**
ट्रेड टावर, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१११११२४
ईमेलः cni@cni.org.np
www.cni.org.np

# व्यवसायमैत्री कानुनी सुधारः वाणिज्य कानुनको अपराधमुक्तिकरणको आवश्यकता



नेपाल उद्योग परिसंघले मुलुकको औद्योगिक विकास तथा आर्थिक समृद्धिका लागि सरकारलाई तथ्यमा आधारित नीतिगत सुझाव दिँदै आएको छ । औद्योगिक विकासलाई तिव्रता दिन, लगानीकर्ताका लागि अनुकूल वातावरण सिर्जना गर्न तथा रोजगारीका अवसर विस्तार गर्न विभिन्न कार्यक्रम तथा नीतिगत संवाद, सुझाव तथा अनुसन्धानको माध्यमबाट परिसंघले आर्थिक विकासको वातावरण निर्माणमा सहजीकरण गर्दै आएको छ ।

मुलुकको समग्र आर्थिक विकासका लागि अनुकूल कानुनी व्यवस्था पहिलो शर्त हो । त्यसैले मुलुकको समग्र औद्योगिक र आर्थिक प्रणालीलाई प्रभावकारी बनाउन, उत्पादनशील क्षेत्रमा नवप्रवर्तनको प्रवर्द्धन र उद्यमशीलता अभिवृद्धिका लागि विभिन्न ऐन, नियम तथा कानुनी प्रक्रिया व्यवसायमैत्री बनाउनुपर्छ । वर्तमान कानुनी व्यवस्थाले औद्योगिक क्षेत्रका नयाँ चुनौतीहरूलाई समेट्न नसक्दा आर्थिक गतिविधिमा अवरोध सिर्जना भइरहेकाले अर्थतन्त्रसँग सम्बन्धित विद्यमान पुराना एवं असान्दर्भिक कानुनहरूमा सुधार आवश्यक छ । त्यसैले, विद्यमान कानुनी व्यवस्थालाई आधुनिक परिवेशअनुसार र समय सान्दर्भिकताअनुसार परिमार्जन गर्दै औद्योगिक वातावरण सहज बनाउन तथा उत्पादनशील क्षेत्र र दीगो आर्थिक विकासलाई प्रवर्द्धन गर्न परिसंघ निरन्तर क्रियाशील छ । हाल नेपालमा वाणिज्य कानुनको अपराधमुक्तिकरणको आवश्यकता आजको व्यवसायिक परिवेशमा सान्दर्भिक बनेको छ । विशेषगरी वाणिज्य कानुनहरु व्यवसायी, लगानीकर्ता र उद्यमीहरूका लागि सहज, स्पष्ट र अनुकूल रहनुपर्छ भन्ने मुल मान्यतालाई नेपाल उद्योग परिसंघ सदैव अनुशरण गर्दछ । हाल नेपालमा व्यवसायिक क्रियाकलापलाई नियमन गर्ने व्यवस्था गरिएका केही कानुनी प्रावधानहरूलाई अनावश्यक रूपमा फौजदारी कसुरअन्तर्गत राखिएको छ । साथै, हाल प्रस्तावित विधेयकहरूमा पनि वाणिज्य क्रियाकलापहरूमा समेत कैद सजायका व्यवस्थाहरु राखिएका छन् । फलस्वरूप, व्यवसायी एवम् उद्यमीहरु अनावश्यक कानुनी जोखिम तथा अन्योलमा परिरहेको गुनासो उद्योगी व्यवसायीहरूले गर्दै आएका छन् । यसैगरी, विशुद्ध व्यवसायिक सिलसिलामा उत्पन्न हुने विवादहरूमा व्यक्तिगत व्यक्तीगत प्रतिशोधयुक्त भावनाबाट अभिप्रेरित भइ कानुनको अनुचित प्रयोगको प्रचलनमार्फत उद्योगी व्यवसायीहरूको स्वतन्त्रता पूर्वक व्यापार व्यवसाय संचालन गर्न पाउने हकमा आघात पुर्याउने बदनियतयुक्त कार्य समेत बढ्दै गइरहेको उदाहरण नेपालमा प्रशस्त भेटिन्छन् । यसै परिप्रेक्ष्मा कानुन सुधारको आवश्यकता महसुस गर्ने तर सुधारका लागि पहलकदमी लिन ढिलाई भइरहेको महसुस परिसंघले गरेकाले सरकारलाई कानुन सुधारका लागि सहयोग गर्ने अभिप्रायले मयो प्रतिवेदन प्रस्तुत गरेकाहौ । यस अध्ययन प्रतिवेदनले नेपालमा व्यावसायिक गतिविधिहरूलाई गैर-आपराधिक रूप दिनुपर्ने कारणहरूलाई गहन रूपमा विश्लेषण गरेको छ ।

वाणिज्य क्षेत्रलाई नियमन गर्ने कानुनहरूमा भएका कैद सजायका व्यवस्थाहरूमध्ये केही अनावश्यक कैद सजायहरूलाई पुनरावलोकन गरी व्यवसायमैत्री कानुनी संरचना विकास गर्ने कार्य आजको मुल आवश्यकता हो भन्नेमा परिसंघ स्पष्ट छ । यस अध्ययन प्रतिवेदनले वाणिज्य क्रियाकलापहरूको संचालनको क्रममा हुने गरेको कार्यहरु मध्ये विशेषतः व्यक्ति, समाज र वातावरणलाई मनसायपूर्वक हानी-नोक्सानी नपुर्याउने कार्यहरूलाई कैद सजायको दायराबाट हटाउनुपर्ने आवश्यकता उजागर गरेको छ । नेपाल जस्तो उदाउँदो अर्थतन्त्र भएका देशका देशको लागि वाणिज्य कानुनको अपराधमुक्तिकरणले नयाँ लगानी भित्र्याउने, व्यवसायको वातावरण सुधार गर्ने, व्यवसायीहरूलाई कानुनी अनिश्चितताबाट मुक्त गर्ने लगायतका महत्वपूर्ण योगदान दिन सक्छ ।

यस प्रतिवेदनले कानुन तथा नीति निर्माणको तहमा रहने नेपाल सरकारको सरोकारवाला निकायहरूलाई आवश्यक सहयोग तथा मार्गनिर्देशन प्रदान गर्ने विश्वास नेपाल उद्योग परिसंघले लिएको छ । कानुनका विज्ञ, उद्योगी-व्यवसायी तथा सरोकारवाला निकाय एवं व्यक्तिहरूसँगको गहन छलफल, विषयविज्ञको राय-सुझाव, छिमेकी भारत तथा अन्य मुलुकका कानुनहरूको अनुसन्धानात्मक अध्ययनको निष्कर्षबाट मुलुकको विद्यमान वाणिज्यसम्बन्धी क्रियाकलाप नियमन गर्ने कानुनहरूमा भएका केही कैद सजायको व्यवस्थाहरूलाई जरिबानामा रूपान्तरण गर्ने तथा केही कार्यविधिगत त्रुटिहरूलाई अनावश्यक रूपमा कसुरको रूपमा परिभाषित गरी कैद सजायको व्यवस्था गरिएकोमा उक्त कार्यहरूलाई कसुरको दायराबाट हटाउन यस प्रतिवेदनले सिफारिस समेत गरेको छ ।

यो अध्ययन प्रतिवेदन तयार गर्न योगदान पुर्याउनु हुने अभिनव ल च्याम्बर्सका कानुन व्यवसायीहरु अधिवक्ता परितोष घिमिरे, अधिवक्ता रोशन नेपाल एवम् अधिवक्ता सेमन्त दाहाललाई परिसंघ विशेष धन्यवाद व्यक्त गर्दछ । यस प्रतिवेदनमार्फत मुलुकको विद्यमान वाणिज्य कानुनी व्यवस्थाको अपराधमुक्तिकरणबाट समग्र व्यवसायिक वातावरणमा सुधारमार्फत आर्थिक विकासमा टेवा मिल्ने परिसंघको ठहर छ । समग्र आर्थिक विकासलाई टेवा प्रदान गर्न यो प्रतिवेदनलाई नेपाल सरकारले गम्भीररूपमा लिइ विद्यमान वाणिज्य कानुनसँग सम्बन्धित कानुनी व्यवस्थाहरूको अपराधमुक्तिकरणद्वारा कानुनमा सुधार एवं नयाँ कानुन ल्याउन विशेष प्राथमिकता दिने विश्वास परिसंघले लिएको छ ।

**राजेशकुमार अग्रवाल**
अध्यक्ष
नेपाल उद्योग परिसंघ

# विषयसूची


**परिच्छेद-१: परिचय खण्ड** **१**

१.१ पृष्ठभूमी १
१.२. अध्ययन प्रतिवेदनको आवश्यकता २
१.३. अध्ययन पद्धति २
१.४. अध्ययनको सीमा २

**परिच्छेद-२: सैद्धान्तिक अवधारणा** **३**

२.१ अपराधमुक्तिकरणको सैद्धान्तिक अवधारणा ३
२.२ अपराधमुक्तिकरणसम्बन्धी दृष्टिकोणहरू ३
२.३ कानुनअन्तर्गत सिर्जना हुने दायित्वहरू र सो को विशेषता ४
२.४ सजाय निर्धारणको सैद्धान्तिक अवधारणा ५
२.५ वाणिज्य कानुनको अपराधमुक्तिकरणको आवश्यकता ६

**परिच्छेद-३: नेपालको वाणिज्य कानुनअन्तर्गतको कानुन तथा सजायको व्यवस्थासम्बन्धी विश्लेषण** **११**

३.१ वाणिज्यसम्बन्धी क्रियाकलापहरूको नियमन ११
३.२ कानुनमा रहेको दोहोरोपना ११
३.३ वाणिज्य क्षेत्रसँगसम्बन्धीत मौजुदा कानुनी व्यवस्थाअन्तर्गतको कसुर तथा सजाय १३
३.४ वाणिज्य क्षेत्रसँगसम्बन्धीत मौजुदा कानुनी व्यवस्थाअन्तर्गतको कसुर तथा सजायको विश्लेषण १३

**परिच्छेद-४: सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर तथा सिद्धान्त** **२८**

४.१ सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर तथा सिद्धान्त २८
४.२ सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर तथा सिद्धान्तको विश्लेषण ३०

**परिच्छेद-५: अन्तर्राष्ट्रिय अभ्यास** **३२**

५.१ भारतको कम्पनी ऐनअन्तर्गत भएका कानुनी सुधार ३२
५.२ अन्य देशको उदाहरणहरू (फ्रान्स, स्पेन, जर्मनी र संयुक्त अधिराज्य) ३४

**परिच्छेद-६: नेपालको वाणिज्य कानुनअन्तर्गतको कानुन तथा सजायको व्यवस्थामा गर्नुपर्ने अपराधमुक्तिकरणको आधार** **३५**

६.१ मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू ३५

**परिच्छेद-७: निष्कर्ष तथा सुझाव** **५२**

७.१ निष्कर्ष ५२
७.२ सुझावहरू ५२

परिच्छेद-१

# परिचय खण्ड

## १.१ पृष्ठभूमी

१.१.१ वाणिज्य क्षेत्र भन्नाले आन्तरिक व्यापार र अन्तर्राष्ट्रिय व्यापारको समग्र स्वरुप हो । आन्तरिक क्षमता र उत्पादनबिना अन्तर्राष्ट्रिय व्यापारमा आफ्नो स्थान बनाउन मुस्किल पर्ने हुन्छ । अन्तर्राष्ट्रिय परिस्थिति, राष्ट्रिय क्षमता, व्यापार कौशल र नीति रणनीतिले नै वाणिज्य क्षेत्रको प्रभाव र महत्वलाई बढाउँछ । [१] नेपालको संविधान २०७२ ले पनि अर्थ, उद्योग र वाणिज्य क्षेत्रको महत्त्व आत्मसात गर्दै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, अर्थतन्त्रमा निजीक्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने लगायतका विषय उल्लेख गर्दै अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिलाई समेटेको छ । [२] उत्पादन, उत्पादकत्व, रोजगारी वृद्धि गर्ने तथा निजीक्षेत्रको मनोबल बढाउँदै लगानी बृद्धि गर्नु र आर्थिक क्रियाकलापमा तिब्रता[३] प्राप्त गर्ने लगायतको विषय पनि नेपाल सरकारको प्राथमिकतामा रहेको छ ।

१.१.२ नेपालको वाणिज्य क्षेत्रले सामना गरिरहेको थुप्रै चुनौतीहरूमध्ये परम्परागत सिमित वस्तुको निर्यात, खर्चिलो उत्पादन र पारवाहन, विश्व बजारमा पहुँचको कमी, सङ्गठित सेवा, बौद्धिक सम्पत्ती संरक्षणमा उदासिनता लगायतका चुनौतीहरू पहिचान भएका छन् । [४] त्यस्ता चुनौतिहरूको चुनौतीहरूलाई समाधान गर्न व्यापारिक, मौद्रिक, आयात, निर्यात लगायत अन्य क्षेत्रसँग सम्बन्धित नीति, रणनीति, कार्यविधि, निर्देशिकाहरू तयार गरिएको छ । तर, वाणिज्य क्षेत्रसँग सम्बन्धित कानुनहरूमा आवश्यक सुधार गर्न यथोचित प्रयास भएको पाईंदैन । त्यसैकारण नेपालको सामाजिक एवं आर्थिक अवस्थालाई मध्यनजर गरी वाणिज्य क्षेत्रको उदारीकरण तथा व्यापार सहजीकरण जस्ता विषयलाई समेट्नका लागि वाणिज्य क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने मौजुदा कानुनी व्यवस्थाहरूको पुनरावलोकन अपरिहार्य छ ।

१.१.३ व्यक्ति, समाज, वा वातावरणलाई हानी नपुर्याउने वाणिज्य सम्बन्धी क्रियाकलापहरूलाई फौजदारी कार्यका रुपमा लिनु अनुचित हुन्छ । त्यसैले वाणिज्य क्षेत्रको हालको आवश्यकता सम्बोधन गर्न समयानुकूल कानुनको तर्जुमा र कानुनी व्यवस्थाहरूको व्यापक सुधार गर्नुपर्ने देखिन्छ । वाणिज्य क्षेत्रलाई नियमन गर्ने कानुनी व्यवस्थाहरूअन्तर्गतको आपराधिक कार्य र सोसँग सम्बन्धित दण्ड सजायको पुनरावलोकन गरी आवश्यकताअनुसार परिमार्जन, संशोधन, खारेजी गर्दै जानुपर्ने देखिन्छ । वाणिज्यसम्बन्धी क्रियाकलाप नियमित गर्ने कानुनहरूमा सुधार हुनुपर्ने क्षेत्र धेरै भए तापनि मुख्यतः यस्ता कानुनहरूको गैरअपराधीकरण वा अपराधमुक्तिकरण (Decriminalization) गर्नुपर्ने देखिन्छ । वाणिज्य कानुनको अपराधमुक्तिकरणको अर्थ अवैध क्रियाकलापलाई वैधता प्रदान गर्नु नभइ कानुनी त्रुटिमा हुने सजायलाई जरिवाना एवम् क्षतिपुर्तीमा रूपान्तरण गरी प्रचलित कानुनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नु हो । वाणिज्य कानुनअन्तर्गत विभिन्न कार्यहरूलाई अपराधीकरण गरी कैद सजाय हुने गरी कानुनी व्यवस्था गरिएकोमा कैद सजाय हुने गरी व्यवस्था गरिएको कानुनी व्यवस्थाहरूलाई अपराधमुक्तिकरण (Decriminalization) मार्फत अपराधमुक्तिकरण गरी बिगोबमोजिमको जरिबाना वा अन्य देवानी दायित्व सिर्जना हुने कानुनी व्यवस्थाले प्रतिस्थापन गर्दै जानुपर्ने देखिन्छ । त्यसैले, नेपालको वाणिज्य क्षेत्र नियमन गर्ने कानुनहरूमा नियतबस वा मनसायपूर्वक नगरिएका कार्यहरूलाई कैद सजायसम्म गर्ने कानुनी व्यवस्थाहरूको आवश्यकता छ वा छैन भन्ने विश्लेषण आवश्यक रहेको छ ।

---

१ वाणिज्य नीति, २०७२ कार्यान्वयनको प्रभावकारिता अध्ययन प्रतिवेदन, पृष्ठ १
२ नेपालको संविधान, धारा ५१ (घ)
३ आर्थिक वर्ष २०८१ । ८२ को बजेट वक्तव्य, पृष्ठ ७
४. वाणिज्य नीति, २०७२ कार्यान्वयनको प्रभावकारिता अध्ययन प्रतिवेदन, पृष्ठ ३

## १.२. अध्ययन प्रतिवेदनको आवश्यकता

१.२.१ कुनै पनि कार्य फौजदारी कसुर हो कि होइन भन्ने निर्धारण गर्दा, उक्त कार्यको गम्भीरता, त्यसबाट उत्पन्न दण्डनीय परिणाम, र उक्त कार्य मनसाय पूर्वक गरिएको हो वा लापरवाही वा अनजानमा भएको भुल हो भन्ने कुराको यकिन गर्नुपर्दछ। तर,वाणिज्यसम्बन्धी क्रियाकपालहरूलाई कसुरका रुपमा परिभाषित गर्दा र सजाय निर्धारण गर्दा न्यायिक रुपबाट नगरी यान्त्रिक तरिकाबाट भएको देखिन्छ।

१.२.२ कुनै पनि अपराधको दण्डनीय परिणाम अपराधको गम्भीरतासँग मिल्दोजुल्दो हुनुपर्दछ। सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित थुप्रै नजिर सिद्धान्तहरूमा समेत कुनै पनि कसुरको सजाय निर्धारण गर्दा सापेक्षिकता र समानुपातिकतालाई आधार मानेर निर्धारण गरिनुपर्दछ भनि उल्लेख भएको छ। अपराधको गम्भीरता र तोकिएको सजायबीच सन्तुलन कायम भएको हुनुपर्ने फौजदारी कानुनको सर्वमान्य सिद्धान्तलाई मध्यनजर गर्दै वित्तीय कसुरअन्तर्गत कसुरदारको दोष र पीडितलाई भएको हानी-नोक्सानीअनुरूप उपयुक्त सजाय निर्धारणको आवश्यकता यस अध्ययन प्रतिवेदनले विश्लेषण गरेको छ।

१.२.३ यस्तो अवस्थामा वित्तीय प्रकृतिको कार्यहरूलाई नियमन गर्न फौजदारी दायित्व सिर्जना गर्ने कानुन नै अन्तिम विकल्पको रुपमा प्रयोग गर्नु उचित हुँदैन। वित्तीय प्रकृतिका अपराधमा संलग्न बिगो वा रकम नै कसुरदारलाई हुने सजायको निर्धारक तत्व हुनुपर्दछ। तसर्थ, वाणिज्य कानुनको अपराधमुक्तिकरणद्वारा/गैरअपराधीकरणमार्फत केही फौजदारी दायित्व सिर्जना हुने वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई देवानी दायित्व सिर्जना हुने किसिमका कसुरहरूमा परिवर्तन गर्न र केही अन्य अनावश्यक अपराधहरूलाई पूर्ण रूपमा हटाउन आवश्यक रहेको छ। तसर्थ, वाणिज्यसम्बन्धी क्रियाकलापहरूले व्यक्ति, समाज वा वातावरणलाई हानी पुर्याउने वा खतरा उत्पन्न गरेमा मात्र कैद सजाय हुने गरी फौजदारी दायित्व सिर्जना गर्न उपयुक्त हुने अन्यथा वित्तीय प्रकृतीका कसुरहरूमा कैद सजायको अपरिहार्यता नहुने आवश्यकताबमोजिम यो अध्ययन प्रतिवेदन तयार पारिएको छ।

## १.३. अध्ययन पद्धति

यस अध्ययनका लागि विवेचनात्मक विश्लेषणात्मक पद्धति अपनाइएको छ। वाणिज्य कानुनको अपराधमुक्तिकरण/गैरअपराधीकरणको आवश्यकता अध्ययन गर्नका लागि निम्न विधि अवलम्बन गरिएको छ।

क. वाणिज्य कानुन र सोसम्बन्धी पुस्तक तथा लेखहरू, वाणिज्य कानुनसम्बन्धी नीति, रणनीति, कार्यविधि, निर्देशिकाहरू, योजना, कार्यक्रमहरू तथा अन्य दस्तावेजहरू अध्ययन गरी विवेचना गरिएको छ।

ख. नेपाल उद्योग परिसंघले आयोजना गरिरहेको **"वाणिज्य क्रियाकलापमा फौजदारी दायित्व सिर्जना हुने कानुनी व्यवस्थाहरूको अपराधमुक्तिकरण"** शिर्षक छलफल कार्यक्रममा विषय प्रस्तोताको रुपमा सहभागी भइ विज्ञ एवम् सरोकारवालाहरूबाट संकलन भएको राय तथा सुझावलाई यस प्रतिवेदनमा विवेचना गरिएको छ।

ग. सर्वोच्च अदालतबाट प्रतिपादित नजिर तथा सिद्धान्तहरूलाई यस प्रतिवेदनमा विवेचना गरिएको छ।

## १.४. अध्ययनको सीमा

वाणिज्य कानुनले समेटेको क्षेत्र व्यापक रहेको छ। यस अध्ययन प्रतिवेदन मुख्यतः अनुसूची-१ मा उल्लेख गरिएका वाणिज्य कानुनअन्तर्गत कानुनको अनुपालनामा भएको त्रुटिको सम्बन्धमा हुने दण्ड सजायलाई क्षतिपूर्तिमा रूपान्तरण गर्ने र वित्तीय प्रकृतिको अपराधमा हुने कैद सजायलाई जरिबाना वा अन्य देवानी दायित्वमा परिणत गर्न सकिने सम्भावनाको अध्ययन एवं विश्लेषणमा सीमित रहेको छ। अध्ययनको लागि प्राप्त समय र अन्य अवस्थाको अधिनमा रहि उपलब्ध भएका सन्दर्भसामग्रीको अध्ययन एवं विश्लेषणमार्फत मौजुदा कानुनको वर्तमान अवस्था, विगतका प्रयास, कानुनहरूमा भएको संशोधन, अन्तर्राष्ट्रिय अभ्यास, एवं वाणिज्य क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने मौजुदा कानुनी व्यवस्थामा हुनुपर्ने सुधारमा मात्रै केन्द्रित छ।

परिच्छेद-२

# सैद्धान्तिक अवधारणा

## २.१ अपराधमुक्तिकरणको सैद्धान्तिक अवधारणा

२.१.१ अपराधमुक्तिकरणको बारेमा यथेष्ट छलफल वा निचोडको उदाहरणहरू उल्लेख्य रुपमा भएको पाइँदैन । विश्वभर यस अवधारणालाई आत्मसात गरी कसुरजन्य कार्यलाई विरलै अपराधमुक्तिकरण गरिएको पाइन्छ । तर, जब कुनै पनि मुलुकले कसुरजन्य कार्यहरूलाई अपराधमुक्तिकरण गरेका छन्, त्यसबखत सो कदमलाई चौतर्फी रुपमा स्वागतयोग्य मानिएको देखिन्छ ।

२.१.२ के-कस्ता कार्यलाई अपराधिक क्रियाकलाप वा कसुरजन्य कार्यको रुपमा प्रचलित ऐन तथा कानुनमा परिभाषा गरी दण्ड सजायको व्यवस्था गर्ने भन्ने विषय प्रत्येक मुलुकले अनुसरण गरेको फौजदारी न्याय प्रणालीको आधारमा विश्लेषण गरिन्छ । कुनै पनि मानव कार्य वा अकार्यलाई अपराधको परिभाषाभित्र समाहित गर्ने (Criminalization), अपराधको परिभाषाबाट मुक्त गर्ने (Decriminalization) पूर्ण क्षेत्राधिकार (Exclusive Jurisdiction) विधायिकाको हो ।[५] विशुद्ध रुपमा अपराध र सजाय समय र समाजको आवश्यकताअनुसार तय गरिएको दण्डनीतिसंग सम्बन्धित रहन्छ र विधायिकाले आफ्नो विवेक प्रयोग गरी अपराध र सजाय कानुनद्वारा निर्धारण गर्ने गर्दछ । त्यस कारण एउटा मुलुकको राजनैतिक र सामाजिक परिस्थिती तथा आम जनताको मर्म तथा भावना प्रतिबिम्बित हुने गरी विधायिका वा कानुन निर्माताहमार्फत ऐन तथा कानुनहरूमा कसुर र दण्ड सजायको व्यवस्था गरिन्छ ।[६]

२.१.३ कुनै एक वा सर्वमान्य कारणले मात्र कुनै कार्यलाई कसुरजन्य कार्यको रुपमा राख्ने गरिँदैन । प्रत्येक कार्यको प्रकृति र सो कार्य गर्दाको मनसाय एकै प्रकृतिको नहुने कारणले कुनै पनि कार्य कसुरजन्य छ वा छैन भनि निष्कर्षमा पुग्न सो कार्यको प्रकृति तथा कार्य सम्पन्न गर्दाको परिस्थिती र मनसायको आधारमा गरिनुपर्दछ । एकातर्फ समाजलाई कसुरजन्य कार्यबाट सुरक्षित राख्ने मुल उद्धेश्यसहित कुनै पनि कार्यलाई कसुरको रुपमा हेरिन्छ भने अर्कोतर्फ समाजको नैतिक Consciousness लाई प्रतिबिम्बित गर्ने उद्धेश्यसहित कुनै कार्यलाई अपराधीकरण गरिएको हुन सक्दछ ।[७]

२.१.४ सामान्यतया: अपराधमुक्तिकरणको परिभाषा गर्दा यस शब्दावलीले कुनै पनि मुलुकको फौजदारी न्याय प्रणालीलाई नियमन गर्न बनेका प्रचलित ऐन तथा कानुनहरूमा "कसुर" भनि परिभाषा गरिएको कार्यलाई कसुरजन्य कार्यको सूचीबाट हटाउने क्रियालाई जनाउँछ ।[८] अपराधमुक्तिकरणको मुल: अवधारणा प्रचलित ऐन, कानुनअन्तर्गत दण्ड सजाय हुने कुनै पनि प्रकृतिको कार्यलाई दण्ड सजायको परिधिबाट अलग राख्नु हो । अपराधमुक्तिकरणलाई अपराधीकरणको ठिक विपरित रुपमा बुझिन्छ जसको मुल अर्थ कुनै पनि कार्यलाई कसुरजन्य कार्य मान्नु पर्ने पर्याप्त कारण तथा अवस्था विद्यमान नदेखिएको अवस्थामा सो कार्यलाई कसुरजन्य कार्यबाट अलग राखि गैरअपराधीकरण वा अपराधमुक्तिकरण गर्नु हो । वास्तविक रुपमा यस प्रकृयालाई निकै जटिल रुपमा हेरिन्छ ।

## २.२ अपराधमुक्तिकरणसम्बन्धी दृष्टिकोणहरू

२.२.१ अपराधमुक्तिकरणको सम्बन्धमा फौजदारी कानुनसम्बन्धी विज्ञहरूको दुई प्रकारको दृष्टिकोण रहेको देखिन्छ ।[९] सर्वप्रथम: सङ्कुचित दृष्टिकोणबाट अपराधमुक्तिकरणको विषयलाई नियाल्दा सारवान कानुनमा नै कसुरहरू उल्लेख हुने भएकोले सारवान कानुनमा व्यवस्था भएका कसुरहरूलाई नयाँ कानुनको माध्यमबाट संशोधन गर्नाले मात्र पनि अपराधमुक्तिकरण गरिएको बुझिन्छ । दोस्रो तथा बृहत रुपमा अपराधमुक्तिकरणलाई हेर्दा भने कुनै पनि कार्यलाई कसुरजन्य कार्यको सूचीबाट नहटाई त्यस कसुरको सम्बन्धा गरिएको दण्ड, जरिबाना वा सजायलाई कार्यविधिगत वा Correctional माध्यमबाट कम गर्ने रुपमा पनि बुझिन्छ ।[१०] तसर्थ, अपराधमुक्तिकरणको उद्देश्य अवैध क्रियाकलापलाई वैधता प्रदान गर्नु नभइ कानुनको त्रुटिमा हुने सजायलाई क्षतिपूर्तिमा रूपान्तरण गरी प्रचलित कानुनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नु हो ।

---

५. देवानी तथा फौजदारी संहिता स्रोत सामग्री, २०७५, डा. श्रीप्रकाश उप्रेती, सजायसम्बन्धी सामान्य सिद्धान्त र कानुनी व्यवस्था पृष्ठ १९१

६. P.M. Bakshi, Limiting The Criminal Law, 36(2) Journal of The Indian Law Institute 147-165 (April-June 1994) [Hereinafter "P.M. Bakshi"]

७. I.d.

८. I.d.

९. I.d.

१०. I.d.

२.२.२ यस सन्दर्भमा, मानिसहरूको के कस्तो व्यवहारलाई अपराध मान्ने र के कस्तो कसुरमा के कति सजाय गर्ने भन्ने विषय समय र सामाजिक परिस्थितिअनुसार सापेक्षिक रुपमा आवश्यक्तानुसार परिवर्तन हुँदै जाने विषय हो। त्यसअनुसार कुनै समयमा अपराध नमानिएको कार्य अर्को समयमा गम्भीर अपराध पनि मानिन सक्छ भने कुनै समयमा कम गम्भीर अपराध मानेर कम सजाय गरिने कार्यलाई अर्को समयमा बढी गम्भीर मानी बढी सजायको व्यवस्था समेत गर्न सकिने हुन्छ।[११]

२.२.३ आपराधिक दायित्व आरोपित गर्न mens rea (दुर्भावनापूर्ण/आपराधिक अभिप्राय) ले महत्वपूर्ण भूमिका खेल्छ। त्यसैले, लापरवाही वा अनजानमा भएको भुलसँग जालसाज थियो कि थिएन त्यसको तुलना गरेर विभिन्न ऐनमा फौजदारी कसुर मानिएका आचारणलाई गैरफौजदारीकरण गर्न सकिन्छ। आपराधिक कानुनको प्रयोग, पर्याप्त गलत आचरण भएमा व्यक्तिहरूलाई दण्ड दिन मात्र प्रयोग गरिनुपर्दछ। कुनै पनि कार्य फौजदारी कसुर हो कि होइन भन्ने निर्धारण गर्दा, उक्त कार्यको गम्भीरता, त्यसबाट उत्पन्न दण्डनीय परिणाम, र उक्त कार्य मनसाय पूर्वक गरिएको हो वा लापरवाही वा अनजानमा भएको भुल हो भन्ने कुराको समीक्षा गर्नुपर्दछ। यस प्रकार, अपराधमुक्तिकरणको निर्णय गर्दा कानुनी, सामाजिक, र नैतिक पक्षहरूलाई सन्तुलितरूपमा समेट्न आवश्यक छ।

## २.३ कानुनअन्तर्गत सिर्जना हुने दायित्वहरू र सो को विशेषता

२.३.१ कुनै पनि मुलुकको न्यायिक प्रणालीले मुख्यतः कानुनी दायित्वहरूलाई देवानी (Civil) दायित्व र फौजदारी (Criminal) दायित्व मा विभाजन गरेको पाइन्छ। यसको अतिरिक्त दुष्कृति सम्बन्धि दायित्व पनि हुने गरेको पाइन्छ। देवानी (Civil) दायित्व र फौजदारी (Criminal) दायित्व कुनै पनि कानुनी प्रणालीको आधारभूत स्तम्भको रुपमा रहेका हुन्छन्। तर, कानुनी दायित्वहरूको बहन गर्ने गराउने कार्यविधि, दायित्व बहनको उद्देश्य र कानुनी दायित्व बहन गर्दा उत्पन्न हुने परिणामपूर्णतः भिन्न हुन्छन्।

### फौजदारी (Criminal) दायित्वको अर्थ र विशेषता

२.३.२ फौजदारी दायित्व भन्नाले फौजदारी मुद्दाअन्तर्गत बहन गर्नुपर्ने दायित्व हो। मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा २ (ठ) मा "फौजदारी मुद्दा भन्नाले अनुसूची-१, अनुसूची-२, अनुसूची-३ वा अनुसूची-४ अन्तर्गतका कसुरसम्बन्धी मुद्दा सम्झनु पर्छ र सो शब्दले देहायको विषय बाहेक अन्य मुद्दा समेतलाई जनाउँछः- कानुनी हक, हैसियत, पद, पारिवारिक सम्बन्ध वा सम्पत्तिसम्बन्धी मुद्दा, नाता कायम वा सम्बन्ध विच्छेद, दस्तुर, पारिश्रमिक, तलब, भत्ता वा ज्याला, अंश, अपुताली, दान बकस, इच्छापत्र, संरक्षक, माथवर, मातृक, पैत्रिक, अख्तियारी, धर्मपुत्र वा धर्मपुत्री, कुनै करार, अर्द्ध-करार वा अनुचित सम्वृद्धिअन्तर्गतको कुनै हक दाबी, दुष्कृति, अर्द्ध-दुष्कृति वा त्रुटिपूर्ण उत्पादनसम्बन्धी हक वा दाबी, सुविधाभार, क्षतिपूर्ति, वा देवानी प्रकृतिको अन्य कुनै हक वा दायित्व" भनि परिभाषित गरिएको छ।

२.३.३ कानुनको मान्य सिद्धान्तबमोजिम पनि कुनै व्यक्तिले कानुनले निषेध गरेको कार्य गरेमा वा नगर्नुपर्ने कार्य नगरेमा फौजदारी दायित्व सिर्जना हुने अवस्था आकर्षित हुन्छ। फौजदारी दायित्व बहनको प्रमुख उद्देश्य मुलुकमा कानुन तथा व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न, विभिन्न धार्मिक तथा सांस्कृतिक समुदायबिचको सुसम्बन्ध तथा शान्ति कायम गर्न, फौजदारी कसुर निवारण र नियन्त्रण गर्ने देखिन्छ।[१२] फौजदारी कानुनको उल्लङ्घनले राज्य वा सरकारलाई प्रत्यक्षरूपमा असर गरेको हुन्छ। फौजदारी दायित्वका प्रमुख विशेषताहरू निम्नबमोजिम रहेका छन्

१. फौजदारी अपराधमा दोषी ठहरिएमा कैद, जरिबाना, वा दुवै सजाय हुने गरी कानुनी व्यवस्था रहेको छ।

२. अपराध प्रमाणित हुन शङ्का रहित तवरले (beyond a reasonable doubt) दोषी देखिनुपर्छ।

३. फौजदारी मुद्दामा राज्य अभियोजनकर्ताकोरूपमा रहेको हुन्छ।

४. कसुर प्रमाणित हुनको निमित्त कसुरदारको नियत (guilty mind) वा उद्देश्य (criminal intent) हुनु आवश्यक हुन्छ।

---

११. अधिवक्ता रत्नबहादुर बागचन्दसमेतविरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प २०६२, अङ्क २, नि.नं ७४९१)

१२. मुलुकी अपराध संहिता २०७४, प्रस्तावना

### देवानी (Civil) दायित्वको अर्थ र विशेषता

२.३.४ देवानी दायित्व भन्नाले देवानी मुद्दाअन्तर्गत बहन गर्नुपर्ने दायित्व हो । मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा २ (घ) मा “देवानी मुद्दा भन्नाले कानुन बमोजिम फौजदारी मुद्दाकोरूपमा परिभाषित गरिए बाहेकका कानुनी हक, दायित्व, हैसियत. पद, पारिवारिक सम्बन्ध वा सम्पत्ति सम्बन्धी मुद्दा सम्झनु पर्छ र सो शब्दले देहायको विषय र सोसंग सम्बन्धित मुद्दा समेतलाई जनाउँछ :- नाता कायम वा सम्बन्ध विच्छेद, दस्तुर, पारिश्रमिक, तलब, भत्ता वा ज्याला, अंश, अपुताली, दान बकस, संरक्षक, माथवर, मातृक तथा पैत्रिक अख्तियारी, धर्मपुत्र वा धर्मपुत्री, कुनै करार, अर्घकरार वा अनुचित सम्वृद्धि अन्तर्गतको कुनै हक वा दाबी, दुष्कृति, अर्धदुष्कृति वा त्रुटिपूर्ण उत्पादनसम्बन्धी हक वा दाबी, सुविधाभार, क्षतिपूर्ति, देवानी प्रकृतिको अन्य कुनै विषय” भनि परिभाषित गरिएको छ ।

२.३.५ कानुनको मानय सिद्धान्तबमोजिम समेत देवानी दायित्व भनेको कुनै व्यक्तिले अर्को व्यक्तिलाई हानि वा क्षति पुऱ्याएमा उत्पन्न हुने कानुनी दायित्व हो । देवानी दायित्व बहनको प्रमुख उद्देश्य मुलुकमा कानुन र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवं आर्थिक हित कायम राख्न तथा आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध कायम राख्ने देखिन्छ ।[१३] यसको उद्देश्य पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनु हो दोषीलाई कैद सजाय दिनु होइन । देवानी दायित्वका प्रमुख विशेषताहरू निम्नबमोजिम उल्लेख भएका छन् :

१. देवानी मुद्दा मुख्यरूपमा दुई निजी पक्षहरू (व्यक्ति वा संस्था) बीचको विवाद हो ।
२. व्यक्ती व्यक्ती बिचको विवादमा दोषी ठहरिएको पक्षले पीडितलाई आर्थिक वा अन्य प्रकारको क्षतिपूर्ति दिलाउनु भराउनु पर्छ ।
३. देवानी मुद्दा प्रमाणित गर्न विश्वसनीय प्रमाण वा प्रमाणको प्राधान्य (Preponderance of Evidence) पर्याप्त हुन्छ ।
४. देवानी मुद्दामा दोषी ठहरिन नियत (Mens Rea) को अनिवार्यता हुँदैन ।

## २.४ सजाय निर्धारणको सैद्धान्तिक अवधारणा

२.४.१ दण्ड सजायको विषय विधायिकी कानुनको विषय मानिन्छ । कस्तो कसुरमा के कति सजायको कानुनी व्यवस्था गर्ने भन्ने कुरा पनि विधायिकाको विषय हो । विधायिकाले समय र आवश्यकताअनुसार कसुरमा हुने सजायमा परिवर्तन गर्न सक्छ । दण्ड सजाय समाजको अपराधप्रतिको धारणा र राज्यको अपराध नियन्त्रण गर्ने फौजदारी कानुनअनुसार निर्धारण हुन्छ । कुनै पनि अपराधिक क्रियाकलापलाई समाज र राज्यले हेर्ने दृष्टिकोणमा दण्डको प्रकृति र मात्रा प्रतिविम्बित हुन्छ ।[१४] कसुर र सजायको व्यवस्था समाजको विकास र राज्यको दण्ड नीतिअनुसार परिवर्तित हुँदै जान्छन् र विधायिकाले कसुर र सजायको व्यवस्था कानुनमा गर्दै जान्छ ।[१५] कसुरदारलाई सजाय गर्नु केवल सजायका लागि नभइ कुनै खास उद्देश्य हासिल गर्नका लागि सजाय गर्ने गरिन्छ । यदि कम सजायले नै सो उद्देश्य प्राप्त हुन्छ भने अनावश्यक रुपमा बढी सजाय गर्नु हुँदैन । आवश्यकभन्दा बढी सजाय गर्नाले कसुरदारमा न्याय र व्यवस्था प्रति असन्तोष पैदा गर्दछ र यसले निजमा राज्य र समाजप्रति सम्मानको भावनाभन्दा घृणा र द्वेषको भावना जगाउँछ जसको परिणामस्वरुप राज्य र समाजप्रति प्रतिक्रिया जनाउने उपायको रुपमा पुनः अपराधिक क्रियाकलापमा संलग्न हुन्छ ।[१६] यसर्थ, दण्ड सजायको प्रणालीमा समयानुकुल परिवर्तन गरी कसुरदारले गरेको आपराधिक कार्यको दोषको मात्रा र अपराधका गम्भीरतालाई आधार मानेर सोको समानुपातिक सजाय निर्धारण गरिनुपर्दछ ।

२.४.२ हाल नेपालमा दण्ड सजाय निर्धारण मुलतः दुई प्रकारबाट हुँदै आएको देखिन्छ । सर्वप्रथम विधियकाले नै कुनै कसुरको समबधमा सजायको मात्रा किटान गरी तोकिदिएकोमा अदालतबाट सोहि अनुरुप सजाय गरिन्छ । त्यसैगरी विधायिकाले अपराधिक कार्यमा यतिसम्म वा यतिदेखि यतिसम्म भनि उल्लेख गरेकोमा सजाय गर्ने अदालतबाट विधायिकाले दिएको सिमित स्वविवेकिय अधिकारभित्र रहि दण्ड सजाय निर्धारण हुन्छ ।

२.४.३ अतः अपराधको दण्डनीय परिणाम अपराधको गम्भीरतासँग मिल्दोजुल्दो हुनुपर्छ र अपराध/उल्लङ्घन गरेको गम्भीरता र तोकिएको सजायको गम्भीरताबीच सन्तुलन कायम भएको हुनुपर्दछ । फौजदारी कसुरमा कसुरदारको दोषीपना र पीडितलाई भएको हानिनोक्सानी अनुरूप उपयुक्त सजाय निर्धारण गरिनु आवश्यक हुन्छ । फौजदारी कसुरमा कसुरदार ठहरेका व्यक्तिहरूलाई उचित र संगतिपूर्ण सजाय एवम् सजाय निर्धारणमा समानुपातिकता र एकरूपता कायम गरी सार्वजनिक सुरक्षा सुनिश्चित गर्नुपर्दछ ।

---

१३. मुलुकी देवानी संहिता २०७४, प्रस्तावना
१४. सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारीसम्बन्धी मार्गदर्शन, २०७६, पृष्ठ १
१५. सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारीसम्बन्धी मार्गदर्शन, २०७६, पृष्ठ ८
१६. रा.न्या.प्र. (२०७०), फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७, दफावार व्याख्यात्मक टिप्पणी, नेपाल, पृ २९

## २.५ वाणिज्य कानुनको अपराधमुक्तिकरणको आवश्यकता

२.५.१ हाल विश्वका अधिकांश मुलुकहरूले व्यवसायहरू, व्यवसायीहरू, र उपभोक्ताहरूको हक हित रक्षा गरी समग्र अर्थतन्त्रको सुरक्षा गर्ने उद्देश्यले वाणिज्यसम्बन्धी क्रियाकलापलाई नियमन गरिरहेका छन् । सामान्यतया प्रतिस्पर्धा, बौद्धिक सम्पत्तीको संरक्षण, श्रमिकहरूको हक तथा अधिकार, अन्तरराष्ट्रिय व्यापार, वातावरण लगायत अन्य क्षेत्रहरू सरकारबाट नियमन हुने गरेका छन् । नियमन गर्नको निमित्त निर्माण भएका कानुनहरूको उद्देश्य कानुनको अनुपालनामा हुने सामान्य त्रुटि तथा व्यक्ती समाज वा वातावरणलाई हानी नगर्ने क्रियाकलापहरूलाई आपराधिक प्रावधानहरूद्वारा दण्डित गरी व्यवसाय र व्यवसायीहरूमा डर र अनिश्चितताको वातावरण सिर्जना गर्नु हुँदैन । त्यसै कारणले लगानी मैत्री वातावरण सिर्जना गरी व्यवसायलाई नियमन गर्न तर्जुमा भएका पुराना ऐन तथा कानुनहरूलाई परिमार्जन तथा संशोधन गर्नु अपरिहार्य रहेको छ ।

२.५.२ यसै सन्दर्भमा अराधमुक्तीकरणको आवश्यकता निम्नबमोजिम रहेको भनि पहिचान भएको छ:[१७]

१. ठगी गर्ने मनसाय वा बदनियत भएमा मात्रै वाणिज्य कानुनहरूमा आपराधिक प्रावधानहरू हुन आवश्यक भएकोले,

२. अपराधमुक्तिकरणले व्यवसाय गर्न सरलता र सकारात्मक प्रभाव गर्ने हुनाले,

३. अपराधमुक्तिकरणले विदेशी लगानीलाई प्रवर्द्धन गर्ने भएकोले,

४. अराधमुक्तीकरण नभएमा विशेषज्ञहरूले कम्पनीहरूमा सञ्चालकको रुपमा सहभागि नहुने जसको कारण कम्पनीहरूपूर्ण रुपमा सञ्चालन नहुने भएकोले,

५. वाणिज्यसम्बन्धी क्रियाकलापहरूको अराधमुक्तकरणले अदालतमा दायर हुने मुद्दा मामिलाको बढ्धो चाप कम गर्ने भएकोले ।

२.५.३ Brent Fisse द्वारा लेखिएको RECONSTRUCTING CORPORATE CRIMINAL LAWM DETERRENCE, RETRIBUTION, FAULT, AND SANCTIONS मा वाणिज्यसम्बन्धी क्रियाकलापहरूको अराधमुक्तीकरणको निम्न चारवटा आधारहरू उल्लेख भएको छ:[१८]

1. The goal of deterrence does not imply the need for criminal as well as civil corporate liability;
2. Retribution is an illegitimate or insignificant justification for punishing corporations;
3. Fault cannot be attributed to corporations on a genuinely corporate and workable basis; and
4. It is not possible to punish corporations in a just and effective way.

२.५.४ उल्लेखित आधारहरूको विश्लेषण गर्दा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधमुक्तिकरण गर्नुको पहिलो कारणको रुपमा वाणिज्यसम्बन्धी क्रियाकलापहरूमा कैद सजाय र जरिबाना दुबै आवश्यक नपर्ने तथ्यलाई लिइन्छ । यसर्थ, वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई नियमन गर्न जरिबाना नै पर्याप्त सजाय हुन्छ । त्यसैगरि, व्यवसाय वा व्यवसायी उपर प्रतिशोधको आधारमा कैद सजाय गर्ने व्यस्थाहरू अवैध र औचित्यहिन हुने भएकोले सोले कानुनी आधार समावेश नगर्ने हुँदा स्पष्ट आधार र कारण बिना व्यवस्था गरिएको कैद सजायको औचित्य पुष्टि हुन सक्दैन । नितान्त वाणिज्यसम्बन्धी क्रियाकलाप संचालनको सम्बन्धमा व्यवसायलाई दोषि करार गर्न नहुने हुँदा व्यवसायहरूलाई न्यायसंगत रुपमा सजाय समेत गर्न सकिँदैन ।

२.५.५ वाणिज्यसम्बन्धी क्रियाकलापहरूको लागी प्रचलित कानुनहरूमा व्यवस्था भएको कैद सजायलाई जरिबानामा सिमित गर्नु पर्छ । वाणिज्यसम्बन्धी क्रियाकलापहरू विशुद्धरूपमा वित्तीय प्रकृतिको हुने हुनाले यसलाई नियमन गर्न जरिबाना नै पर्याप्त हुन्छ । [१९] यसबाहेक, एक पटकभन्दा बढी सोहि प्रकृतिको कार्य गर्ने व्यक्तिहरूलाई पटकै पिच्छे थप जरिबाना गर्ने गरी कानुनमा नै व्यवस्था समेत गर्न सकिन्छ ।

---

१७. Confederation Of Indian Industry, Decriminalization of Business and Economic Legislation 6 (2020) .

१८. Brent Fisse, Reconstructing Corporate Criminal Law: Deterrence, Retribution, Fault, And Sanctions, 56(6) SOUTHERN CALIFORNIA LAW REVIEIW 1141-1246, 1244 (1983)

१९. Developments in The Law—Corporate Crime: Regulating Corporate Behavior Through Criminal Sanctions, 92 Harv . L . Rev . 1227, 1365-75 (1979)

२.५.६ अब नेपालाको सन्दर्भमा विश्लेषण गर्नु पर्दा अराधमुक्तीकरणको आवश्यकता निम्नबमोजिम रहेको छः

**२.५.६.१ ठगी गर्ने मनसाय वा बदनियत भएमा मात्रै वाणिज्य कानुनहरूमा आपराधिक प्रावधानहरू हुन आवश्यक भएकोले**

२.५.६.१.१ नेपालको वाणिज्य सम्बन्धि कानुनी संरचनामा धेरै अवस्थामा व्यापारिक क्रियाकलापहरूलाई आपराधिक कार्य वा कसुरको दृष्टिकोणबाट हेरिने गरेको पाइन्छ। यद्यपि, यदि कुनै व्यक्ति वा व्यवसायीको ठगी गर्ने मनसाय वा बदनियत छैन भने व्यापारिक विवादलाई आपराधिक कार्यको रुपमा परिभाषित गर्नु उपयुक्त हुँदैन।

२.५.६.१.२ ठगी गर्ने मनसाय वा बदनियत राखी वा जालसाज देखिने गरी गरिएका व्यापारिक कार्यहरूलाई आपराधिक कार्यको रुपमा राखि सो को लागि विधायिकाकले तर्जुमा गरेको प्रचलित कानुनअनुसार सजाय गरिने गरिएको छ। तर, व्यवसायिक क्रियाकलापहरूमा ठगी, जालसाज वा बदनियतपूर्ण कार्यको अभाव हुने हुँदा यस प्रकारको कार्यहरूलाई अपराधिक कसुरको संज्ञा दिनु उचित हुँदैन। व्यवसायिक विवादहरूलाई आपराधिक दृषटिकोणबाट हटाएर केवल ठगी गर्ने अभिप्राय, जालसाज वा बदनियतयुक्त व्यापारिक कार्यहरूलाई मात्र कानुनअन्तर्गत कैद सजायको व्यवस्था गरिनु पर्दछ।

२.५.६.१.३ अन्ततः ठगी, जालसाजी वा बदनियत विद्यमान नहुने वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधमुक्तिकरण गरीएमा व्यापारिक वातावरण लचिलो, व्यवसायमैत्री र प्रगतिशील हुन्छ जसले दीर्घकालीनरूपमा नेपालको आर्थिक समृद्धिमा योगदान पुर्याउँछ।

**२.५.६.२ वाणिज्यसम्बन्धी क्रियाकलापलाई नियमन गर्न जरिबाना नै पर्याप्त सजाय हुने**

२.५.६.२.१ नेपालमा वाणिज्यसम्बन्धी क्रियाकलापलाई नियमन गर्न प्रचलित कानुनी व्यवस्थाहरूमा बिगोबमोजिम जरिबाना तथा कैद सजाय वा दुवै सजायको व्यवस्था गरिएको छ। यद्यपि, वाणिज्यसम्बन्धी क्रियाकलापको संचालनमा हुने कार्यविधिगत त्रुटि वा व्यक्ती, समाज र वातावरणलाई प्रत्यक्ष रुपमा हानी नोक्सानी नपुर्याउने कार्यहरूलाई कैद सजाय सम्मको सजाय गरिनु न्यायसंगत हुँदैन। तसर्थ, व्यक्ती, समाज र वातावरणलाई प्रत्यक्ष रुपमा हानी नोक्सानी नपुर्याउने वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई कैद सजायको दायराबाट हटाई केवाल जरिबाना हुने कसुरको रुपमा राखिनु उचित हुन्छ। साथै, वाणिज्यसम्बन्धी क्रियाकलाप संचालनको संबन्धमा हुने कार्यविधिगत त्रुटिहरूलाई "कसुर जन्य कार्य" बाट हटाईनु पर्ने देखिन्छ।

२.५.६.२.२ वाणिज्यसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा हुने कार्यविधिगत त्रुटीहरूका लागि व्यवसायीहरूलाई कैद सजाय गरिने भएमा व्यवसायीहरू आर्थिक जोखिमको सामना गर्न प्रोत्साहित हुँदैनन् र सो को कारण व्यवसाय विस्तार र नवप्रवर्तनको सम्भावना घट्न सक्छ। यस्तो अवस्थामा, वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधमुक्तिकरण गरी जरिबाना जस्तो नरम र व्यापारमैत्री सजाय लागू गर्नाले व्यवसायीलाई कानुनी प्रक्रियाबाट नडराई आफ्ना वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई सुधार गर्न र व्यापार वृद्धिको दिशा तर्फ अघि बढ्न प्रेरित गर्छ। जरिबानालाई उपयुक्त र पर्याप्त सजायकोरूपमा प्रयोग गरिएमा व्यापारको प्रवृत्ति अधिक सकारात्मक र विकासमुखी बन्ने र यसले नेपालको व्यापारिक वातावरणमा प्रतिस्पर्धा वृद्धि गर्नेछ। यसर्थ वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधमुक्तिकरण गरी जरिबानालाई पर्याप्त सजायको रूपमा अपनाउँदा नेपालको आर्थिक विकासमा ठूलो योगदान पुग्न सक्छ।

**२.५.६.३ व्यवसाय वा व्यवसायी उपर प्रतिशोधको आधारमा कैद सजाय गर्ने व्यवस्थाहरू अवैध र औचित्यहीन हुने भएकोले**

२.५.६.३.१ यदि कुनै व्यवसायीले व्यापारिक विवादलाई व्यक्तिगत रुपमा लिन्छ र त्यसको आधारमा कानुनी प्रावधानहरूको दुरुपयोग गर्दै प्रतिशोध लिन्छ भने त्यसले वास्तविक व्यापारिक विवादहरूलाई "falsify" गर्छ र व्यवसायको वास्तविक समस्याको समाधानमा ध्यान दिनुको सट्टा अनावश्यक कानुनी विवादहरू उत्पन्न गर्दछ। यसले व्यापारिक वातावरणलाई अस्थिर र जोखिमपूर्ण बनाउँछ जसको कारण व्यापारको विकासमा प्रत्यक्ष असर पर्छ।

२.५.६.३.२ यसले व्यापारिक प्रक्रियामा विश्वासको अभाव सिर्जना गर्छ र व्यवसायीहरूको स्वतन्त्रता र प्रतिस्पर्धात्मकतामा ह्रास मात्रै ल्याउँछ। यसले व्यवसायिक गतिविधिहरूमा अनावश्यक कानुनी विवाद र डर उत्पन्न गर्छ

जसले गर्दा नवप्रवर्तन र लगानीको प्रोत्साहनमा ठूलो नकरात्मक असर पर्छ। त्यसैले, प्रतिशोधको आधारमा व्यापारिक मुद्दाहरूको अपराधिक कारबाहीलाई दुरुत्साहन गर्न र व्यवसायिक समस्याहरूलाई न्यायपूर्ण र निष्पक्ष तरिकाले समाधान गर्न वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधमुक्तिकरण गर्नु पर्ने देखिन्छ।

**२.५.६.४ आर्थिक सुधार र लगानीमैत्री वातावरण सृजना गर्नः**

२.५.६.४.१ मुलुकमा आर्थिक विकास र लगानीमैत्री वातावरण निर्माण गर्नका लागि वाणिज्यसम्बन्धी कानुनहरूको अपराधीकरण हटाउनु अत्यावश्यक रहेको देखिन्छ। हाल नेपालमा वाणिज्यसम्बन्धी क्रियाकलापहरूको गतिविधिहरूमा देखिने अनावश्यक अपराधीकरणले लगानीकर्ताहरूलाई निरुत्साहित बनाउँदै आएको छ। यो मुलुकको आर्थिक वृद्धिका लागि ठुलो अवरोधको रुपमा रहेको छ। विशेषगरी, वित्तीय विवाद, करसम्बन्धी साना त्रुटिहरू, तथा चेक बाउन्स जस्ता विषयहरूलाई आपराधिक कसुरका रुपमा परिभाषित गर्नु गलत हो किनभने यस्ता विषयहरूलाई कानुनीरूपमा आर्थिक विवादकैरूपमा समाधान गर्न सकिन्छ। अन्तर्राष्ट्रियरूपमा व्यवसायमैत्री कानुनी प्रणाली भएका देशहरूमा यस्ता मामिलाहरूलाई देवानी विवाद (civil disputes) का रूपमा समाधान गरिन्छ जसले गर्दा व्यवसायीलाई नवप्रवर्तन (innovation) तथा आर्थिक वृद्धिमा केन्द्रित हुन मद्दत गर्छ।

२.५.६.४.२ अपराधीकरणको अर्को गम्भीर नकारात्मक असर भनेको व्यवसाय सञ्चालनलाई अनावश्यकरूपमा कठोर बनाउनु हो। यदि व्यापार व्यवसाय सञ्चालन गर्दा हुने साना तिना कार्यविधिगत त्रुटिहरूलाई अपराधकि कसुरको संज्ञा दिइयो भने व्यवसायीहरूले नवीन व्यावसायिक मोडेल, प्रविधि, वा सेवा अपनाउने हिम्मत गर्दैनन् र त्यसको फल स्वरुप नवप्रवर्तन र उद्यमशीलता (entrepreneurship) को गति कम हुने सम्भावना प्रचल हुन्छ। कानुनी प्रक्रिया सहज बनाउन र व्यावसायिक गल्तीहरूलाई प्रशासनिक वा देवानी विवाद (civil disputes) प्रक्रियामार्फत समाधान नगरिएमा व्यवसायीहरूलाई कैद सजाय हुने डर हुने, लगानीकर्ताहरू असुरक्षित हुने, र नवप्रवर्तनको ह्रास हुने निश्चित छ। यसको कारण नेपालको आर्थिक वृद्धिलाई समग्र रुपमा कमजोर असर पर्नेछ। त्यसैले, नेपालले वाणिज्यसम्बन्धी क्रियाकलापजन्य कानुनी विवादहरूलाई आपराधिक नभइ आर्थिक तथा देवानी विवादकारूपमा हेरिने नीति तथा कानुन मुलुकले अवलम्बन गर्नु अपरिहार्य रहेको छ। लगानीकर्ताहरूलाई नेपालमै पूँजी लगानी गर्न प्रोत्साहन गर्न र दीर्घकालीनरूपमा देशको आर्थिक समृद्धिमा टेवा पुर्याउन अपराधमुक्तिकरण अत्यावश्यक रहेको छ।

**२.५.६.५ विदेशी तथा स्वदेशी लगानी बढाउन**

२.५.६.५.१ विदेशी तथा स्वदेशी लगानी प्रवर्द्धन गर्न व्यवसायमैत्री कानुनी वातावरण आवश्यक हुन्छ। यदि कानुनी व्यवस्थाहरू अत्यधिक कठोर भएमा लगानीकर्ताहरू व्यवसायीलाई आर्थिक सहयोग गर्न हिच्किचाउँछन्। नेपालमा विशेष गरी चेक बाउन्ससम्बन्धी कानुन एउटा प्रमुख अवरोधकारूपमा देखिएको छ। अन्य देशहरूमा चेक बाउन्सलाई देवानी कानुन (civil law) अन्तर्गत आर्थिक विवादकोरूपमा हेरिन्छ, तर नेपालमा भने अझै पनि यसलाई आपराधिक कसुरको रुपमा समेत हेरिने गरिएको छ। यसको अर्थ, कुनै व्यवसायीले अस्थायी वित्तीय समस्याका कारण समयमै भुक्तानी गर्न नसक्दा त्यस्तो चेकलाई कानुनबमोजिम बाउन्स गरी उसलाई कैद सजाय सम्म हुन सक्ने प्रवल सम्भावना रहन्छ। यस्तो कानुनी जोखिमले गर्दा लगानीकर्ताहरू सतर्क हुने र व्यवसायीहरूमाथि भरोसा गर्न गाह्रो हुने हुँदा लगानीकर्ताहरू नेपालमा लगानी गर्न अनिच्छुक हुन्छन्। यदि नेपालले वाणिज्य कानुनको अपराधमुक्तिकरण नगरेमा स्वदेशी उद्यमशीलता कमजोर हुँदै जानेछ र विदेशी लगानी नेपालमा प्रवाह हुने सम्भावना न्यून हुनेछ। यसरी, वाणिज्य कानुनको अपराधमुक्तिकरणले आर्थिक गतिविधिलाई गति दिने तथा नेपाललाई व्यापारमैत्री देश बनाउन मद्दत पुर्याउँछ।

**२.५.६.६ उद्यमशीलताको प्रवर्द्धन गर्न**

२.५.६.६.१ उद्यमशीलता भन्नाले नयाँ व्यवसाय, स्टार्टअप, वा आर्थिक अवसरहरू सिर्जना गर्ने प्रक्रियालाई बुझिन्छ। उद्यमशीलताले आर्थिक वृद्धि, रोजगारी सिर्जना, नवप्रवर्तन (Innovation), तथा सामाजिक समृद्धिमा ठूलो योगदान पुऱ्याउँछ। नेपालमा, उद्यमशीलताको सम्भावना अत्यधिक रहेको छ किनभने यहाँ कृषि, पर्यटन, सूचना प्रविधि, उत्पादन, सेवा, र ऊर्जा जस्ता क्षेत्रहरूमा उल्लेखनीय अवसरहरू प्रयाप्त छन्।

२.५.६.६.२ तर नेपालको प्रचलित कानुनी संरचनाले धेरै व्यापारिक क्रियाकलापलाई अपराधीकरण गरेको छ जसले उद्यमशीलता प्रवर्द्धनमा बाधा पुऱ्याइ रहेको छ । व्यापार तथा व्यवसाय सञ्चालन गर्ने व्यक्तिहरूलाई यदि कुनै सानो कार्यविधिगत त्रुटि गर्दा अपराधीक कसुरदारको करार गरिन्छ भने उनीहरू व्यवसाय खोल्नै डराउँछन् । त्यसै गरी कुनै व्यवसायीले आर्थिक मन्दी तथा व्यापार व्यवसाय ठप्प भएको कारणले कर्जा तिर्न ढिलो गरेमा उनिहरूलाई आपराधिक मुद्दा लगाइएमा उद्यमशीलताको भावना र सम्भाव्यता दबिदैँ जाने प्रबल सम्भावना रहन्छ । नेपालमा कृषि, पर्यटन, सूचना प्रविधि, उत्पादन, सेवा, र ऊर्जा जस्ता क्षेत्रहरूमा उल्लेखनीय अवसरहरू प्रयाप्त रहेको कारणले यस क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन गर्न वाणिज्य कानुनको अपराधमुक्तिकरण अत्यावश्यक रहेको छ ।

### २.५.६.७ नवप्रवर्तन (Innovation) लाई प्रोत्साहन गर्न

२.५.६.७.१ नवप्रवर्तन (Innovation) कुनै पनि देशको आर्थिक तथा औद्योगिक विकासको प्रमुख आधार हो । यसले नयाँ प्रविधिहरू, उत्पादनहरू, तथा सेवाहरू सिर्जना गर्न मद्दत गर्दछ । कुनै पनि व्यवसायले प्रतिस्पर्धात्मक लाभ लिन र दीर्घकालसम्म टिक्न नवप्रवर्तन आवश्यक हुन्छ । तर, नेपालको प्रचलित वाणिज्यसम्बन्धी कानुनी संरचना अत्यधिक कठोर तथा जटिल भएकाले नवप्रवर्तनमैत्री वातावरण कमजोर रहेको छ ।

२.५.६.७.१ कानुनी जटिलता तथा अपराधीकरणको कारण व्यवसायीहरू नयाँ सोचको प्रयोग गर्न डराउँछन् । यदि कुनै नयाँ प्रविधि, सेवा, वा वित्तीय प्रणाली सुरु गर्दा कानुनी प्रक्रिया अत्यधिक अप्ठ्यारो र अपराधीकरण गरियो भने नवप्रवर्तनको सम्भावना नै समाप्त हुन्छ । त्यस्तै गरी यदि कुनै व्यवसायीले बाहिरी मुलुकबाट नयाँ प्रविधि, प्रविधिगत उत्पादन, वा नवीन व्यावसायिक मोडेल भित्र्याउन खोज्दा कानुनी अवरोध खडा गरियो भने नवप्रवर्तनमैत्री वातावरण नष्ट हुन्छ । नेपाल जस्तो विकासशील देशमा नयाँ प्रविधि, स्टार्टअप, तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्न कानुनी बाधाहरू हटाउनु जरुरी छ । यदि वाणिज्य कानुनको अपराधमुक्तिकरण गरियो भने, व्यवसायीहरू खुलारूपमा नवीन विचारहरू प्रयोग गर्न सक्छन् जसले देशको औद्योगिक तथा प्रविधिगत विकासमा उल्लेखनीय योगदान पुग्नेछ । त्यसैले, नवप्रवर्तन (Innovation) लाई सशक्त बनाउनका लागि व्यवसायसम्बन्धी कानुनी सुधार र अपराधमुक्तिकरण अत्यावश्यक छ ।

### २.५.६.८ रोजगारी सिर्जना गर्न

२.५.६.८.१ नेपालमा व्यावसायिक वातावरण सहज नभएसम्म पर्याप्त मात्रामा रोजगारी सिर्जना हुन सक्दैन । यसको प्रमुख बाधकमध्ये एक अनावश्यक अपराधीकरण हो । व्यवसायीहरू रोजगारदाताहरू हुन् जसले नयाँ अवसरहरू सिर्जना गर्छन् । तर,यदि व्यवसाय सञ्चालन गर्दा कानुनी जोखिम अत्यधिक रह्यो भने नयाँ व्यवसाय खोल्न, विस्तार गर्न, वा लगानी बढाउन व्यवसायीहरूले हिम्मत गर्दैनन् । नेपालमा वाणिज्यसम्बन्धी क्रियाकलापजन्य वित्तीय विवाद, करसम्बन्धी त्रुटिहरू, चेक बाउन्स, कर्जासम्बन्धी समस्याहरू जस्ता विषयहरूमा व्यवसायीहरूलाई आपराधिक अभियोग लगाउने गरेको पाइन्छ जसले व्यवसाय खोल्न खोज्नेहरूलाई नै निरुत्साहित गर्दछ ।

२.५.६.८.२ विशेषगरी, व्यवसाय सञ्चालन गर्दा हुने साना-तिना कार्यविधिगत त्रुटिहरूमा समेत व्यवसायीहरूलाई कैद सजाय हुने भएमा कोही पनि ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने व्यवसाय खोल्न चाहँदैन । सो अवस्था साना तथा मझौला उद्यम (SMEs) का लागि अझ भयावह रहेको छ । यी उद्यमहरू नेपलामा रोजगारीको महत्वपूर्ण स्रोत हुन् तर कानुनी जोखिम तथा कानुनको अनुपालनामा हुने साना तिना त्रुटिलाई समेत अपराधीकरण गरिएमा व्यवसायीहरू व्यवसाय विस्तार गर्न हिच्किचाउँछन् ।

२.५.६.८.३ रोजगारी सिर्जना गर्न नेपालले वाणिज्यसम्बन्धी क्रियाकलापजन्य मामिलाहरूलाई आपराधिक कसुरकोरूपमा नभइ आर्थिक विवादकोरूपमा समाधान गर्ने नीति तथा कानुन अवलम्बन गर्नुपर्छ । यदि वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधीकरण गरियो भने नयाँ उद्यमीहरू व्यवसाय खोल्न डराउने, साना तथा मझौला व्यवसायहरू विस्तार नहुने तथा विदेशी लगानीकर्ताहरू अन्य देशतर्फ आकर्षित हुन्छन् जसले गर्दा नेपालमा रोजगारीको अभाव झन् गहिरो बन्नेछ । त्यसैले, व्यवसाय सञ्चालनसँग सम्बन्धित अनावश्यक अपराधीकरण नहटाइएमा नेपालमा रोजगारी सिर्जना गर्ने अवसरहरू थप सङ्कुचित हुन्छ जसले दीर्घकालीनरूपमा देशको आर्थिक समृद्धिलाई नै खतरामा पार्नेछ ।

### २.५.६.९ अदालतमा दायर हुने मुद्दा मामिलाको बढ्धो चाप कम गर्ने

२.५.६.९.१ अदालतहरूमा हाल वाणिज्यसम्बन्धी क्रियाकलापहरू सम्बन्धि दायर हुने मुद्दा मामिलाको बढ्धो चाप रहेको देखिन्छ । यसले अदालतलाई प्रभावकारीरूपमा छिटो छरितो न्याय दिन असमर्थ बनाइरहेको छ । व्यापारजन्य विवादहरूको आपराधिकरणले कानुनी प्रक्रिया र न्यायालयको बोझ मात्रै बढेको छ । जब साना व्यापारिक विवादहरूलाई आपराधिक मुद्दाकोरूपमा हेरिन्छ, त्यसले न्यायालयमा अनावश्यक मुद्दाहरूको संख्या बढाउँछ र न्याय प्रदानमा गर्ने कार्य ढिलो हुने गर्दछ । यदि प्रत्येक आर्थिक वा व्यापारिक गल्तीलाई आपराधिक कसुरको रुपमा परिभाषित गरिएमा न्यायालयमा फरक प्रकारका मुद्दाहरू थपिने, न्यायको प्रभावकारिता घट्ने र न्याय प्रणालीमा नै ठूलो दबाब सिर्जना हुने गर्दछ ।

२.५.६.९.२ न्यायालयलाई प्रभावकारी बनाउने प्रमुख उपायहरूमध्ये वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधमुक्तिकरण गर्नु एक हो । जब व्यापारिक विवादहरूलाई देवानी मुद्दा र वित्तीय व्यवस्थापनकोरूपमा हेरिन्छ, तब यसले कानुनी प्रणालीमा हुने अनावश्यक भार कम गर्न मद्दत गर्छ । यसका साथै, व्यापारिक विवादहरूलाई मध्यस्थता, सम्झौता, र अन्य वैकल्पिक विवाद समाधानका उपायद्वारा समाधान गर्न सकिन्छ, जसले न्यायालयमा अनावश्यक मुद्दाहरूको संख्या घटाउँछ र कानुनी प्रक्रियालाई अधिक प्रभावकारी, पारदर्शी र द्रुत बनाउँछ । यसरी, कानुनी प्रणालीमा गहिरो सुधार ल्याउनको लागि वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधीकरणको दायराबाट बाहिर राखी देवानी विवादकारूपमा समाधान गर्न अत्यन्त आवश्यक छ ।

परिच्छेद-३

# नेपालको वाणिज्य कानुनअन्तर्गतको कानुन तथा सजायको व्यवस्थासम्बन्धी विश्लेषण

## ३.१ वाणिज्यसम्बन्धी क्रियाकलापहरूको नियमन

३.१.१ कुनै पनि मुलुकको आर्थिक प्रणालीलाई व्यवस्थित, पारदर्शी, र दिगो बनाउनका लागि व्यावसाय र वाणिज्यसम्बन्धी क्रियाकलापहरूको प्रभावकारी नियमन आवश्यक रहन्छ। विश्वका धेरै मुलुकहरूमा व्यावसायिक गतिविधिहरू अझै पनि पुराना एवम् जटिल कानुनी प्रावधानहरूद्वारा नियमन हुने गरको पाइन्छ। [२०] यस्ता कानुनी व्यवस्थाहरूले व्यवसायीक क्रियाकलाप सञ्चालनलाई अनावश्यक रूपमा जटिल बनाउने गर्दछ। यसको अतिरिक्त उद्यमशीलताको प्रवर्द्धन नगर्ने, व्यवसाय गर्ने सिलसिलामा कानुनी जोखिम उत्पन्न हुने समस्याहरू पनि समय सापेक्षिक रुपमा परिवर्तन नभएको कानुनहरूकै उपज हो। कतिपय कानुनहरू समयसापेक्ष संशोधन नगरिएकाले व्यवसाय सञ्चालन गर्दा अनावश्यक आपराधिककरण तथा कडा दण्ड सजायको व्यवस्था रहनुले निजीक्षेत्रको वृद्धि र नवप्रवर्तनमा प्रतिकूल असर पुर्याइरहेको देखिन्छ।

३.१.२ व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूको नियमनको प्रमुख उद्देश्य वाणिज्यसम्बन्धी कानुनलाई पारदर्शी र उत्तरदायी बनाइ व्यवसायलाई संचालनलाई सहज बनाउनु हो। हाल व्यवसाय संचालनको प्रकृती र व्यवसाय र समाज बीचको सम्बन्धको स्वरुप निरन्तर परिवर्तन भइ रहेको छ। तर, पुराना तथा जटिल कानुनहरूमा व्यवस्था गरिएको कठोर दण्ड सजायका कारण धेरै व्यवसायी अनावश्यक कानुनी अड्चन एवम् जोखिमसँग जुध्न बाध्य रहेका छन्। त्यसैले, व्यवसाय एवम् वाणिज्यसम्बन्धी क्रियाकलापलाई नियमन गर्ने कानुनी व्यवस्थाहरूलाई संशोधन गर्दै प्रचलित कानुनी व्यवस्थामा उल्लेख भएका केही अनावश्यक कैद सजायको व्यवस्थालाई हटाई जरिबाना हुने कसुरको रुपमा प्रतिस्थापन गर्नु वाञ्छनिय छ।

३.१.३ यसर्थ, मौजुदा कानुनी व्यवस्थाहरूलाई वर्तमान आर्थिक यथार्थसँग मेल खाने गरी समय सापेक्षिक रुपमा परिमार्जन गरेमा व्यवसाय सञ्चालन सहज हुने, वाणिज्यसम्बन्धी क्रियाकलापमा संलग्न हुँदा अवलम्बन गर्नु पर्ने कानुनी प्रक्रियाहरूलाई सरल हुने र डिजिटल प्रविधिको उपयोग समेत बढ्ने देखिन्छ।[२१] यसका साथै, वाणिज्यक क्रियाकलापहरूलाई नियमन गर्ने कानुनहरूको सुधार गर्दा व्यवसायी, उपभोक्ता, श्रमिक, र सरकारबीच सहकार्यको आवश्यक पर्दछ। कानुनी सुधारले आर्थिक विकासलाई प्रवर्द्धन गर्ने, नवप्रवर्तनलाई प्रोत्साहन गर्ने, र स्वस्थ प्रतिस्पर्धालाई सुनिश्चित गर्ने भूमिका समेत खेल्दछ। साथै, दण्डात्मकभन्दा प्रोत्साहनमुखी नीति अवलम्बन गर्न सकेमा मुलुकको आर्थिक समृद्धिमा निजीक्षेत्रको योगदान अझ प्रभावकारी हुनेछ। त्यसैले, पुराना र कठोर कानुनी प्रावधानहरूलाई पुनरावलोकन गर्दै आधुनिक, व्यावहारिक, र व्यवसायमैत्री कानुनी संरचना विकास गर्नु अपरिहार्य देखिन्छ।

## ३.२ कानुनमा रहेको दोहोरोपना (Overlapping Clause)

३.२.१ कानुनमा रहेको दोहोरोपना भन्नाले कुनै एउटै विषयवस्तुलाई दुई वा सोभन्दा बढी कानुन वा ऐन वा नियमावलीले सम्बोधन गर्दा उत्पन्न हुने स्थितिलाई जनाउँछ। सम्बोधन गर्ने बीच देखापर्ने अस्पष्टता वा पुनरावृत्तिलाई जनाउँछ। जब एउटै कानुनी विषयवस्तु फरक-फरक कानुनहरूमा समेटिन्छ वा एउटै ऐन वा नियमावलीभित्र दुई वा बढी प्रावधानहरूले उही विषयलाई नियमन गर्छन्, त्यसले कानुनी अन्योलता सिर्जना गर्छ। यसरी एउटै बिषयवस्तु वा समान प्रकृतिको व्यवस्था भिन्न कानुनमा गरिंदा एकातिर राज्यको स्रोत साधन तथा लगानीको सहि उपयोग हुन नसक्ने देखिन्छ भने अर्को तर्फ आम नागरिक र कानुन कार्यान्वयन गर्ने निकाय वा व्यक्तिलाई समेत अन्योलताको अवस्था सिर्जना हुन जान्छ। साथै कतिपय अवस्थामा त्यही अन्यौलताको फाइदा उठाई कानुनको गलत व्याख्या वा प्रयोग हुने (manipulation or misleading of law) र व्यक्तिगत स्वार्थ पूरा गर्ने अवस्था रहन सक्छ। त्यसैले कानुनी स्पष्टता, सरलता, र बोधगम्यता आधुनिक शासन प्रणालीको आधारभूत विशेषता भएकाले कानुनमा दोहोरोपना रहनुहुँदैन। [२२]

---

२०. World Bank Group, Doing Business 2020 available at https://documents1.worldbank.org/curated/fr/688761571934946384/pdf/Doing-Business-2020- Comparing-Business-Regulation-in-190-Economies.pdf

२१. World Bank Group, Business Regulation Operational Guide, pg 4 available at https://documents1.worldbank.org/curated/en/099430008302220194/pdf/P175534028ffd30280a2a40fab44d820c4d.pdf

२२. नेपाल कानुन आयोग, प्रचलित कानुनमा रहेको दोहोरोपना (Overlapping Clause) सम्बन्धि अध्ययन प्रतिवेदन, २०८०

३.२.२ नेपालमा वाणिज्य कानुनहरूको अपराधमुक्तिकरण सन्दर्भमा विभिन्न ऐनहरूमा एउटै विषयमा छुट्टाछुट्टै कैद सजाय र जरिबानाको दोहोरा कानुनी व्यवस्थाहरू गम्भीर चुनौती बनेका छन् । व्यावसायिक नियमहरूको पालना नगर्दा वा न्यून प्रशासनिक गल्तीहरू गर्दा पनि कैद सजायको व्यवस्था गरिएको देखिन्छ, जसले कानुनी अन्योलता सिर्जना गर्नुका साथै नेपालमा व्यवसाय सञ्चालन गर्न कठिन बनाएको छ ।

३.२.३ **उदाहरणः** मुलुकी देवानी संहिता, २०७४ को दफा ६८५ मा कसैले त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्री, बितरण गर्न, गराउन नहुने र कसैले त्यसरी बिक्री वा वितरण गरी त्यस्तो वस्तुको उपभोग गर्दा कसैको जिउ, ज्यान वा सम्पत्ति उपर हानि, नोक्सानी भएमा त्यस बापत उत्पादकले दायित्व व्यहोर्नु पर्नेछ भन्ने उल्लेख छ । त्यसैगरी उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ७ मा उत्पादकले वस्तु वा सेवा उत्पादन गर्दा प्रचलित कानुनबमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्ने, त्रुटिपूर्ण उत्पादन नगर्ने, वस्तु वा सेवाको उत्पादनका कारण उपभोक्तालाई कुनै किसिमको क्षति भएमा सो को मनासिब क्षतिपूर्ति दिने दायित्व पूरा गर्नु पर्नेछ भन्ने उल्लेख छ ।

३.२.४ **उदाहरणः** मुलुकी अपराध संहिता, २०७४ को दफा २७३ र २७४ र स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ दफा १९क. र १९ख. मा गरिएको नापतौलसँग सम्बन्धित कसुरको सम्बन्धमा गरिएको व्यवस्था समान अर्थात एकै प्रकृतिको रहेको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २७३ मा नाप्ने वा तौलने साधन नक्कली बनाउन वा चलन गर्न नहुने र त्यस्तो कसुर गर्ने व्यक्तलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुने, साथै त्यसरी बनाएको, चलन चल्तीमा ल्याएको साधन, त्यसलाई बनाउने वा मर्मत गर्ने औजार समेत जफत हुने व्यवस्था छ भने दफा २७४ मा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गर्न नहुने र त्यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरिएको छ । सोही प्रकृतिको समान व्यवस्था स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ दफा १९क. र १९ख. मा रहेको छ ।

३.२.५ माथि उदाहरणमा उल्लेखित प्रावधानहरूको दोहोरोपनका कारण व्यवसायीहरू अन्योलमा परेका छन् । एउटै प्रकारको कार्यलाई फरक-फरक कानुनहरूले फरक-फरक अपराधकोरूपमा परिभाषित गरेर कैद सजाय तथा जरिबाना तोक्दा व्यवसायमैत्री वातावरण खलबलिएको छ । वास्तवमा, व्यवसायसम्बन्धी प्रशासनिक त्रुटिहरूलाई आर्थिक वा देवानी कानुनी व्यवस्थाबाट नै सम्बोधन गर्न सकिन्छ, तर नेपालमा अझै पनि फौजदारी सजायको प्राथमिकता राखिएको देखिन्छ ।

३.२.६ त्यसैले, व्यावसायिक कानुनहरूलाई अपराधमुक्त बनाउने अभियानअन्तर्गत व्यवसायसम्बन्धी प्रशासनिक गल्तीहरूमा कैद सजायको दोहोरो व्यवस्था हटाई आर्थिक जरिबानाको प्रावधान राख्ने, फौजदारी कानुनको प्रयोग न्यून गर्ने, र कानुनहरूको पुनरावलोकन गरी स्पष्टता ल्याउने नीति आवश्यक रहेको छ । यसले व्यवसाय सञ्चालनलाई सरल बनाउनुका साथै कानुनी स्पष्टता कायम गर्न मद्दत गर्छ, जसले गर्दा नेपालमा लगानीमैत्री वातावरण प्रवर्द्धन गर्न सकिन्छ ।

## ३.३ वाणिज्य क्षेत्रसँगसम्बन्धीत मौजुदा कानुनी व्यवस्थाअन्तर्गतको कसुर तथा सजाय

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
|---|---|---|---|
| १. | **कम्पनी ऐन, २०६३, दफा १६०** | क) कम्पनीको कुनै सञ्चालक वा पदाधिकारीले कम्पनीको कुनै कागजपत्रमा बदनियत वा द्वेषपूर्ण लापरबाहीसाथ कुनै झुट्टा कुरा उल्लेख गरी कम्पनी वा कुनै व्यक्तिलाई हानि नोक्सानी पुर्याएको भए त्यस्तो सञ्चालक वा पदाधिकारीलाई,<br>(ख) कम्पनीको कुनै सञ्चालक वा पदाधिकारीले यस ऐनबमोजिम राखु पर्ने हिसाब किताब वा लेखा, सेस्ता नराखेमा प्रवा लेखा, श्रेस्ता दुरुस्त नराखेमा बा राख नलगाएमा वा दबाएमा वा लुकाएमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई,<br>(ग) कम्पनीको लेखापरीक्षकले आफ्नो कर्तव्य पालनको सिलसिलामा आफ्नो प्रतिवेदनमा द्वेषपूर्ण लापरवाही वा बदनियतसाथ झुट्टा कुरा लेखेमा वा लेखापरीक्षण गर्दा आवश्यक देखिएको टिप्पणी गर्न छुटाएमा त्यस्तो लेखापरीक्षकलाई,<br>(घ) लिक्विडेटरले द्वेषपूर्ण, लापरबाही वा बदनियतसाथ साहूहरूको सभा नबोलाएमा वा प्राथमिकताको क्रमविपरीत ऋण वा दायित्व भुक्तान गरेमा नेपा वा यस ऐनबमोजिम राखु पर्ने हिसाब किताब र लेखा नराखेमा वा बुझ्नु पर्ने हिसाब कागजपत्र नवझेमा वा झुट्टा लेखा राखेमा वा दिनु पर्ने प्रतिवेदन नदिएमा वा आफ्नो बहाल टुटेपछि बुझाउनु पर्ने नगद, जिन्सी वा श्रेस्ता नबुझाएमा त्यस्तो लिक्विडेटरलाई,<br>(ङ) आफ्नो जिम्माको कागजपत्र, लेखा, नगदी, जिन्सी आफू बहाल टुटेपछि वा कम्पनी खारेज गर्ने आदेश प्राप्त भएपछि यस ऐनबमोजिम हालवालालाई नबुझाएमा वा हालवालाले नबुझेमा सो नबुझाउने वा नबुझ्ने सञ्चालक, पदाधिकारी तथा कर्मचारीलाई,<br>(च) कार्यालयमा दर्ता हुनुअघि नै कम्पनीको विवरणपत्र जारी गर्ने वा विवरणपत्रमा झुट्टा विवरण दिने सञ्चालक वा पदाधिकारीलाई,<br>(छ) सञ्चालक समितिको अधिकारक्षेत्र नघाई वा कम्पनीको कार्यक्षेत्र बाहिरको काम गरेमा सो गर्ने वा गर्न आदेश दिने सञ्चालक वा पदाधिकारीलाई,<br>(ज) यस ऐनबमोजिमको विवरण नदिने वा झुट्टा विवरण दिने शेयरधनीलाई,<br>(झ) कम्पनीको नगदी वा जिन्सी हिनामिना गर्ने वा मास्ने वा कम्पनीको नगदी वा जिन्सी सञ्चालक समिति वा साधारण सभाको स्वीकृति विना निजी काममा प्रयोग गर्ने वा कम्पनीको नियमानुसार पेश्की फछ्यौट नगर्ने बा कार्यालयले दिएको आदेश पालना नगर्ने र कम्पनीको विवरण दाखिला नगर्ने सञ्चालक, पदाधिकारी तथा कर्मचारीलाई<br>(ञ) यस ऐनबमोजिम कम्पनी, कार्यालय, अदालत वा अन्य निकायमा विवरण वा जानकारी दिनु पर्ने कर्तव्य भएका सञ्चालक वा पदाधिकारीले त्यस्तो विवरण वा जानकारी नदिएमा त्यस्तो सचालक वा पदाधिकारीलाई | बीस हजारदेखि पचास हजार रुपैया सम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय |

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
|---|---|---|---|
| | | (ट) कुनै कम्पनीको लेखापरीक्षण गर्न आफू अयोग्य भएको व्यहोरा थाहा पाए पछि पनि सम्बन्धित कम्पनीको लेखापरीक्षण गर्ने लेखापरीक्षकलाई,<br>(ठ) आफूलाई प्राप्त नभएको अधिकार प्रयोग गर्ने वा प्राप्त अख्तियारी बाहिर गइ कार्य गर्ने सञ्चालक वा पदाधिकारीलाई,<br>(ड) यस ऐनकोविपरीत लेखा राखे सञ्चालक तथा पदाधिकारीलाई,<br>(ढ) यस ऐनबमोजिम शेयरधनीलाई उपलब्ध गराउनु पर्ने संक्षिप्त आर्थिक विवरण, वार्षिक आर्थिक विवरण वा प्रतिवेदन उपलब्ध नगराउने सञ्चालक तथा पदाधिकारीलाई,<br>(ण) यस ऐनमा गरिएको व्यवस्थाविपरीत हुने गरी कम्पनीबाट कुनै ऋण सुविधा वा पारिश्रमिक लिने वा दिने सञ्चालक, आधारभूत शेयरधनी तथा कम्पनीलाई,<br>(त) कम्पनीको शेयर पूँजी घटाउन अदालतको स्वीकृति माग गर्दा साहूको नाम ढाँट्ने, लुकाउने वा कम्पनीले लिएको ऋणको बारेमा झुट्टा विवरण दिने कम्पनी, सञ्चालक, पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्तिलाई,<br>(थ) यस ऐनकोविपरीत शेयर बा द्विवेवर बिक्री गर्ने प्राइभेट कम्पनी, त्यस्तो कम्पनीका सञ्चालक तथा शेयरधनीलाई,<br>(द) यस ऐनकोविपरीत नेपाल राज्यभित्र व्यवसाय वा कारोबार गर्ने विदेशी कम्पनी, त्यस्तो कम्पनीका सञ्चालक, कर्मचारी वा प्रतिनिधिलाई,<br>(ध) डिवेञ्चरवालाहरूको हितविपरीत कार्य गर्ने डिवेञ्चर ट्रष्टी, त्यस्तो दृष्टीको सञ्चालक वा पदाधिकारीलाई,<br>(न) दफा ४६ को उपदफा (७) को प्रतिकूल काम गर्ने व्यक्तिलाई,<br>(प) दफा ६०बमोजिम गर्नु पर्ने कार्य नगर्ने सञ्चालक वा पदाधिकारीलाई,<br>(फ) यस ऐनबमोजिम कम्पनी दर्ता नगरी कम्पनी शब्दको प्रयोग गरी कारोबार गर्ने व्यक्तिलाई,<br>(ब) दफा १४१ वा दण्टा १७५बमोजिमको जानकारी वा सूचना उपलब्ध नगराउने कम्पनी, सञ्चालक वा पदाधिकारीलाई,<br>(भ) दफा ४७बमोजिम माग गरिएको जानकारी उपलब्ध नगराउने कम्पनीको शेयरधनी वा सो दफाअनुसार शेयरधनीबाट प्राप्त जानकारी कार्यालयमा पेश नगर्ने कम्पनी, सञ्चालक तथा पदाधिकारीलाई,<br>(म) दफा १०५ कोविपरीत कार्य गर्ने सञ्चालक तथा पदाधिकारीलाई,<br>(य) कार्यालयले पटक-पटक लिखित आदेश दिदा वा सो सम्भव नभए सञ्चार माध्यममार्फत सूचना दिंदा पनि आफ्नो रजिष्टर्ड कार्यालयको ठेगाना कार्यालयलाई उपलब्ध नगराउने कम्पनीको प्रबन्ध सञ्चालक, सञ्चालक वा पदाधिकारीलाई,<br>(र) दफा ५० कोविपरीत कार्य गर्ने कम्पनी, सञ्चालक, आधारभूत शेयरधनी तथा पदाधिकारीलाई,<br>(ल) कम्पनीको स्वीकृत उद्देश्यविपरीत जानीजानी काम गर्ने कम्पनी वा पदाधिकारीलाई,<br>(व) दफा १२१बमोजिम खटिएको निरीक्षकले झुट्टा प्रतिवेदन पेश गरेमा त्यस्तो निरीक्षकलाई । | |

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
| --- | --- | --- | --- |
| २. | **कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३०**<br>**दफा २ (कालोबजार)** | नेपाल सरकारले मोल निर्धारित गरिदिएकोमा सो मोलमा र नेपाल सरकारले मोल निर्धारित नगरेकोमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको माल वस्तुको उत्पादक, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिइ कसैले कुनै माल वस्तु बिक्री गरेमा | सो माल वस्तुको लिएको मोल फिर्ता गराइ सो माल वस्तु जफत गरी निजलाई एक वर्षसम्म कैद हुनेछ र दश लाख रुपैयाँसम्म जरिबाना |
| | | निर्धारित मोलमा खुला बजारमा सजिलैसँग चाहिंदो मात्रमा उपलब्ध नहुने खण्ड (क)बमोजिमको कुनै माल वस्तु कसैले निजी उपभोगका लागि भनी आदेश वा कुपन गराइ वा नगराइ लिएकोमा त्यस्तो माल वस्तु वा आदेश कुपन नै बढी मोल कमिशन लिइ वा नलिइ बिक्री गरेमावा अरू तवरले दिएमा | त्यस्तो माल वस्तु वा आदेश कुपन बापत लिएको मोल कमिशन फिर्ता गराइ सो माल वस्तु जफत र आदेश कुपन बदर गरी निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै |
| | | कुनै मनोरञ्जन वा यातायात सेवाको लागि लाग्ने शुल्क वा भाडा बापतको टिकटलाई सो टिकटको मोलभन्दा बढी मोल लिइ नेपाल कसैले बिक्री गरेमा | बढी लिएको मोल रकम जफत गरी १ वर्षसम्म कैद वा जरिबाना वा दुवै हुन सक्नेछ । |
| | **दफा ४ (माल वस्तुको विचलन)** | नेपाल सरकारले कुनै प्रदेश वा जिल्लामा वितरणका लागि तोकिदिएको कोटाको वा कुनै *प्रदेश वा जिल्लामा बिक्री वितरणको लागि आयात गरिएको वा एजेण्ट, डिलर वा रिटेलरको रुपमा उपलब्ध भएको माल वस्तु अन्यत्र लगेमा वा अन्यत्र बिक्री गरेमा वा एजेन्सी वा डिलरसीपको शर्त बिरुद्ध वा उपभोक्ताहरूमा समुचित वितरण नहुने गरी कसैले बिक्री गरेमा | निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै |
| | **दफा ५ (जम्माखोरी तथा कृत्रिम अभाव)** | बजारमा कुनै मालको कृत्रिम अभाव हुने गरी सो मालको मूल्य वृद्धि गराएर अनुचित नाफा लिइ बजारमा बिक्री गर्ने नियतले त्यस्तो माल वस्तु संग्रह गरी बिक्री नगरी जम्माखोरी गरेमा | निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै |
| | | तर नेपाल सरकारले अति आवश्यकको भनी राजपत्रमा तोकिदिएको माल वस्तुका सम्बन्धमा सोही अपराध उत्पादक, आयातक वा मुख्य वितरक वा निजहरूको कुनै डिलर वा एजेण्टले गरेमा | निजलाई एक वर्षसम्म कैद वा दश लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय |
| | **दफा ६ (झुक्याई बिक्री वितरण)** | कमसल माललाई असल माल हो भनी वा एक माल वस्तुलाई अर्को माल वस्तु हो भन्ने भान पारी वा कुनै माल वस्तुमा सो माल वस्तुको स्तर घट्ने गरी मिसावट गरी सो कुरा नबताई कसैले बिक्री वितरण गरेमा | निजलाई नौ महिनासम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै |

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
|---|---|---|---|
| | **दफा ७ (औषधिमा मिसावट र मिसावट भएको औषधिको बिक्री)** | शुद्ध औषधि सरह बिक्री वा प्रयोग गराउने नियतले वा त्यसरी बिक्री वा प्रयोग गरिने सम्भव छ भन्ने जानीजानी औषधिको प्रभाव शुन्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधिमा मिसावट गरेमा वा त्यस्तो मिसावट भएको वा म्याद नाघेको औषधि हो भन्ने जानीजानी बिक्री गरेमा वा बिक्री गर्न उद्योग गरेमा वा बिक्री गर्न राखेमा वा उपचारको निमित्त कसैलाई दिएमा वा मिसावटको सम्बन्धमा जानकारी नभएका कुनै व्यक्तिलाई त्यस्तो औषधि सेवन गर्न लगाएमा | निजलाई देहायबमोजिम सजाय हुनेछः-<br>(क) ज्यानलाई खतरा पुग्ने सम्भावना भएमा जन्म कैद वा दश वर्षसम्म कैद र जरिबाना,<br>(ख) शरीरको कुनै अङ्गको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र जरिबाना,<br>(ग) अन्य अवस्थामा पाँच वर्षसम्म कैद वा जरिबाना वा दुवै । |
| ३. | **प्रतिलिपि अधिकार ऐन, २०५९ दफा २७ (संरक्षित अधिकारको उल्लङ्घन गरेमा दण्ड सजाय)** | कसैले दफा २५ उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घन गर्ने व्यक्तिलाई<br>संरक्षित अधिकारको उल्लङ्घन भएको मानिनेः (१) कसैले देहायबमोजिमको कार्य गरेमा यस ऐनबमोजिम संरक्षित अधिकार उल्लङ्घन गरेको मानिने छः-<br>(क) रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी वा अनुमति प्राप्त गरेको भए तापनि सम्झौता वा अनुमतिपत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी आर्थिक लाभ उठाई वा नउठाई व्यापारिक वा अन्य कुनै उद्देश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनि अङ्कनको प्रतिलिपिहरू उत्पादन गरी बिक्री वितरण वा सार्वजनिक सञ्चार गरेमा वा भाडामा दिएमा,<br>(ख) अर्काको रचनाले आर्जित गरेको प्रतिष्ठाको फाइदा उठाउने नियतले त्यस्तो रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गरेमा,<br>(ग) अर्काको रचनाको स्वरुप वा भाषाको माध्यम परिवर्तन गरी आर्थिक लाभ उठाउने उद्देश्यले अर्कै विषय वा प्रकृतिको रचना निर्माण गरेमा,<br>(घ) विज्ञापन वा अन्य कुनै माध्यमबाट दर्शक वा श्रोता वा पाठकलाई अर्कै रचना हो भन्ने भान पार्ने नियतले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले कुनै कुरा निर्माण वा तयार गरी फाइदा उठाउने प्रयत्न गरेमा,<br>(ङ) अनधिकृत पुनरुत्पादन गर्न हतोत्साहित गर्न गरिएको व्यवस्थालाई असफल गराउने ध्येय राखी तयार गरिएको उपकरण वा माध्यमको आयात, उत्पादन वा भाडामा दिने कार्य गरेमा,<br>(च) सांकेतिक भाषामा गोप्य रुपमा (इन्क्रिप्ट गरी) प्रसारण गरिएको कार्यक्रमलाई अनधिकृत रुपमा हेर्न मद्दत गर्ने उपकरण बिक्री गर्ने उद्देश्यले उत्पादन वा आयात गर्ने कार्य गरेमा,<br>(छ) खण्ड (ङ) र (च) मा उल्लेख भए बाहेक प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उद्देश्यले मात्र तयार गरिएको यान्त्रिक उपकरण आयात, बिक्री वितरण तथा प्रयोग गरेमा । | कसुरको मात्राअनुसार दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र दोस्रो पटकदेखि पटकैपिच्छे बीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। त्यसरी प्रकाशन वा पुनरुत्पादन गरेको वा वितरण गरेको वा पुनरुत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत हुनेछ। |
| ४. | **निकासी पैठारी नियन्त्रण ऐन, २०१३ दफा ५ (दण्ड सजाय)** | यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको इजाजतपत्रमा तोकिएको वस्तु वा त्यसको मूल्य वा परिमाणमा मनासिब कारण बिना फरक पारी कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा | त्यसरी निकासी वा पैठारी गरेको वस्तु जफत गरी निजलाई सो वस्तुको मूल्य बराबर जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय |

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
|---|---|---|---|
| ५. | **स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ दफा १९क (नाप्ने वा तौलने साधन नक्कली बनाउन वा चलन गर्न नहुने)** | कसैले नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुनै साधन निर्धारित स्तरभन्दा घटी वा बढी हुने गरी बनाउन वा बनाउन लगाउन वा त्यसरी बनाएको नाप्ने, तौलने, गुणस्तर निर्धारण गर्ने साधन जानीजानी सक्कली सरह चलन गर्न वा चलन गर्ने नियतले राख्न वा बिक्री गर्न वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा नक्कली बनाउन वा नाप्ने, तौलने वा बदनियतपूर्वक गुणस्तर निर्धारण गर्ने साधनको छाप वा टाँचा जानीजानी बिगार्न वा अर्को कुनै साधनको मद्दतले त्यस्तो साधनको नाप्ने, तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पार्न वा त्यस्तो साधनमा नक्कली छाप वा टाँचा लगाउन वा अन्य कुनै उपायद्वारा चलन चल्तीको नाप वा तौललाई घटी बढी हुन सक्ने बनाउन हुदैन । | कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैंया सम्म जरिवाना हुनेछ |
| | **दफा १९ख (नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गर्न नहुने)** | कसैले कुनै व्यवसाय, कारोवार वा व्यापारको सिलसिलामा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन प्रयोग गर्नु पर्दा कानुनबमोजिम त्यस्तो साधनको चलन चल्तीमा निर्धारण गरिएको नाप, तौल वा स्तरभन्दा घटी वा बढी हुने गरी कपटपूर्णरूपमा प्रयोग गर्न, अर्को कुनै साधन वा उपायको मद्दतले त्यस्तो साधनको चलन चल्तीको नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुरामा प्रतिकूल प्रभाव पार्न हुदैन । | कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म जरिवाना हुनेछ |
| | **दफा ३०(सजाय), उपदफा (२)** | कसैले कुनै स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाली वा घटी, बढी बनाएमा वा बनाउन लगाएमा वा त्यस्तो जाली वा घटी, बढी नाप्ने वा तौलने यन्त्र जानी-जानी सक्कलीरूपमा व्यवहार गरेमा वा व्यवहार गर्ने उद्देश्यले राखेमा वा बिक्री गरे वा गराएमा वा यस ऐनबमोजिम स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा लगाउने टाँचा बिगारेमा वा जाली टाँचा लगाएमा वा लगाउन लगाएमा वा बनाएमा वा राखेमा वा नाप वा तौलमा वा नाप्ने वा तौलने यन्त्रको वास्तविकभन्दा बाहेकका अन्य कुनै यन्त्र वा त्यस्तै कुनै वस्तु प्रयोग गरी घटी, बढी गराएमा वा गराउने उद्देश्यले राखेमा वा राख्न लगाएमा वा कुनै प्रविधि प्रयोग गरी जाली सफ्टवेयर बनाइ नाप वा तौलको परिमाणमा घटी वा बढी गराएमा | तीन वर्षसम्म कैद वा तीन लाख रुपैंयादेखि पाँच लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय |
| | **दफा ३०(सजाय), उपदफा (३)** | यस ऐनविपरीत हुने गरी निरीक्षकले जानी-जानी नापतौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा लगाएमा | निजलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय |
| ६. | **दामासाहीसम्बन्धी ऐन, २०६३ दफा ७२ (कसुर र सजाय)** | कम्पनीको सञ्चालक वा कर्मचारी वा शेयरवाला वा कुनै व्यक्तिले कम्पनी वा त्यसका साहूहरूलाई जालसाजी, ठगी वा झुक्याउने कार्य गरेमा । | कसुर गर्ने सञ्चालक, कर्मचारी, शेयरवाला वा कुनै व्यक्तिलाई अदालतले बिगो भराई एक बर्षदेखि दुई बर्षसम्म कैद र एक लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ । |

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
|---|---|---|---|
| ७. | **श्रम ऐन, २०७४**<br>**दफा १६४ (१)** | कसैले बाधा श्रममा लगाएमा | श्रम अदालतले त्यस्तो व्यक्तिलाई दुई वर्षसम्म कैद वा ५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी त्यस्तो व्यक्तिबाट श्रमिकको पारिश्रमिक भत्ता तथा सुविधा र सोको दोब्बर रकम हर्जना समेत श्रमिकलाई भराइदिन सक्नेछ । |
| | **दफा १६४(२)** | यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियममा उल्लेखित व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी प्रावधान जानाजानी वा लापरवाही गरी उल्लङ्घन गरेको कारण कसैको ज्यान गएमा वा अङ्गभङ्ग भएमा वा कुनै कार्यकर्ता वा नगर्दा व्यवसायजन्य रोगको संक्रमण भइ कसैको ज्यान गएमा वा कुनै अवस्थामा प्रतिकूल असर पर्न गएमा | त्यस्तो कार्य गर्ने व्यक्तिलाई प्रचलित कानुनमा कुनै सजायको व्यवस्था भएकोमा सोहीबमोजिम र नभएमा श्रम अदालतले दुई वर्षसम्म कैद गरी मर्का परेको व्यक्तिलाई उचित क्षतिपूर्ति समेत भराउन सक्नेछ । |
| | **दफा १६४ (३)** | यस ऐनबमोजिम सजाय हुने कुनै कसुर कुनै संगठित संस्थाले गरेमा | सो संस्थालाई जरिवाना गरी सो कसुरमा सो संस्थाको कार्यकारी प्रमुखलाई कैद गर्नुपर्ने छ । |
| ८. | **नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७**<br>**दफा १३(दण्ड सजाय)** | दफा ८ को बर्खिलाप काम गर्ने व्यक्तिलाई<br>प्रमाण-चिन्हको अनुचित प्रयोगमा प्रतिबन्ध:<br>(१) इजाजतपत्र प्राप्त नगरी कुनै व्यक्तिले कुनै पदार्थका सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग गर्न हुँदैन । कुनै व्यक्तिले प्रमाण-चिन्हको आकार प्रकारको भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्न हुँदैन ।<br>(२) इजाजतपत्र प्राप्त गरेका व्यक्तिले पनि निर्धारित गुणस्तर अनुकुल नरहेका पदार्थको सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग वा त्यसको आकार प्रकारका भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्न हुँदैन । | तीन हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ । |
| | | दफा ९ को बर्खिलाप काम गर्ने व्यक्तिलाई<br>परिषद् वा कार्यालयसँग मिल्दोजुल्दो नामको प्रयोगमा प्रतिबन्ध:<br>कुनै पनि व्यक्तिले परिषद् वा कार्यालयको पूरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गर्न पाउने छैन । | एकहजार पाँचसय रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ । |
| | | दफा १०बमोजिम तोकिएको पदार्थ वा प्रक्रियामा निर्धारित गुणस्तर नभएमा वा कसैले त्यस्तो पदार्थ वा प्रक्रियामा प्रमाण-चिन्ह नलगाई प्रयोगमा ल्याएमा | त्यस्तो व्यक्तिलाई पाँचहजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय |

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
|---|---|---|---|
| | | कसैले दफा ११बमोजिम तोकिएको पदार्थ निर्धारित गुणस्तरको नभइकन निकासी-पैठारी गरेमा वा गर्न प्रयत्न गरेमा वा गर्न दुरुत्साहन दिएमा | त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय |
| | | यस ऐनको अन्य दफा बर्खिलाप काम कारबाही गर्ने व्यक्तिलाई | एक हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय |
| ९. | **आयकर ऐन, २०५८**<br>**दफा १२३ (कर दाखिला नगर्नेलाई हुने सजाय)** | मनासिब माफिकको कारणबिना कर दाखिला गर्नुपर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई | पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय |
| | **दफा १२४ (झुट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजाय)** | कुनै व्यक्तिले विभागमा दिएको कुनै जानकारी वा विवरण जानाजानी वा लापरवाही साथ पेश गरेको कारणले झुट्टा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा उल्लेख नगरी वा हटाई सो विवरण भ्रमपूर्ण हुन गएकोमा | त्यस्तो व्यक्तिलाई चालीस हजार रुपैयाँदेखि एक लाख साठी हजार रुपैयाँसम्म जरिबाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ |
| | **दफा १२५ (कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजाय)** | देहायका कार्य गर्ने व्यक्तिलाई<br>(क) यस ऐनबमोजिम आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा विभागको अधिकृतलाई बाधा विरोध गरेमा,<br>(ख) दफा ८३बमोजिमको सूचनाबमोजिम कार्य नगरेमा, वा<br>(ग) अन्य कुनै रुपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा । | पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ । |
| | **दफा १२६ (अख्तियार प्राप्त वा अख्तियार प्राप्त नभएको व्यक्तिले कसुर गरेमा हुने सजाय)** | दफा ८४ को उल्लङ्घन गर्ने कुनै पनि अख्तियार प्राप्त व्यक्तिलाई | असी हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ |
| १०. | **अन्त शुल्क ऐन, २०५८**<br>**दफा १५ (सूचना वा मद्दत नदिने व्यक्तिलाई दण्ड सजाय)** | यस ऐनविपरीत कार्य हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएपछि सो कुराको सूचना दिनुपर्ने वा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयले मागेको बखत मद्दत दिनुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले जानीजानी त्यस्तो सूचना वा मद्दत नदिएमा | निजलाई कसुरको प्रकृति हेरी तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ |

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
|---|---|---|---|
| | **दफा १६ उपदफा(१)(दण्ड)** | कसैले देहायको कसुर गरेमा;<br>(क) यस ऐनबमोजिम तिर्नुपर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,<br>(ख) इजाजतपत्र नलिइ अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी [२३]वा सेवा प्रदान गरेमा,<br>(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐनविपरीत कुनै कसुर गरेमा,<br>(घ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली वा विभागले तोकेको शर्त विपरित हुने गरी मदिराको उत्पादन बोतलबन्दी तथा बिक्री वितरण गरेमा,<br>(ङ) मदिरा, बियर, चुरोट वा सूर्तीजन्य वस्तु र अन्य अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट नक्कली बनाइ प्रयोग गरेमा, उत्पादन गरेमा वा ओसार पसार वा भण्डारण गरेमा | कसुरको निमित्त बिगो जफत गरी बिगोबमोजिम जरिबाना कसैले देहायको कसुर गरेमा वा एक वर्षसम्म कैद वा दुवै सजाय |
| | **दफा १६ उपदफा (२)(दण्ड)** | मदिरा, चुरोट र सूर्तीजन्य वस्तु उत्पादन वा पैठारी गर्ने इजाजतपत्रवालाले देहायका कसुर गरी अन्तःशुल्क दवाए, छिपाए वा छलेमा;<br>(क) अन्तःशुल्क दवाए, छिपाए वा छलेमा,<br>(ख) नक्कली अन्तःशुल्क टिकटको प्रयोग गरी वा अन्तःशुल्क टिकटको प्रयोग नगरी मदिरा, चुरोट र सूर्तीजन्य वस्तुको उत्पादन, निष्कासन, बिक्री वितरण, भण्डारण वा पैठारी गरेमा,<br>(ग) स्वीकृति नलिएको ब्राण्डमा उत्पादन तथा निष्कासन गरेमा,<br>(ग१) अर्काको नामको ब्राण्ड प्रयोग गरी वा ब्राण्ड नखोली उत्पादन, निष्कासन, भण्डारण वा बिक्री वितरण गरेमा<br>(घ) रम, जिन, ब्राण्डी, भोडका, ह्वीस्की भनी मदिरा उत्पादन गर्ने प्रतिष्ठानले २५ यू.पी. र ३० यू.पी. शक्तिभन्दा फरक हुने गरी उत्पादन गरेको पाईएमा । | त्यस्तो कसुरको निमित्त बिगो जफत गरी बिगोको दुई सय प्रतिशत जरिबाना वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो जरिबाना वा एक बर्षसम्म कैद वा दुवै सजाय |
| | **दफा १६ उपदफा(५) (दण्ड)** | कसुरसँग प्रत्यक्ष वा परोक्षरूपमा प्रयोग हुन आएको भाडा वर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेशिन, उपकरण र सवारी साधन समेत जफत हुनेछ ।<br>तर, त्यस्तो कसुर गर्ने व्यक्तिले सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा | त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिबाना र सवारी चालकलाई कसुरको प्रकृति हेरी पन्ध्र हजार रूपैया"सम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ । |

२३. आर्थिक ऐन, २०७९ द्वारा थप ।

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
|---|---|---|---|
| ११. | **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२<br>दफा २३ (दण्ड सजाय)** | राजस्व चुहावटको कसुर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई | बिगोको शतप्रतिशत जरिबाना तथा कसुरको मात्राअनुसार देहायबमोजिमको कैद हुनेछ :-<br>क. एक करोड रुपैयाँसम्मको बिगोमा एक महिनादेखि छ महिनासम्म कैद,<br>ख. एक करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्मको बिगोमा छ महिनादेखि एक वर्षसम्म कैद,<br>ग. पाँच करोड रुपैयाँदेखि दश करोड रुपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म कैद,<br>घ. दश करोड रुपैयाँदेखि माथि जतिसुकै बिगो भए पनि तीन वर्षदेखि पाँच वर्षसम्म कैद । |
| | **दफा ३३ उपदफा ३ (बरामद भएको मालवस्तु जफत हुने)** | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनअन्तर्गतको कसुरमा बरामद भएको भाडाको ढुवानीका साधन कसुर गर्ने व्यक्तिले ढुवानीका साधन धनीको अनुमति बिना त्यस्तो कार्यमा प्रयोग गरेको ठहरेमा सो ढुवानीका साधन जफत गरिने छैन । यसरी ढुवानीका साधन प्रयोग गर्ने सवारी चालकलाई | कसुरको प्रकृति हेरी पचास हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय |
| १२. | **मूल्य अभिवृद्धि कर ऐन, २०५२<br>दफा २९ उपदफा(१ग) (दण्ड सजाय)** | वस्तु तथा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गर्ने बिक्रेता व्यक्तिलाई | जारी बीजक मूल्यको पचास प्रतिशत जरिबाना वा ६ महिनासम्म कैद वा दुवै गर्न सक्नेछ । |

| क्र.स. | सम्बन्धीत ऐन | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय |
|---|---|---|---|
| | **दफा २९ उपदफा(२)(दण्ड सजाय)** | कुनै व्यक्तिले देहायबमोजिमको कुनै कसुर गरेमा;<br>(क) झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरेमा,<br>(ख) जालसाजी गरी कर छलेमा,<br>(ग) दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा,<br>(घ) न्युन बीजकीकरण गरी बिक्री गरेमा,<br>(ङ) दफा ३० को उल्लङ्घन गरी कारोबार गरेमा । | कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको शतप्रतिशत रकम जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय |
| १३ | **उपभोक्ता संरक्षण ऐन, २०७५<br>दफा ४० (१) (सजाय)** | कसैले यस ऐनअन्तर्गत कसुर मानिने देहायको कुनै काम गरे वा गराएमा कसुरको मात्रा हेरी विभागको महानिर्देशकले देहायबमोजिम सजाय गर्न सक्नेछ:-<br>(१) दफा ३८ को खण्ड (क) र (ग)बमोजिमको कसुर गरे वा गराएमा | तीन महिनादेखि छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय |
| | | (२) दफा ३८ को खण्ड (झ)बमोजिमको कसुर गरेमा | तीन महिनादेखि एक वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय |
| | | (२) दफा ३८ को खण्ड (ञ) र (ठ)बमोजिमको कसुर गरेमा | तीन महिनादेखि छ महिनासम्म कैद वा पचास हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय |
| | **दफा ४० (२) (सजाय)** | देहायबमोजिमको कसुरमा देहायबमोजिमको सजाय हुनेछ: | |
| | | दफा ३८ को खण्ड (ख)बमोजिमको कसुर गर्ने वा गराउनेलाई | दुई बर्षदेखि तीन वर्षसम्म कैद वा तीन लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय |
| | | दफा ३८ को खण्ड (च)बमोजिमको कसुर गर्ने वा गराउनेलाई | दुई बर्षदेखि पाँच वर्षसम्म कैद वा चार लाखदेखि छ लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय |
| | | दफा ३८ को खण्ड (छ)बमोजिमको कसुर गर्ने वा गराउनेलाई | दुई बर्षदेखि तीन वर्षसम्म कैद वा तीन लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय |
| | **दफा ४० (४) (सजाय)** | उपदफा (१) वा उपदफा (३)बमोजिमका काम बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत अन्य कुनै काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई | दुई वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय |

## ३.४ वाणिज्य क्षेत्रसँगसम्बन्धीत मौजुदा कानुनी व्यवस्थाअन्तर्गतको कसुर तथा सजायको विश्लेषण

३.४.१ वाणिज्य क्षेत्रलाई थप सबलीकरण गर्नको निमित्त व्यापारिक, मौद्रिक, आयात, निर्यात लगायत अन्य क्षेत्रसँग सम्बन्धीत नीति, रणनीति, कार्यविधि, निर्देशिकाहरू तयार गरिएको भएपनि वाणिज्य क्षेत्रसँगसम्बन्धीत कानुनहरूमा आवश्यक सुधार गर्न यथोचित प्रयास भएको पाईंदैन । कुनै पनि निति, कार्यविधि वा निर्देशिकाहरू मुल कानुनको अधिनमा रहनु पर्ने हुनाले सर्वप्रथम यस क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने कानुनहरूमा के-कस्ता सुधार आवश्यक रहेको छ भनि विस्तृत अध्ययन गर्नु वाञ्छनिय छ । राष्ट्रको सामाजिक र आर्थिक रुपान्तरण गर्न मौजुदा कानुनी व्यवस्थालाई समसामयिक रुपमा परिमार्जन र सुधार गर्दै जानुपर्दछ । त्यसरी नै वाणिज्य क्षेत्रको हालको आवश्यकता सम्बोधन गर्न आवश्यकता बमोजिम समयानुकूल कानुन तर्जुमा भएमा मात्र सो क्षेत्रसँगको अपेक्षाकृत उपलब्धी सम्भव हुन्छ । वाणिज्यसम्बन्धी क्रियाकलाप नियमित गर्ने कानुनहरूमा सुधार हुनुपर्ने क्षेत्र धेरै भएतापनि सर्वप्रथम यस्ता कानुनहरूको गैरअपराधीकरण वा अपराधमुक्तिकरण (Decriminalization) गर्नुपर्ने प्रमुख आवश्यकता रहेको छ । वाणिज्य कानुनअन्तर्गत फौजदारी दायित्व सिर्जना गर्ने आपराधिक कार्यहरू (Commercial Crimes) तर्फ इंगित गर्दछ । हाल विश्वका बिभिन्न मूलकहरूले वाणिज्य कानुनअन्तर्गत फौजदारी दायित्व सिर्जना हुने गरी व्यवस्था गरिएको विभिन्न कानुन एवं विभन्न अपराधिक कार्यहरूलाई व्यवस्थित गरिरहेको अवस्था छ । वाणिज्य कानुनअन्तर्गत विभिन्न कार्यहरूलाई अपराधीकरण गरी कैद सजाय हुने गरी कानुनी व्यवस्था गरिएकोमा मुख्यतः कैद सजाय हुने गरी व्यवस्था गरिएको कानुनी व्यवस्थाहरूलाई अपराधमुक्तिकरण (Decriminalization) मार्फत अपराधमुक्तिकरण गरी बिगोबमोजिमको जरिबाना वा अन्य देवानी दायित्व सिर्जना हुने कानुनी व्यवस्थाले प्रतिस्थापन गर्दै जानु पर्ने देखिन्छ ।

### ३.४.२ कम्पनी ऐन, २०६३

३.४.२.१ वाणिज्य क्षेत्रसँग सम्बन्धित मौजुदा ऐन कानुनहरूको विश्लेषण गर्दा कम्पनी कानुनअन्तर्गत कम्पनीको कुनै कागजपत्रमा बदनियत वा द्वेषपूर्ण लापरबाही साथ कुनै झुट्टा कुरा उल्लेख गरी कम्पनी वा कुनै व्यक्तिलाई हानि नोक्सानी पुर्याउने, हिसाब किताब वा लेखा, श्रेस्ता दुरुस्त नराखेमा वा राख नलगाएमा वा दबाएमा वा लुकाएमा वा नोक्सान गर्ने, लेखापरीक्षकले आफ्नो कर्तव्य पालनको सिलसिलामा आफ्नो प्रतिवेदनमा द्वेषपूर्ण लापरवाही वा बदनियतसाथ झुट्टा कुरा उल्लेख गर्ने कार्यहरूलाई कसुरको रुपमा परिभाषित गरी कैद सजाय समेतको व्यवस्था गरिएको छ । त्यसैगरी कम्पनीको सञ्चालक, पदाधिकारी वा शेयरधनीको हकमा कार्यालयमा दर्ता हुनुअघि नै कम्पनीको विवरणपत्र जारी गर्ने वा विवरणपत्रमा झुट्टा विवरण दिने, सञ्चालक समितिको अधिकारक्षेत्र नघाई वा कम्पनीको कार्यक्षेत्र बाहिरको काम गर्ने, ऐनबमोजिमको विवरण नदिने वा झुट्टा विवरण दिने, कम्पनीको नगदी वा जिन्सी हिनामिना गर्ने वा मास्ने, कम्पनीको नगदी वा जिन्सी सञ्चालक समिति वा साधारण सभाको स्वीकृति बिना निजी काममा प्रयोग गर्ने लगायको कार्यहरूलाई समेत कसुरभित्र समावेश गरी कैद सजायको व्यवस्था गरिएको छ ।

३.४.२.२ यसको अतिरिक्त कम्पनीको शेयर पूँजी घटाउन अदालतको स्वीकृति माग गर्दा साहुको नाम ढाँट्ने, लुकाउने वा कम्पनीले लिएको ऋणको बारेमा झुट्टा विवरण दिने, ऐनको विपरित नेपाल राज्यभित्र व्यवसाय वा कारोबार गर्ने विदेशी कम्पनी, त्यस्तो कम्पनीका सञ्चालक, कर्मचारी वा प्रतिनिधिलाई, डिवेञ्चरवालाहरूको हितविपरीत कार्य गर्ने, शेयरधनीलाई उपलब्ध गराउनुपर्ने संक्षिप्त आर्थिक विवरण, वार्षिक आर्थिक विवरण वा प्रतिवेदन उपलब्ध नगराउने कार्यहरूलाई समेत कैद सजायको व्यवस्था गरिएको छ । यसर्थ, आर्थिक उदारिकरणद्वारा उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा लगानी प्रवर्द्धन गरी मुलुकको आर्थिक विकासमा गतिशिलता ल्याउन तथा कम्पनीको संस्थापना, सञ्चालन तथा प्रशासनलाई अझ बढी सुगम, सरल र पारदर्शी बनाउने उद्देश्यसहित जारी भएको कम्पनी ऐन २०६३ अन्तर्गत व्यवस्था गरिएका कैद सजायसम्बन्धी प्रावधानहरू शेयरधनीलाई उपलब्ध गराउनुपर्ने संक्षिप्त आर्थिक विवरण, वार्षिक आर्थिक विवरण वा प्रतिवेदन उपलब्ध नगराउने, कागजपत्र, लेखा, नगदी, जिन्सी आफू बहाल टुटेपछि वा कम्पनी खारेज गर्ने आदेश प्राप्त भएपछि यस ऐनबमोजिम हालवालालाई नबुझाएमा वा हालवालाले नबुझेमा सो नबुझाउने वा नबुझ्ने कार्यहरूको हकमा उपयुक्त हुँदैन । साथै, ऐनबमोजिम शेयरधनीलाई उपलब्ध गराउनुपर्ने संक्षिप्त आर्थिक विवरण, वार्षिक आर्थिक विवरण वा प्रतिवेदन उपलब्ध नगराउने सञ्चालक तथा पदाधिकारीलाई समेत कैद गर्ने व्यवस्था कम्पनी ऐन, २०६३ ले गरेकोमा उल्लेखित व्यवस्थालगायत अन्य व्यवस्थाको हकमा कैद सजाय उपयुक्त नहुने हुनाले जरिबानालाई नै अधिकतम् सजायको रुपमा मान्नुपर्ने देखिन्छ ।

### ३.४.३ प्रतिलिपि अधिकार ऐन, २०५९

३.४.३.१ यस ऐनअन्तर्गत रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी वा सम्झौता वा अनुमतिपत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी आर्थिक लाभ उठाई वा नउठाई व्यापारिक वा अन्य कुनै उद्देश्यले आफ्नो

हक नपुग्ने रचना वा ध्वनी अङ्कनको प्रतिलिपिहरू उत्पादन गरी बिक्री वितरण वा सार्वजनिक सञ्चार गर्ने, अर्काको रचनाको स्वरुप वा भाषाको माध्यम परिवर्तन गरी आर्थिक लाभ उठाउने उद्देश्यले अर्कै विषय वा प्रकृतिको रचना निर्माण गर्ने कार्यहरूलाई कसुर मानी कैद सजायको व्यवस्था गरिएको देखिन्छ । साथै, विज्ञापन वा अन्य कुनै माध्यमबाट दर्शक वा श्रोता वा पाठकलाई अर्कै रचना हो भन्ने भान पार्ने नियतले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले कुनै कुरा निर्माण वा तयार गरी फाइदा उठाउने प्रयत्न गर्ने, अनधिकृत पुनरुत्पादन गर्न हतोत्साहित गर्न गरिएको व्यवस्थालाई असफल गराउने ध्येय राखी तयार गरिएको उपकरण वा माध्यमको आयात, उत्पादन वा भाडामा दिनेलगायतको कार्यहरूलाई समेत कैद सजायको व्यवस्था गरिएको छ ।

३.४.३.२ नेपालको प्रतिलिपि अधिकार ऐन, २०५९ अन्तर्गतको कैद सजायहरूको मुख्य उद्देश्य बौद्धिक सम्पत्तिको संरक्षण गर्ने देखिन्छ । यो कानुनी व्यवस्थाले सिर्जनात्मक कृतिहरूको अनधिकृत प्रतिलिपि उत्पादन, बिक्री, वितरण तथा व्यावसायिक उपयोग रोक्न, अनुमति बिना रचनाको प्रतिलिपि बनाउने, भाषिक वा स्वरूप परिवर्तन गरी नाफा कमाउने जस्ता कार्यहरूलाई ऐनले प्रतिलिपि अधिकारको उल्लङ्घनकोरूपमा लिएको देखिन्छ । यस कानुनी व्यवस्था प्रतिलिपि अधिकारधनीलाई आर्थिक तथा नैतिक संरक्षण प्रदान गर्ने, अनुकरण तथा अनधिकृत पुनरुत्पादन रोक्नेलगायतका उद्देश्यहरू राखेको देखिन्छ । प्रस्तुत ऐन उल्लङ्घन गरी प्रतिलिपि सिर्जना गरी बिक्री वितरण गरेमा त्यसरी सिर्जना भएको सम्पत्ती जफत समेत हुने र जरिबाना समेत हुने व्यवस्था राखिएकोले सो मा कैद सजाय समेत थप हुने गरी राखिएको व्यवस्थालाई हटाई जरिबानाको हदलाई वृद्धि गरी क्षतिपुर्ती भराउने व्यवस्था राख्नु उपयुक्त हुन्छ ।

### ३.४.४ कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३०

३.४.४.१ यस ऐनअन्तर्गत निर्धारित मोलभन्दा बढी मोल लिइ माल वस्तु बिक्री गर्ने, शुल्क वा भाडा बापतको टिकटलाई सो टिकटको मोलभन्दा बढी मोल लिइ बिक्री गर्ने कार्यहरूलाई कालोबजारसम्बन्धी कसुरअन्तर्गत राखि कैद सजायको व्यवस्था गरिएको देखिन्छ । त्यसैगरि, नेपाल सरकारले कुनै प्रदेश वा जिल्लामा वितरणका लागि तोकिदिएको कोटाको वा कुनै प्रदेश वा जिल्लामा बिक्री वितरणको लागि आयात गरिएको वा एजेण्ट, डिलर वा रिटेलरको रुपमा उपलब्ध भएको माल वस्तु अन्यत्र लगेमा वा अन्यत्र बिक्री गर्ने कार्यलाई माल वस्तुको विचलनअन्तर्गत कैद सजाय हुने गरी व्यवस्था गरिएको छ भने बजारमा कुनै मालको कृत्रिम अभाव हुनेगरी सो मालको मूल्य वृद्धि गराएर अनुचित नाफा लिइ बजारमा बिक्री गर्ने नियतले त्यस्तो माल वस्तु संग्रह गरी बिक्री नगर्ने कार्यलाई जम्माखोरी तथा कृत्रिम अभाव मानी कैद सजायको व्यवस्था गरिएको छ ।

३.४.४.२ त्यसैगरी कमसल माललाई असल माल हो भनी वा एक मालवस्तुलाई अर्को मालवस्तु हो भन्ने भान पारी वा कुनै मालवस्तुमा सो मालवस्तुको स्तर घट्ने गरी मिसावट गरी सो कुरा नबताई कसैले बिक्री वितरण गर्ने तथा औषधिमा मिसावट गर्ने वा मिसावट भएको औषधिको बिक्री वितरण गर्नेलगायतको कार्यहरूलाई पनि कैद सजायको व्यवस्था गरिएको देखिन्छ । प्रस्तुत ऐनको उद्देश्य सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न कालोबजार, नाफाखोरी, जम्माखोरी, मिसावट र केही अन्य सामाजिक अपराध नियन्त्रण गर्ने देखिन्छ । ऐनको उल्लङ्घनमा कैद सजायसम्मको व्यवस्था गरिएको मध्य बढी मोल लिइ कसैले कुनै मालवस्तु बिक्री गरी कसुर गरेमा सो मालवस्तुको लिएको मोल फिर्ता गराइ सो मालवस्तु जफत गर्ने र जरिबाना समेत गर्ने सजायमा थप कैद सजायको आवश्यकता पर्छ वा पर्दैन भन्ने तर्फ यथोचित छलफल हुन आवश्यक छ । त्यस्तै, मालवस्तुको मूल्यसूची सबैले देखिने गरी बिक्री स्थलमा नटाँग्ने कार्यलाई समेत कैद सजाय गर्न सकिने गरी राखिएको व्यवस्थालाई संशोधन गरी जरिबानाको हदलाई बढाएर कैद सजायको व्यवस्थालाई हटाउनुपर्ने देखिन्छ ।

### ३.४.५ स्टाण्डर्ड नाप र तौल ऐन, २०२५

३.४.५.१ यस ऐनअन्तर्गत कसैले नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुनै साधन निर्धारित स्तरभन्दा घटी वा बढी हुनेगरी बनाउन वा बनाउन लगाउन वा त्यसरी बनाएको नाप्ने, तौलने, गुणस्तर निर्धारण गर्ने साधन जानीजानी सक्कली सरह चलन गर्न वा चलन गर्ने नियतले राख्न वा बिक्री गर्न वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा नक्कली बनाउन वा नाप्ने, तौलने वा बदनियतपूर्वक गुणस्तर निर्धारण गर्ने साधनको छाप वा टाँचा जानीजानी बिगार्न वा अर्को कुनै साधनको मद्दतले त्यस्तो साधनको नाप्ने, तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पार्न वा त्यस्तो साधनमा नक्कली छाप वा टाँचा लगाउन वा अन्य कुनै उपायद्वारा चलन चल्तीको नाप वा तौललाई घटीबढी हुनसक्ने बनाउने कार्यलाई कैद सजायमार्फत दण्डनीय प्रकृतिको अपराधको रुपमा उल्लेख गरिएको देखिन्छ ।

३.४.५.२ यहाँ उल्लेखनिय तथ्य के रहेको छ भने मेट्रिक पद्धतिमा नाप र तौलको स्टाण्डर्ड कायम गर्न बेनको स्टाण्डर्ड नापतौल ऐन, २०२५ अन्तर्गत नाप तौलको साधनको प्रयोगसम्बन्धी कसुरको हकमा व्यवस्था गरिएको कैद सजायको अधिकतम हद तीन (३) वर्ष रहेको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा २७३ र २७४ मा उल्लेख भएको नाप्ने तौलाको साधन नक्कली बनाउन वा चलन गर्न नहुने एवम् नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण गर्न नहुने शिर्षकअन्तर्गत पनि सोहि कार्यलाई तीन वर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। यसरी एकै प्रकृतीको कसुरलाई विशेष ऐन र अपराध संहिताअन्तर्गत पनि समान रुपमा कैद सजायको व्यवस्था गरिएकोले दुईमध्ये कुन व्यवस्था समय सापेक्षिक र यथार्थपरक हुने हो भनि विश्लेषण गर्न आवश्यक रहेको देखिन्छ।

### ३.४.६ निकासी पैठारी नियन्त्रण ऐन, २०१३

३.४.६.१ यस ऐनअन्तर्गत बनेको नियमबमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको इजाजतपत्रमा तोकिएको वस्तु वा त्यसको मूल्य वा परिमाणमा मनासिब कारण बिना फरक पारी कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा सो कार्यलाई कैद सजायले दण्डनीय गरिएको देखिन्छ।

३.४.६.२ निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने अधिकार व्यवस्थित गरी शान्ति र व्यवस्था कायम राख्ने उद्धेश्य रहेको ऐनअन्तर्गतको कैद सजायको व्यवस्थालाई मिति २०४६।०६।११ को दोस्रो संशोधन पश्चात संशोधन नगरिएकोले यसरी कैद सजाय गर्ने व्यवस्थालाई हालको अवस्था र अवैध निकासी पैठारीको लागि विकसित विभिन्न नयाँ माध्यमहरूको आलोकमा दृष्टिगत गरी कस्ता कार्यलाई जरिबाना गरी जफत गर्ने सम्मको सजाय उपयुक्त हुन्छ र कस्ता कार्यमा कैद सजायको व्यवस्था नै वाञ्छनिय हुन्छ भनि विश्लेषण गर्न आवश्यक देखिन्छ।

### ३.४.७ दामासाहीसम्बन्धी ऐन, २०६३

प्रस्तुत ऐनले कम्पनीको सञ्चालक वा कर्मचारी वा शेयरवाला वा कुनै व्यक्तिले कम्पनी वा त्यसका साहूहरूलाई जालसाजी, ठगी वा झुक्याउने कार्यलाई कैद सजायको व्यवस्था गरिएको देखिन्छ। दामासाहीमा परेका वा पर्न लागेका वा आर्थिक कठिनाइ भोगिरहेका कम्पनीको साहूको ऋण तिर्न नसकी प्रशासन, दामासाहीसम्बन्धी कार्यविधि तथा त्यस्ता कम्पनीको पुनर्संरचनाका सम्बन्धमा बनेको ऐनअन्तर्गत मुख्यत: जालसाजी, ठगी वा झुक्याउने कार्यलाई मात्र कैद सजायको व्यवस्था गरिएकोले सो व्यवस्थामा थप टिप्पणी आवश्यक देखिँदैन।

### ३.४.८ श्रम ऐन, २०७४

यस ऐनअन्तर्गत बाधा श्रममा लगाउने, व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी प्रावधान जानाजानी वा लापरवाही गरी उल्लङ्घन गरेको कारण कसैको ज्यान गएमा वा अङ्गभङ्ग भएमा कुनै कार्य गर्दा वा नगर्दा व्यवसायजन्य रोगको संक्रमण भइ कसैको ज्यान गएमा वा कुनै अवस्थामा प्रतिकूल असर पार्ने लगायतको कार्यलाई कैद सजायको व्यवस्था गरिएको देखिन्छ। श्रमिकहरूको सुरक्षा, सम्मानजनक श्रम वातावरण तथा कानुनी अधिकारको रक्षा गर्ने उद्धेश्य राखेको श्रम ऐन अन्तर्गतको कैद सजाय हुने कानुनी व्यवस्थाहरू नै उपयुक्त रहेको देखिन्छ।

### ३.४.९ नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७

३.४.९.१ यस ऐनअन्तर्गत इजाजतपत्र प्राप्त नगरी कुनै व्यक्तिले कुनै पदार्थका सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग गर्ने, निर्धारित गुणस्तर अनुकुल नरहेका पदार्थको सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग वा त्यसको आकार प्रकारका भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्ने तथा परिषद् वा कार्यालयको पूरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गर्ने कार्यहरूलाई कसुरजन्य कार्यअन्तर्गत राखी कैद सजायको व्यवस्था गरिएको छ। यसको अतिरिक्त निर्धारित गुणस्तर नभएमा वा कसैले त्यस्तो पदार्थ वा प्रक्रियामा प्रमाण-चिन्ह नलगाई प्रयोगमा ल्याउने एवम् निर्धारित गुणस्तरको नभइकन निकासी-पैठारी गरेमा वा गर्न प्रयत्न गरेमा वा गर्न दुरुत्साहन गर्ने कार्यलाई समेत कैद सजायले दण्डित गरिने व्यवस्था ऐनमा उल्लेख गरिएको देखिन्छ।

३.४.९.२ समग्रमा, गुणस्तर तथा प्रमाण-चिन्हसम्बन्धी कानुनी व्यवस्था उल्लङ्घन गर्ने कार्य तथा गुणस्तरहिन तथा भ्रामक उत्पादन तथा व्यापारलाई नियन्त्रण गर्ने गरी यस ऐनअन्तर्गत कैद सजायको व्यवस्था गरिएको देखिन्छ। उल्लेखित व्यवस्थाहरूलाई निकासी पैठारी हुनु वा प्रयोगमा आउनु पूर्व हुने कार्यहरू जस्तै आकार प्रकारका भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्ने तथा परिषद् वा कार्यालयको पूरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गरेको, इजाजतपत्र प्राप्त नगरी कुनै व्यक्तिले कुनै पदार्थका सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग गरेको तर बजारमा बिक्री वितरण वा निकासी पैठारी वा प्रयोगमा ल्याउने कार्य भने सम्पन्न नभैसकेको अवस्थामा त्यस्ता पदार्थ जफत गरी जरिबाना गर्ने सम्मको सजाय उपयुक्त हुने देखिन्छ।

### ३.४.१० आयकर ऐन, २०५८

३.४.१०.१ यस ऐनअन्तर्गत कर दाखिला नगर्ने, झुटा वा भ्रमपूर्ण विवरण दिने, र कर प्रशासनमा अवरोध पुर्याउने जस्ता कार्यहरूको लागि कैद सजायको व्यवस्था गरिएको छ। साथै, निर्धारित समयमा कर दाखिला नगर्ने एवम् विभागमा झुटा वा भ्रमपूर्ण जानकारी प्रस्तुत गरेमा समेत कैद सजाय हुने देखिन्छ। यस ऐनअन्तर्गत मनासिब माफिकको कारणबिना कर दाखिला गर्नुपर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ भन्ने कानुनी व्यवस्थामा जरिबानाको हदलाई कर दाखिला नगरेको पटकै पिच्छे वृद्धि हुने व्यवस्था गरी कैद सजायलाई हटाउने तर्फ विश्लेषण गर्नुपर्ने देखिन्छ।

३.४.१०.२ साथै, यस ऐनको दफा १२५ मा उल्लेख भएको कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजायअन्तर्गतको उपदफा (१) को (ग) मा अन्य कुनै रुपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा पनि व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्थामा के कस्ता कार्यहरू "अन्य कुनै रुप"अन्तर्गत पर्ने हो भन्ने व्याख्या गर्नुपर्ने देखिन्छ। यस व्यवस्थाको व्याख्यालाई सीमित नगरी व्यापक अर्थ दिनेगरी राखिएको "अन्य कुनै रुपमा" ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा समेत कैद सजाय हुनसक्ने व्यवस्था हटाउन उपयुक्त देखिन्छ।

### ३.४.११ अन्तः शुल्क ऐन, २०५८

३.४.११.१ यस ऐनअन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुहरूको उत्पादन, व्यापार र भण्डारण प्रक्रियामा अनियमितता र उल्लङ्घनको लागि दण्ड व्यवस्था गरिएको छ। मदिरा, चुरोट, सूर्तीजन्य वस्तुहरू र अन्य अन्तःशुल्क लाग्ने वस्तुहरूको उत्पादनमा इजाजतपत्र प्राप्त नगरी वा नियमावलीको उल्लङ्घन गरी कार्य गरेमा कैद सजायको व्यवस्था गरिएको छ। त्यसैगरी अन्तःशुल्क लुकाउनु, दबाउनु, वा नक्कली अन्तःशुल्क टिकटको प्रयोग जस्ता क्रियाकलापलाई पनि कैद सजायको व्यवस्था गरिएको छ। यस ऐनअन्तर्गत सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिबाना र सवारी चालकलाई कसुरको प्रकृति हेरी पन्ध्र हजार रूपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्थामा सवारी धनी र सवारी चालकलाई हुने जरिबानाको हदलाई वृद्धि गरी कैद सजायको व्यवस्थालाई जरिबानाले प्रतिस्थापन गर्नु उपयुक्त हुन्छ।

३.४.११.२ त्यसैगरी ऐनको दफा १५ को पहिलो खण्डअन्तर्गत व्यवस्था गरिएको यस ऐनविपरीत कार्य हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएपछि सो कुराको सूचना दिनुपर्ने व्यक्तिलाई सूचना नदिएकै कारण तीन महिनासम्म कैद हुन सक्ने व्यवस्थालाई हटाउन उपयुक्त देखिन्छ। सो दफाको दोस्रो खण्डमा स्पष्ट रुपमा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयले मागेको बखत मद्दत दिनुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले जानीजानी त्यस्तो सूचना वा मद्दत नदिएमा तीन महिनासम्म कैद हुन सक्ने व्यवस्था राखिएकोले पहिलो खण्डमा उल्लेख भएको व्यवस्थमा "जानीजानी" वा "कर्तव्य भएको" भन्ने अवस्था उल्लेख नभएकोले कानुनले नै बाध्यकारी रुपमा सूचना दिनुपर्ने गरी व्यवस्था नगरेको अवस्थामा सूचना नदिएकै आधारमा कोही व्यक्तिलाई कैद सजाय गर्ने व्यवस्था फौजदारी कानुनको मान्य सिद्धान्तको समेत विपरित हुन्छ। त्यसैगरि, ऐनको दफा १६ को उपदफा (२) मा मदिरा, चुरोट र सूर्तीजन्य वस्तु उत्पादन वा पैठारी गर्ने इजाजतपत्रवालाले कुनै कसुर गरी अन्तःशुल्क दबाए, छिपाए वा छलेमा त्यस्तो कसुरको निमित्त बिगो जफत गरी बिगोको दुई सय प्रतिशत जरिबाना वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो जरिबाना वा एक बर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने व्यवस्थामा बिगोको दुई सय प्रतिशत जरिबाना वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो जरिबाना नै पर्याप्त सजाय हुने हुनाले सो जरिबाना गर्ने व्यवस्थामा थप एक वर्षसम्म कैद समेत गर्न सकिने व्यवस्थाले सजाय निर्धारणको स्थापित मान्यतामा समेत प्रतिकुल असर पार्ने देखिन्छ।

### ३.४.१२ राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

३.४.१२.१ यस ऐनअन्तर्गत राजस्व चुहावटको कसुर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई कैद सजायको व्यवस्था गरिएको छ भने ढुवानीका साधन प्रयोग गर्ने सवारी चालकलाई समेत सवारी धनीको अनुमती बिना ढुवानीको साधन प्रयोग गरेको अवस्थामा कैद सजाय हुने गरी ऐनमा व्यवस्था गरिएको देखिन्छ। यस ऐनको उद्धेश्य मुख्यतः सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकासलाई द्रुत विकास गर्न बढीभन्दा बढी राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा

हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व सङ्कलनमा वृद्धि ल्याउन यस ऐनको दफा २३ मा राजस्व चुहावटको कसुर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई बिगोको शत् प्रतिशत जरिबाना तथा कसुरको मात्राअनुसार कैद सजाय समत हुने व्यवस्था गरिएको छ ।

३.४.१२.२ तर, राजस्व चुहावटको कार्य मनासयपूर्वक वा जालसाजपूर्ण तरिकाले भएको हो वा होइन भनि स्पष्ट रुपमा उल्लेख गरिएको छैन । त्यसकारणले यस ऐनमा राजस्व चुहावट गर्ने मनसाय राखी, जानीजानी वा जालसाजीपूर्ण कार्य गरेको सन्दर्भमा व्याख्या गरी त्यसरी गरिएको कार्यहरूलाई मात्र कैद सजाय हुने कसुरअन्तर्गत राखि अन्य कार्यको हकमा कैद सजाय हुने व्यवस्थालाई हटाउन उचित हुने देखिन्छ ।

## ३.४.१३ मूल्य अभिवृद्धि कर ऐन, २०५२

३.४.१३.१ यस ऐनअन्तर्गत वस्तु तथा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गर्ने, झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गर्ने, जालसाजी गरी कर छल्ने, दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गर्ने लगायतको कार्यलाई कैद सजायको व्यवस्था गरिएको छ ।

३.४.१३.२ राजस्व सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाइ राजस्व परिचालन बढाउन वस्तु वा सेवाको बिक्री, वितरण, हस्तान्तरण, आयात वा निर्यातलगायतका सबै कारोबारमा मूल्य अभिवृद्धि कर लगाउने र असुल उपर गर्ने प्रक्रियालाई व्यवस्थित गरी राजस्व सङ्कलन प्रभावकारी ढङ्गबाट गर्न बनेको उक्त ऐनमा झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरेमा, जालसाजी गरी कर छलेमा, दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्तिसरह व्यवहार गरेमा लगायतको कसुर गरेमा कैद सजाय हुने व्यवस्था गरिएकोले सो व्यवस्थामा केही टिप्पणी गर्नुपर्ने देखिँदैन ।

## ३.४.१४ उपभोक्ता संरक्षण ऐन, २०७५

३.४.१४.१ गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानी, नोक्सानीबापत क्षतिपूर्ति उपलब्ध गराउने उद्धेश्य राखेको यस ऐनअन्तर्गत लेबलिङ्ग नगरेमा वा लेबलमा झुठा कुरा उल्लेख गरेमा, उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता वा सेवा प्रदायकले आफ्नो दायित्व पूरा नगरेमा वा दायित्वको उल्लङ्घन हुने काम गरेमा, बिक्रेताले तोकेको अवधिभित्र सामान फिर्ता नलिएमा वा त्यस्तो मूल्य बराबरको सामान सट्टा नदिएमा, अनुचित व्यापारिक क्रियाकलाप गरेमा लगायतको अन्य कार्यहरूलाई कसुरअन्तर्गत राखी कैद सजायको व्यवस्था गरिएको छ ।

३.४.१४.२ यस ऐनको दफा ३८ मा कसुर भएको मानिने भनि विभिन्न कसुरहरूको सूचीको व्यवस्था गरिएतापनि सो कसुरजन्य कार्यहरूलाई समेत मनसाय वा जालसाजी पूर्वक सम्पन्न भएको हो होइन भन्ने व्यवस्था पनि कानुनमा उल्लेख गरी मनसाय वा जालसाजी पूर्वक गरिएको कार्यहरूको लागि मात्र कसुर र सजायको व्यवस्था गर्दा उचित हुने देखिन्छ ।

३.४.१५ अब वाणिज्य क्षेत्रसँग दण्ड सजायको अवधारणा विश्लेषण गर्दा मौजुदा कानुनअन्तर्गत कसुरको सजाय निर्धारण तर्फ कुनै कसुरमा निश्चित कैदको व्यवस्था गरिएको छ भने कुनै कसुरमा कैद र जरिबाना पनि निश्चित रहेको अवस्था छ । त्यसैगरि कुनै कसुरमा कैद निश्चित भएको तर जरिबाना निश्चित नभएको पाइन्छ भने कुनै कसुरमा जरिबाना निश्चित रहेको र कैद निश्चित नरहेको समेत पाईन्छ । साथै कैद र जरिबानाको सजायको तल्लो र माथिल्लो हद दुवै तोकिएको अवस्था पनि छ भने कैद र जरिबानाको माथिल्लो हदको व्यवस्था मात्र गरिएको छ ।

३.४.१६ नेपालको वाणिज्य गतिविधि नियमन गर्न निर्माण भएका कानुनहरूमा नियतवस वा मनसायपूर्वक नगरिएका कार्यहरूलाई कैद सजायसम्म गर्ने कानुनी व्यवस्थाहरूको आवश्यकता छ वा छैन भन्ने विश्लेषण आवश्यक रहेको छ । वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई नियमन गर्नको लागि फौजदारी कानुनलाई मुख्य साधनकोरूपमा प्रयोग नगरी अन्तिम विकल्पकोरूपमा प्रयोग गर्नुपर्दछ । व्यक्ति, समाज, वा वातावरणलाई हानी नपुर्‍याउने वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई फौजदारी कार्यको रुपमा लिनु अनुचित हुन्छ । कुनै पनि कार्य फौजदारी कसुर हो कि होइन भन्ने निर्धारण गर्दा उक्त कार्यको गम्भीरता, त्यसबाट उत्पन्न दण्डनीय परिणाम, र उक्त कार्य मनसाय पूर्वक गरिएको हो वा लापरवाही वा अनजानमा भएको भुल हो भन्ने कुराको यकिन गर्नुपर्दछ । तर, वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई कसुरको रुपमा परिभाषित गर्दा र सजाय निर्धारण गर्दा न्यायिक रुपबाट नगरि यान्त्रिक तरिकाबाट भएको देखिन्छ । वित्तीय प्रकृतिका अपराधमा संलग्न विगो वा रकम नै कसुरदारलाई हुने सजायको निर्धारक तत्व हुनुपर्दछ ।

परिच्छेद-४

# सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर तथा सिद्धान्त

## ४.१ सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर तथा सिद्धान्त

| क्र.स | सम्बद्ध नजिर | फैसला गर्ने मा.न्या | प्रतिपादित सिद्धान्त |
|---|---|---|---|
| १. | ने.का.प. २०६८, अङ्क ६, नि.नं ८६३७ असर्फीलाल साह तेलीको जाहेरीले नेपाल सरकारविरुद्ध जिल्ला बारा, प्रष्टोका गा.वि.स. वडा नं. ५ बस्ने बैजनाथ साह तेली समेत | सर्वोच्च अदालत, संयुक्त इजलास<br><br>मा. न्या. श्री कल्याण श्रेष्ठ<br>मा. न्या.प्रा.डा.श्री भरतबहादुर कार्की | फौजदारी कानुन र न्यायको एउटा महत्वपूर्ण उद्देश्य भनेको कसुरदारलाई सजाय गर्नुको साथै अपराधको रोकथाम र नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्था कायम गर्नु पनि हो । कसुरदारलाई सजाय तोक्दा दण्ड गरे जस्तो मात्र देखिनु हुँदैन । कसुरको मात्रा र गाम्भीर्यताअनुसार दण्ड पाएको अनुभूति गरी पश्चातापको वातावरण पनि सिर्जना हुने किसिमले दण्ड गर्नुपर्ने । |
| २. | ने.का.प, २०७० अङ्क११, नि.नं ९०७२ भोजपुर जिल्ला, टक्सार गा.वि.स. वडा नं. १ घर भै सशस्त्र प्रहरी बल, त्रिपुरागण, कोहलपुर बाँकेका सशस्त्र प्रहरी वरिष्ठ हवल्दार पदबाट हटाइएको रामकुमार रणपहेली विरूद्ध नेपाल सरकार गृह मन्त्रालय सिँहदरबार, काठमाडौंसमेत | सर्वोच्च अदालत,पूर्ण इजलास<br><br>स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा<br>मा. न्या.श्री प्रकाश वस्ती<br>मा. न्या.श्री तर्कराज भट्ट | सजाय दिनु भनेको बदला लिनु होइन। त्यसैले सजायको निर्धारणमा न्यायिक मनको प्रयोग हुनैपर्दछ। न्यायिक मनको परिधि कानुनले नै निर्धारित गरिदिएको अवस्थामा सो परिधिबाहिर गरिने निर्णय त्रुटिपूर्ण हुन्छ। बारम्बार वा बराबर वा पटकपटक कसुर गर्दा मात्र हुने सजाय एकभन्दा बढी पटक गरेको स्थापित नभइ गर्न नसकिने । |
| ३. | ने.का.प.२०६४, अङ्क ५, नि.नं ७८४५ प्रहरी प्रतिवेदनले श्री ५ को सरकार विरूद्ध चीन तिब्बतियन नागरिक हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.६ बस्ने तिब्बतियन शरणार्थी लोप्साङ नोर्बु लामा | सर्वोच्च अदालत ,संयुक्त इजलास<br><br>मा. न्या.श्री केदारप्रसाद गिरी<br>मा. न्या.श्री कल्याण श्रेष्ठ | पहिला पटक कसुर गरेका कसुरदारको क्रियाले समाजमा गम्भीर रुपमा हानी पुर्‍याएको अवस्था छैन, कानुनबमोजिम वैकल्पिक सजाय गर्दा निजमा सुधारको सम्भावना देखिन्छ र यस्तो व्यक्ति समाजमा सभ्य, योग्य र सुशील नागरिकको रुपमा उभिन सक्छ भन्ने लाग्दछ भने त्यस्तो सुविधा प्रदान गरिनु उपयुक्त हुने । |
| ४. | ने.का.प २०७४, अङ्क ७, नि.नं ९८४४ काठमाडौं जिल्ला, सुन्दरीजल गा.वि.स. वडा नं. ८ घर भइ हाल कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंमा थुनामा रहेका देवेन्द्र पुडासैनीविरुद्ध कृष्णप्रसाद पुडासैनीको जाहेरीले नेपाल सरकार | सर्वोच्च अदालत, संयुक्त इजलास<br><br>मा. न्या.श्री केदारप्रसाद चालिसे<br>मा. न्या.श्री हरिकृष्ण कार्की | आपराधिक मनसायबिना गरेको कार्य अपराध हुँदैन (Act alone does not amount to guilt, it must be accompanied by mens rea) भन्ने फौजदारी दायित्वको सर्वमान्य सिद्धान्तसमेत रहेको पाइन्छ । |

| क्र.स | सम्बद्ध नजिर | फैसला गर्ने मा.न्या | प्रतिपादित सिद्धान्त |
|---|---|---|---|
| ५. | ने.का.प २०६२, अङ्क २, नि.नं ७४९१<br>अधिवक्ता रत्नबहादुर बागचन्द समेतविरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालय समेत | सर्वोच्च अदालत, विशेष इजलास मा. न्या. श्री मीनबहादुर रायमाझी<br>मा. न्या.श्री खिलराज रेग्मी<br>मा. न्या.श्री बलराम के.सी. | मानिसहरूको के कस्तो व्यवहारलाई अपराध मान्ने र के कस्तो कसुरमा के कति सजायँ गर्ने भन्ने विषय समय र सामाजिक परिस्थितिअनुसार सापेक्षिक रुपमा आवश्यकतानुसार परिवर्तन हुँदै जाने । |
| ६. | ने.का.प २०६२, अङ्क ८, नि नं १००६८<br>राजेशकुमार खतिवडा विरूद्ध प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | सर्वोच्च अदालत, संयुक्त इजलास<br>मा. न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.<br>मा. न्या.श्री सपना प्रधान मल्ल | सामाजिक मानवीय आवश्यकतालाई सम्बोधन गर्दा भएका कतिपय कमीकमजोरीहरूमा उच्चतम हदको सजाय तोक्नभन्दा उत्तरदायी बनाउने न्यूनतम हदको सजाय तोक्न सक्ने अधिकार पनि निर्णय गर्ने अधिकारीलाई नै रहेको अवस्थामा सजाय तोक्ने नीति, सिद्धान्तको आधारमा गल्तीको कारक तत्त्व (Cause of misconduct) र सोको समानुपातिक मात्रा (proportionality of misconduct) लाई हेरेर सजाय तोक्नुपर्छ । |
| ७. | ने.का.प २०७८, अङ्क ९, नि.नः १०७४४<br>ऋषिप्रसाद जैसीसमेतको जाहेरीले नेपाल सरकार बिरुद्ध डिल्लीप्रसाद सापकोटा समेत | सर्वोच्च अदालत, संयुक्त इजलास<br>मा. न्या.श्री अनिलकुमार सिन्हा<br>मा. न्या.श्री पुरूषोत्तम भण्डारी | आपराधिक दायित्वको निर्क्योल यान्त्रिकरूपमा दर्ताको आधारमा मात्र गर्ने होइन, फौजदारी न्याय प्रणालीसम्बन्धी न्यायका मान्य सिद्धान्त तथा कानुनी व्यवस्था र मुद्दाको तथ्यबिच तादम्यता राखी कसुर स्थापित गर्नु आवश्यक हुने । |
| ८. | ने.का.प २०७६, अङ्क ८, नि.नं १०३३८<br>श्रीराम सुगर मिल्स लिमिटेडको तर्फबाट अधिकारप्राप्त सञ्चालक हेमन्त गोल्छाविरुद्ध आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं | सर्वोच्च अदालत, संयुक्त इजलास<br>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई<br>मा. न्या.श्री अनिलकुमार सिन्हा | अन्यथा प्रमाणित नभएसम्म वा कानुनद्वारा प्रतिबन्धित कार्य नगरेसम्म व्यवसाय सञ्चालन गर्दा व्यवसायीले कारोबारको हितमा आफैं निर्णय गर्छन् भन्ने विश्वास गर्नुपर्ने । |
| ९. | ने.का.प. २०६९, अङ्क ७, निर्णय नं. ८८५५<br>भद्रबन्दीगृहमा थुनामा रहेको खेसबहादुर तामाङविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | सर्वोच्च अदालत, विशेष इजलास<br>माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह<br>माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय<br>माननीय न्यायाधीश श्री कमलनारायण दास | कानुनले अन्यथा व्यवस्था गरेमा बाहेक कसुरको गम्भीरता र प्रकृतिलाई वर्गीकरण गर्न पाउने कार्यपालिकाको अन्तर्निहीत अधिकार रहेको र संविधान र कानुनबमोजिम अपराध र सजायको मात्रा, अपराधको समाजमा पर्ने दूरगामी प्रभाव, परिणाम र असर समेतलाई विचार गरी खास प्रकारका मुद्दाका कैदीलाई अन्य प्रकारका मुद्दाका कैदीभन्दा बेग्लै प्रकारले कैद भुक्तान गराएकै आधारमा राज्यबाट भेदभाव गरिएको भन्ने अर्थ गर्न नमिल्ने । |
| १०. | सर्वोच्च अदालत बुलेटिन २०७५, वैशाख, पृष्ठ ३२-३३<br>शम्भु रानामगर वि. नेपाल सरकार, नेपाल सरकार वि. शम्भु रानामगरसमेत र नेपाल सरकार वि. मित्रलाल श्रेष्ठसमेत | मा.न्या. श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे | वस्तुतः अपराधीलाई सजाय गर्नुको उद्देश्य अपराधिबाट समाजको सुरक्षा गर्नु, भविष्यमा त्यस प्रकारका अपराध गर्न उन्मुख व्यक्तिलाई हतोत्साहित गराउनु, आफूले गरेको अपराधको प्रायश्चित गराइ निजलाई सुधार गरी भोलि कानुनपरायण नागरिक बनाइ समाजमा पुनर्स्थापित गर्नु र पीडित पक्षलाई सान्त्वना दिलाउनु हुने । |

## ४.२ सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर तथा सिद्धान्तको विश्लेषण

४.२.१ नेपालको कानुनी प्रणालीमा फौजदारी दायित्व निर्धारणसम्बन्धी विभिन्न नजिर तथा सिद्धान्तहरू प्रतिपादन भएका छन् जसले अपराध तथा सजायको सिद्धान्तलाई परिभाषित गर्ने प्रयास गरेका छन् । सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिर तथा सिद्धान्तहरूलाई गहिरो विश्लेषण गर्दा व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूको मामिलाहरूमा फौजदारिकरण/अपराधीकरणको औचित्यमाथि प्रश्न उठ्छ । विशेषगरी, नेपालमा व्यवसायिक वातावरणलाई सहज बनाउँदै गैर-आपराधिक प्रकृतिका आर्थिक उल्लङ्घनहरूलाई फौजदारी कारबाहीको सट्टा देवानी तथा प्रशासनिक उपायबाट समाधान गर्ने विषयमा बहस हुन आवश्यक देखिन्छ ।

४.२.२ असर्फीलाल साह तेलीको जाहेरीले नेपाल सरकारविरुद्ध जिल्ला बारा, प्रष्टोका गा.वि.स. वडा नं. ५ बस्ने बैजनाथ साह तेली समेतको मुद्दामा फौजदारी कानुनको उद्देश्य समाजमा अपराधको रोकथाम र नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्था कायम गर्नु हो भनि प्रतिपादित भएको छ । तर, व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूको मामिलाहरूमा त्रुटि, अनभिज्ञता वा जटिल प्रक्रियागत कारणले उत्पन्न हुने विवादलाई फौजदारी अपराध ठान्नु कत्तिको न्यायसंगत छ भन्ने प्रश्न रहेको छ । व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूमा हुने गरेका गल्तिहरू जानाजानी अपराध गर्ने मनसाय (mens rea) बिना हुने हुदाँ त्यस्ता कार्यलाई प्रशासनिक वा आर्थिक जरिबानाबाट समाधान गर्न सकिन्छ । यसकारण, नेपालमा व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूसम्बन्धी हुने गरेको फौजदारी कारबाहीलाई अपराधमुक्तिकरण गरेर फौजदारी कानुनको समाजमा अपराधको रोकथाम र नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्था कायम गर्ने उद्देश्य हासिल गर्न सकिन्छ ।

४.२.३ भोजपुर जिल्ला, टक्सार गा.वि.स. वडा नं. १ घर भै सशस्त्र प्रहरी बल, त्रिपुरागण, कोहलपुर बाँकेका सशस्त्र प्रहरी वरिष्ठ हवल्दार पदबाट हटाइएको रामकुमार रणपहेली विरूद्ध नेपाल सरकार गृह मन्त्रालय सिँहदरबार, काठमाडौंसमेतको मुद्दामा सजाय दिनु भनेको बदला लिनु होइन भनी नजिर स्थापित भएको छ । यस कारण व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई फौजदारीकरण गर्नु कानुनी त्रुटि हुनसक्छ । कर प्रणालीमा भएका अन्यौलहरू, प्रशासनिक नीतिगत कमजोरीहरू वा नियामकीय जटिलताका कारण व्यवसायीहरू कानुनी फन्दामा पर्नु अनुचित हुन्छ । यस सन्दर्भमा, सजायको व्यवस्थामा सुधार गरी नियामक अनुपालन प्रणालीलाई प्रभावकारी बनाउनु आवश्यक देखिन्छ । त्यसैगरी, शम्भु रानामगर वि. नेपाल सरकार, नेपाल सरकार वि. शम्भु रानामगरसमेत र नेपाल सरकार वि. मित्रलाल श्रेष्ठसमेतको मुद्दामा प्रतिपादित सिद्धान्तलाई विश्लेषण गर्दा व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूमा कठोर दण्डको सट्टा सुधारात्मक नीति र व्यवसायीलाई सही दिशा देखाउने उपाय खोजिनुपर्छ भन्ने देखिन्छ ।

४.२.४ लोप्साङ नोर्वु लामाको मुद्दामा पहिलो पटक अपराध गर्ने व्यक्तिलाई सुधारको अवसर दिनुपर्ने नजिरले व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई फौजदारीकरण आवश्यक नभएको संकेत गर्छ । व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्षेत्रको मुख्य उद्देश्य नाफा कमाउनु र आर्थिक गतिविधि प्रवर्द्धन गर्नु हो, अपराध गर्नु होइन । त्यसैले वैकल्पिक सजायको अवधारणाअनुसार, व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूमा जरिबाना, कर फछ्र्यौट तथा सुधारात्मक उपायहरू प्रभावकारी हुन सक्छन् ।

४.२.५ काठमाडौं जिल्ला, सुन्दरीजल गा.वि.स. वडा नं. ८ घर भइ हाल कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंमा थुनामा रहेका देवेन्द्र पुडासैनीविरुद्ध कृष्णप्रसाद पुडासैनीको जाहेरीले नेपाल सरकारको मुद्दामा अपराधीकरणको लागि अपराध गर्ने मनसाय आवश्यक हुने भनि सिद्धान्त प्रतिपादन भएको छ । नेपालमा व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराध ठहर गर्दा अपराध गर्ने मनसाय (mens rea) को विद्यमानता भए नभएको कुरालाई के कस्तो आधारमा मापन गर्ने भन्ने पनि अन्यौलता नै रहेको देखिन आएको छ । व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूमा हुने नियामक उल्लङ्घनहरू प्रक्रियागत त्रुटि वा अद्यावधिक नीतिगत जटिलताका कारण हुन सक्ने हुदाँ व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई आपराधिकरूपमा व्याख्या गर्नु गलत हुन्छ ।

४.२.६ अधिवक्ता रत्नबहादुर बागचन्द समेतविरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालय समेतको मुद्दामा समयानुसार कानुनी परिभाषा परिवर्तनशील हुने भनिएको छ । विश्वव्यापीरूपमा व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई देवानी, प्रशासनिक तथा आर्थिक व्यवस्थाबाट समाधान गर्न प्रवृत्ति देखिएको

छ । नेपालले पनि यो दिशामा सोच्न आवश्यक रहेको छ । कर विवाद, कम्पनी ऐनको उल्लङ्घन, नियामक प्रकृया पूरा नगर्नु जस्ता मामिलाहरूलाई फौजदारी दायरामा राख्दा लगानीमैत्री वातावरण कमजोर हुने हुदाँ समयानुसार व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधमुक्तिकरण गर्न अपरिहार्य रहेको छ ।

४.२.७ श्रीराम सुगर मिल्स लिमिटेडको तर्फबाट अधिकारप्राप्त सञ्चालक हेमन्त गोल्छाविरुद्ध आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौंको मुद्दामा व्यवसायीले आफ्नो स्वविवेकमा कारोबार सञ्चालन गर्ने स्वतन्त्रता रहेको भनि जनिर स्थापित भएको छ । यदि व्यवसाय सञ्चालन स्वतन्त्र छ भने, कानुनी अस्पष्टता तथा जटिलताका कारण व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधीकरण गर्नु संविधानको आर्थिक स्वतन्त्रताको मर्मविपरीत हुन्छ । यस कारण नेपालले व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई नियमन गर्ने कानुनहरूलाई आधुनिक बनाउन नियमनात्मक सजायको प्रयोगलाई बढाउनुपर्छ र व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधमुक्तिकरण गर्नुपर्ने देखिन्छ ।

४.२.८ राजेशकुमार खतिवडा विरूद्ध प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत को मुद्दामा प्रतिपादन भएको सिद्धान्तलाई विश्लेषण गर्दा व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूमा न्यूनतम हदको सजाय तोक्न सकिने अधिकार न्यायालयसँग सुरक्षित रहेको देखिन्छ । यसर्थ, व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूमा कठोर फौजदारी सजायको सट्टा आर्थिक दण्ड वा पुनर्संरचनात्मक उपाय अवलम्बन गर्नु उचित हुन्छ ।

४.२.९ भद्र बन्दीगृहमा थुनामा रहेको खेसबहादुर तामाङविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको मुद्दामा कार्यपालिकाले अपराधको गम्भीरता वर्गीकरण गर्न सक्ने भनिएको छ । यसर्थ, व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूलाई अपराधमुक्तिकरण गर्ने नीति कार्यपालिकाले स्पष्ट रुपमा बनाउनु पर्दछ ।

४.२.१० ऋषिप्रसाद जैसीसमेतको जाहेरीले नेपाल सरकार बिरुद्ध डिल्लीप्रसाद सापकोटा समेतको मुद्दामा आपराधिक दायित्वको निर्क्यौल यान्त्रिकरूपमा दर्ताको आधारमा मात्र गर्ने होइन, फौजदारी न्याय प्रणालीसम्बन्धी न्यायका मान्य सिद्धान्त तथा कानुनी व्यवस्था र मुद्दाको तथ्यबीच तादम्यता राखी कसुर स्थापित गर्नु आवश्यक हुने भनि प्रतिपादन भएको छ। सोही अनुरूप, व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूसम्बन्धी धेरै विषयहरू–जस्तै करसम्बन्धी त्रुटि, नियामकीय अनुपालनको कमी वा सम्झौतागत विवादहरूलाई–आपराधिक मुद्दाकारूपमा हेर्नुको सट्टा देवानी वा प्रशासनिक प्रक्रियाबाट समाधान खोज्ने प्रवृत्ति विकास गर्नुपर्ने देखिन्छ ।

४.२.११ यसर्थ, नेपालले व्यावसायिक तथा वाणिज्यसम्बन्धी क्रियाकलापहरूको अपराधीकरणको पुनरावलोकन गरी वैकल्पिक समाधानहरू, सुधारात्मक नीति तथा प्रशासनिक जरिबानालाई प्राथमिकता दिनुपर्ने देखिन्छ । सो भएमा नेपाललाई लगानीमैत्री तथा आर्थिकरूपमा स्थिर राष्ट्र हुन सहयोग समेत हुनेछ ।

परिच्छेद-५

# अन्तर्राष्ट्रिय अभ्यास

## ५.१ भारतको कम्पनी ऐनअन्तर्गत भएका कानुनी सुधार

५.१.१ भारतमा सन् २०१८ मा कम्पनी ऐनमा गरिएको संसोधनबाट मुख्य गरी फौजदारी कसुर मानिएको १३४ वटा विषयलाई घटाएर १२४ मा सिमित गर्यो। त्यसैगरी उजुरीकर्ताले उजुरी फिर्ता लिन सक्ने शमनीय अपराध (Compoundable Offence) लाई पनि ८१ बाट ३१ मा घटाइएको अवस्था छ। त्यसैगरि २०२३ मा जन विश्वास ऐनमार्फत कृषि, वातावरण, र मिडिया र प्रकाशनसहितका क्षेत्रहरूमा लागु हुने ४२ कानुनहरूलाई संशोधन गरियो। अदालतमा गरिएको अभियोजन पश्चात तोकिने दण्ड-सजायलाई प्रशासनिक निकायले तोक्न सक्ने शुल्कमा विस्थापित गरी कैद हुने गरी गरिएको सजाय पनि हटाइएको छ। भारतको कम्पनी ऐनमा भएको सुधार निम्न उल्लेखित तालिकाबमोजिम रहेको छ।

### ५.१.२ कैद सजाय हटाइएका केही उदाहारणहरू

| S.No. | Section of the Companies Act, 2013 | Offences | Changes |
|---|---|---|---|
| 1. | Section 8 - Formation of companies with charitable objects, etc. | Default in complying with the requirements relating to the formation of companies with charitable objects, etc. | Omit the punishment with imprisonment up to 3 years on director and every officer of the company who is in default. |
| 2. | Section 26 - Matters to be stated in prospectus | Contravention of provisions relating to the issue of a prospectus. | Omit the punishment with imprisonment up to 3 years on every person who is knowingly a party to the issue of such prospectus. |
| 3. | Section 40 - Securities to be dealt with in stock exchanges | Default in complying with the provisions in relation to securities to be dealt with in stock exchanges. | Omit the punishment with imprisonment up to 1 year on every officer of the company who is in default. |
| 4. | Section 68 - Power of company to purchase its own securities | If a company makes any default in complying with the provisions of this section or any regulation made by SEBI. | Omit the punishment with imprisonment up to 3 years on every officer of the company who is in default. |
| 5. | Section 128 - Books of account, etc ., to be kept by company | If MD, WTD in charge of finance, CFO or any other person of a company charged by the Board with the duty of complying with the provisions of this section, contravenes such provisions. | Omit the punishment with imprisonment up to 1 year on such MD, WTD in charge of finance, CFO or other person charged by the Board of the company. |
| 6. | Section 147 - Punishment for contravention | If any of the provisions of sections 139 to 146 (both inclusive) is contravened . | Omit the punishment with imprisonment up to 1 year on every officer of the company who is in default. |
| 7. | Section 167 - Vacation of office of director | If a person functions as a director even when he knows that the office of director held by him has become vacant on account of any of the disqualifications specified in this section. | Omit the punishment with imprisonment up to 1 year on such person. |
| 8. | Section 242 - Powers of Tribunal | Contravention of the order of NCLT relating to alterations in MOA or AOA. | Omit the punishment with imprisonment up to 6 months on every officer of the company who is in default. |
| 9. | Section 243- Consequences of termination or modification of certain agreement | Any person or director of the company who knowingly acts as a managing director or other director or manager of a company in contravention of clause (b) of sub-section (1) or sub-section (1A) of this section. | Omit the punishment with imprisonment upto 6 months on such person and director. |

| S.No. | Section of the Companies Act, 2013 | Offences | Changes |
|---|---|---|---|
| 10 . | Section 347- Disposal of books and papers of company | If any person acts in contravention of any rule framed or an order made under sub-section (3) of this section . | Omit the punishment with imprisonment upto 6 months on such person . |
| 11 . | Section 392- Punishment for contravention | If a foreign company contravenes the provisions of Chapter XXII relating to 'Companies Incorporated outside India' . | Omit the punishment with imprisonment upto 6 months on every officer of the foreign company who is in default . |

## ५.१.३ भारतको कम्पनी कानुनमा जरिबाना घटाइएका उदाहारणहरूः

| S.No. | Section of the Companies Act, 2013 | Offences | Changes |
|---|---|---|---|
| 1. | Section 64 - Notice to be given to Registrar for alteration of share capital | In case a company fails to file a notice of alteration or increase or redemption of share capital with the Registrar within 30 days. | - Reduction in the amount of penalty on company and every officer who is in default from Rs. 1,000 to Rs. 500 for each day during which default continues. - Further, reduction in the maximum amount of penalty on every officer who is in default from Rs. 5 lakh to Rs. 1 lakh. |
| 2. | Section 92 - Annual return | In case a company fails to file its annual return within the specified period (i . e . , 60 days from AGM). | - Reduction in the amount of penalty on company and every officer who is in default from Rs . 50 thousand to Rs. 10 thousand. - Further, reduction in the maximum amount of penalty from Rs. 5 lakh to Rs. 2 lakh in case of a company and Rs 50 thousand in case of an officer who is in default . |
| 3. | Section 117 - Resolutions and agreements to be filed | In case any company fails to file the resolution or the agreement with the Registrar within specified time (i.e. 30 days from the date of passing the resolution). | - Reduction in the amount of penalty on company from Rs. 1 lakh to Rs. 10 thousand, in case of continuing failure, each day penalty from Rs. 500 to Rs. 100 and maximum amount of penalty from Rs. 25 lakh to Rs. 2 lakh. - Reduction in the amount of penalty on officer who is in default from Rs. 50 thousand to Rs. 10 thousand, in case of continuing failure, each day penalty from Rs. 500 to Rs. 100 and maximum amount of penalty from Rs. 5 lakh to Rs. 50 thousand. |
| 4. | Section 137 - Copy of financial statement to be filed with Registrar | In case a company fails to file the copy of the financial statements with the Registrar within the time specified therein (i.e. within 30 days from the date of AGM). | - Reduction in the amount of penalty on company from Rs. 1,000 to Rs. 100 for each day during which the failure continues and maximum amount of penalty from Rs. 10 lakh to Rs. 2 lakh. - Reduction in the amount of penalty on MD, CFO, directors from Rs . 1 lakh to Rs . 10 thousand and maximum amount of penalty from Rs. 5 lakh to Rs. 50 thousand. |
| 5. | Section 140 - Copy of financial statement to be filed with Registrar | In case the auditor fails to file his resignation with the Registrar within the time specified therein (i.e. 30 days from the date of resignation). | Reduction in the maximum amount of penalty on auditor from Rs. 5 lakh to Rs. 2 lakh. |
| 6. | Section 165 - Number of directorships | In case a person holds office as a director in more than the limit specified therein. | Reduction in the amount of penalty on such person from Rs. 5,000 to Rs. 2,000 for each day after the first during which such violation continues and maximum amount of penalty restricted to Rs. 2 lakh. |

### ५.१.४ अपराध हटाईएका उदाहारणहरू:

| S.N. | Section of the Companies Act 2013 | Offences |
|---|---|---|
| 1. | Section 16- Rectification of name of company | Default in complying with any direction of the Central Government for rectification of name of company. |
| 2. | Section 48-Variation of shareholders' rights | Default in complying with the provisions relating to variation of shareholders' rights. |
| 3. | Section 59- Rectification of registration of members | Default in complying with the order of NCLT relating to rectification of register of members. |
| 4. | Section 66- Reduction of share capital | If a company fails to publish the confirmation order of the reduction of share capital by the Tribunal. |
| 5. | Section 71-Debentures | Default in complying with the order of Tribunal relating to redemption of debentures. |
| 6. | Section 302- Dissolution of company by Tribunal | If the Company Liquidator makes a default in forwarding a copy of the order to the Registrar within the period specified therein. |
| 7. | Section 342- Prosecution of delinquent officers members of company and | If a person fails or neglects to give assistance required under this section. |
| 8. | Section 348- Company Liquidator to deposit monies into scheduled bank | If a Company Liquidator makes wilful default in filing the statement referred to in sub-section (1) of this section. |
| 9. | Section 356- Powers of Tribunal to declare dissolution of company void | If the Company Liquidator or the person fails to file the certified copy of the order with the Registrar under this section. |

### ५.१.५ भारतको जनविश्वास ऐन

भारतमा सन् २०१३ मा जनविश्वास ऐनमार्फत कृषि, वातावरण, मिडिया र प्रकाशनसहितका क्षेत्रहरूमा ४२ कानुनहरू संशोधन गरियो। यस ऐनमार्फत अदालतमा गरिएको अभियोजनपश्चात तोकिने दण्ड-सजायलाई प्रशासनिक निकायले तोक्न सक्ने शुल्कमा विस्थापित गरी र कैद जेल सजया पनि हटाइएको छ। सो ऐनले भारतमा कैद सजायको व्यवस्था गरिएको कसुरहरूमा जरिबाना मात्र हुने गरी संशोधन गरेको छ। उदाहारणको लागि: Information Technology Act, २००0, disclosing personal information in breach of a lawful contract is punishable with imprisonment of up to three years, or a fine of up to five lakh rupees, or both भन्ने पुरानो व्यवस्थालाई यस ऐनमार्फत संशोधन गरी a penalty of up to Rs 25 lakh राखियो।

### ५.१.६ युनियन बजेटमार्फत अपराधमुक्तिकरणको लागि प्रस्ताव गरिएको केही उदाहारणहरू:

भारतमा व्यापार गर्न सहजीकरण गर्नको निमित्त सन् २०२३ को बजेटमार्फत केन्द्र बैंकबाट नियमित हुने ४२ वटा ऐनहरूमा विद्यमान रहेको कानुनी व्यवस्थाहरूमा प्रकृया घटाउन संशोधन एवम् अपराधमुक्तिकरण गर्न प्रस्ताव गरिएको छ। अन्तर-मन्त्रालय समिति स्थापना गरी च्भकभचखभ द्यबलप या क्षलमष्ब बाट नियमित हुने वाणिज्य कानुनहरूमा फौजदारी दायित्व सिर्जना हुने गरी व्यवस्था भएको कानुनी व्यवस्थाहरूलाई युनियन बजेटमार्फत अपराधमुक्तिकरण गर्न प्रस्ताव गरिएको छ।

## ५.२ अन्य देशको उदाहरणहरू (फ्रान्स, स्पेन, जर्मनी र संयुक्त अधिराज्य)

शेयरधनीको सभा नबोलाएर शेयरधनीलाई उपलब्ध गराउनुपर्ने संक्षिप्त आर्थिक विवरण, वार्षिक आर्थिक विवरण वा प्रतिवेदन उपलब्ध नगराउनु जर्मनीमा प्रशासनिक प्रावधानहरूअन्तर्गत दण्डनीय छ भने स्पेन र संयुक्त अधिराज्यमा यो अपराध दण्डनीय छैन। नेपालमा भने सम्बन्धित संचालकलाई दुई वर्षसम्म कैद सजाय हुन्छ। त्यसैगरी, फ्रान्सले सन् २००० को प्रारम्भमा वित्तीय नियामक निकायहरूको स्थापना गरेर वाणिज्यसम्बन्धी कसुरहरूसम्बन्धी अपराधहरूलाई नियमन गर्यो। हाल आर्थिक र वित्तीय अपराधहरू उपरको सजाय आपराधिक सजायहरूको कुल संख्याको १% प्रतिशत मात्र छ।

परिच्छेद-६

# नेपालको वाणिज्य कानुनअन्तर्गतको कानुन तथा सजायको व्यवस्थामा गर्नुपर्ने अपराधमुक्तिकरणको आधार

## ६.१ मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू

६.१.१ वाणिज्य क्षेत्र कुनै पनि मुलुकको आर्थिक समृद्धिसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र हो। नेपाल सरकारले पनि निजीक्षेत्रको गतिविधिहरूलाई मुलुकको आर्थिक समृद्धिसँग मिल्दोजुल्दो बनाउन विभिन्न नीति तथा कानुनहरू अपनाउँदै आएको देखिन्छ।[२४] हालसालै सङ्घीय संसदले लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ जारी गरेको अवस्था समेत रहेको छ। यी उपायहरूको मुख्य उद्देश्य आर्थिक वृद्धि, आर्थिक स्थिरता र समतामूलक रोजगारी प्राप्त गर्नु हो। त्यसै कारणले वाणिज्य क्षेत्रलाई सरल ढङ्गबाट सञ्चालन गरी आसातित आर्थिक प्रगति हासिल गर्नको निमित्त यस क्षेत्रलाई नियमन गर्ने प्रचलित ऐन तथा कानुनहरूमा यथोचित सुधार गर्दै जानु पर्दछ।

६.१.२ यस प्रतिवेदन तयार गर्ने क्रममा नेपाल सरकारले सार्वजनिक गरेको वाणिज्य नीति, २०८१ को नीति ९.६ अन्तर्गतको "राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समन्वयमा नीतिगत र कानुनी एकरूपता, सामञ्जस्यता तथा संस्थागत समन्वय सुदृढ गर्ने" शिर्षकभित्र "वाणिज्य क्षेत्रका नीति, कानुन, कार्यविधि तथा रणनीतिहरूमा समयसापेक्ष सुधार, पुनरावलोकन र परिमार्जन गर्ने" भनि उल्लेख भएको देखिन्छ। सोहि नीतिअन्तर्गत विशिष्टिकृत रुपमा निम्नबमोजिमको कार्यनीतिहरू अवलम्बन गरिने छ भनि उल्लेख भएको छ:

(१) निकासी पैठारी, विद्युतीय व्यापार (ई-कमर्स), व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिलगायतका विषयमा कानुन निर्माण एवं परिमार्जन गरिनेछ।

(२) वाणिज्य नीतिसँग प्रत्यक्ष सम्बन्ध रहने उद्योग नीति, आपूर्ति नीति, व्यापार लजिष्टिकस नीति, राजस्व नीति, मौद्रिक नीति, लगानी तथा प्रविधि हस्तान्तरण नीति, कृषि नीति, वन नीति र श्रम नीतिलाई एक अर्कामा सामञ्जस्य हुने गरी तर्जुमा तथा परिमार्जन गरिनेछ।

(३) वाणिज्य नीति र समष्टिगत आर्थिक नीति तथा अन्य क्षेत्रगत नीतिबिच सामन्जस्यता कायम गरी लगानी, उत्पादन तथा निर्यातमैत्री वातावरण निर्माण गरिनेछ।

(४) सङ्घ, प्रदेश र स्थानीय तहका वाणिज्यसम्बन्धी नीति तथा कानुनहरूमा सामञ्जस्यता कायम गरिनेछ।

६.१.३ उपरोक्त उल्लेखित कार्यनितीहरूमा आवश्यक कानुन सुधारको बारेमा उल्लेखनिय नीतिहरू तर्जुमा गरिने भनि उल्लेख गरिएतापनि फौजदारी कसुरको रुपमा परिभाषा गरी दण्डसजाय समेतको व्यवस्था गरिएका वाणिज्यसम्बन्धी क्रियाकलापहरूको अपराधमुक्तिकरणको आवश्यकता महसुस नभएको स्पष्ट देखिन्छ। मुलतः समय सापेक्ष रुपमा कसुर र दण्ड सजायलाई परिमार्जन नगर्नाले मुलुकमा वाणिज्य मैत्री वातावरण निर्माण हुन सक्दैन। तसर्थ, वाणिज्यसम्बन्धी क्रियाकलापहरूको अपराधमुक्तिकरणको सम्बन्धमा पनि नेपाल सरकारको ध्यानाकर्षण गर्न जरुरी देखिन्छ।

२४. वाणिज्य नीति, २०८१, पृष्ठ १।

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरु |
|---|---|---|---|---|
| १. | **कम्पनी ऐन दफा १६०** | क) कम्पनीको कुनै सञ्चालक वा पदाधिकारीले कम्पनीको कुनै कागजपत्रमा बदनियत वा द्वेषपूर्ण लापरबाहीसाथ कुनै झुट्टा कुरा उल्लेख गरी कम्पनी वा कुनै व्यक्तिलाई हानि नोक्सानी पुर्‍याएको भए त्यस्तो सञ्चालक वा पदाधिकारीलाई,<br>(ख) कम्पनीको कुनै सञ्चालक वा पदाधिकारीले यस ऐनबमोजिम राखु पर्ने हिसाब किताब वा लेखा, सेस्ता नराखेमा प्रवा लेखा, श्रेस्ता दुरुस्त नराखेमा बा राख नलगाएमा वा दबाएमा वा लुकाएमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई,<br>(ग) कम्पनीको लेखापरीक्षकले आफ्नो कर्तव्य पालनको सिलसिलामा आफ्नो प्रतिवेदनमा द्वेषपूर्ण लापरवाही वा बदनियतसाथ झुट्टा कुरा लेखेमा वा लेखापरीक्षण गर्दा आवश्यक देखिएको टिप्पणी गर्न छुटाएमा त्यस्तो लेखापरीक्षकलाई,<br>(घ) लिक्विडेटरले द्वेषपूर्ण, लापरबाही वा बदनियतसाथ साहूहरूको सभा नबोलाएमा वा प्राथमिकताको क्रमविपरीत ऋण वा दायित्व भुक्तान गरेमा नेपा वा यस ऐनबमोजिम राखु पर्ने हिसाब किताब र लेखा नराखेमा वा बुझ्नु पर्ने हिसाब कागजपत्र नवझेमा वा झुट्टा लेखा राखेमा वा दिनु पर्ने प्रतिवेदन नदिएमा वा आफ्नो बहाल टुटेपछि बुझाउनु पर्ने नगद, जिन्सी वा श्रेस्ता नबुझाएमा त्यस्तो लिक्विडेटरलाई,<br>(ङ) आफ्नो जिम्माको कागजपत्र, लेखा, नगदी, जिन्सी आफू बहाल टुटेपछि वा कम्पनी खारेज गर्ने आदेश प्राप्त भएपछि यस ऐनबमोजिम हालवालालाई नबुझाएमा वा हालवालाले नबुझेमा सो नबुझाउने वा नबुझ्ने सञ्चालक, पदाधिकारी तथा कर्मचारीलाई,<br>(च) कार्यालयमा दर्ता हुनुअघि नै कम्पनीको विवरणपत्र जारी गर्ने वा विवरणपत्रमा झुट्टा विवरण दिने सञ्चालक वा पदाधिकारीलाई,<br>(छ) सञ्चालक समितिको अधिकारक्षेत्र नघाई वा कम्पनीको कार्यक्षेत्र बाहिरको काम गरेमा सो गर्ने वा गर्न आदेश दिने सञ्चालक वा पदाधिकारीलाई, | बीस हजारदेखि पचास हजार रुपैयासम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय | कम्पनी ऐनअन्तर्गत विभिन्न लेखा र प्रशासनिक त्रुटिहरूलाई फौजदारी अपराधकारूपमा व्याख्या गरिएको छ, जसले व्यावसायिक वातावरणलाई कठोर बनाउने जोखिम ल्याउँछ ।<br><br>कम्पनी प्रशासनमा हुने अनियमितताहरूलाई सुधार्ने मुख्य उपाय नियामक निकायहरूद्वारा निगरानी, जरिबाना तथा प्रशासनिक सजायहरू हुनुपर्छ ।<br><br>अधिकांश त्रुटिहरू मनसायपूर्वक नभइ व्यवसाय सञ्चालनमा हुने जटिलता वा व्यवस्थापकीय कमजोरीका कारण हुने भएकाले यसलाई फौजदारी सजायकोरूपमा होइन, प्रशासनिक सजायको माध्यमबाट व्यवस्थापन गर्नुपर्छ । |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| | | (ज) यस ऐनबमोजिमको विवरण नदिने वा झुट्टा विवरण दिने शेयरधनीलाई,<br>(झ) कम्पनीको नगदी वा जिन्सी हिनामिना गर्ने वा मास्ने वा कम्पनीको नगदी वा जिन्सी सञ्चालक समिति वा साधारण सभाको स्वीकृति विना निजी काममा प्रयोग गर्ने वा कम्पनीको नियमानुसार पेश्की फछ्यौट नगर्ने बा कार्यालयले दिएको आदेश पालना नगर्ने र कम्पनीको विवरण दाखिला नगर्ने सञ्चालक, पदाधिकारी तथा कर्मचारीलाई<br>(ञ) यस ऐनबमोजिम कम्पनी, कार्यालय, अदालत वा अन्य निकायमा विवरण वा जानकारी दिनु पर्ने कर्तव्य भएका सञ्चालक वा पदाधिकारीले त्यस्तो विवरण वा जानकारी नदिएमा त्यस्तो सचालक वा पदाधिकारीलाई<br>(ट) कुनै कम्पनीको लेखापरीक्षण गर्न आफू अयोग्य भएको व्यहोरा थाहा पाए पछि पनि सम्बन्धित कम्पनीको लेखापरीक्षण गर्ने लेखापरीक्षकलाई,<br>(ठ) आफूलाई प्राप्त नभएको अधिकार प्रयोग गर्ने वा प्राप्त अख्तियारी बाहिर गइ कार्य गर्ने सञ्चालक वा पदाधिकारीलाई,<br>(ड) यस ऐनको विपरीत लेखा राखे सञ्चालक तथा पदाधिकारीलाई,<br>(ढ) यस ऐनबमोजिम शेयरधनीलाई उपलब्ध गराउनु पर्ने संक्षिप्त आर्थिक विवरण, वार्षिक आर्थिक विवरण वा प्रतिवेदन उपलब्ध नगराउने सञ्चालक तथा पदाधिकारीलाई,<br>(ण) यस ऐनमा गरिएको व्यवस्था विपरीत हुने गरी कम्पनीबाट कुनै ऋण सुविधा वा पारिश्रमिक लिने वा दिने सञ्चालक, आधारभूत शेयरधनी तथा कम्पनीलाई,<br>(त) कम्पनीको शेयर पूँजी घटाउन अदालतको स्वीकृति माग गर्दा साहूको नाम ढाँट्ने, लुकाउने वा कम्पनीले लिएको ऋणको बारेमा झुट्टा विवरण दिने कम्पनी, सञ्चालक, पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्तिलाई,<br>(थ) यस ऐनको विपरीत शेयर बा द्विवेवर बिक्री गर्ने प्राइभेट कम्पनी, त्यस्तो कम्पनीका सञ्चालक तथा शेयरधनीलाई, | | |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| | | (द) यस ऐनकोविपरीत नेपाल राज्यभित्र व्यवसाय वा कारोबार गर्ने विदेशी कम्पनी, त्यस्तो कम्पनीका सञ्चालक, कर्मचारी वा प्रतिनिधिलाई,<br>(ध) डिवेञ्चरवालाहरूको हितविपरीत कार्य गर्ने डिवेञ्चर ट्रष्टी, त्यस्तो दृष्टीको सञ्चालक वा पदाधिकारीलाई,<br>(न) दफा ४६ को उपदफा (७) को प्रतिकूल काम गर्ने व्यक्तिलाई,<br>(प) दफा ६० बमोजिम गर्नुपर्ने कार्य नगर्ने सञ्चालक वा पदाधिकारीलाई,<br>(फ) यस ऐनबमोजिम कम्पनी दर्ता नगरी कम्पनी शब्दको प्रयोग गरी कारोबार गर्ने व्यक्तिलाई,<br>(ब) दफा १४१ वा दण्टा १७५बमोजिमको जानकारी वा सूचना उपलब्ध नगराउने कम्पनी, सञ्चालक वा पदाधिकारीलाई,<br>(भ) दफा ४७ बमोजिम माग गरिएको जानकारी उपलब्ध नगराउने कम्पनीको शेयरधनी वा सो दफाअनुसार शेयरधनीबाट प्राप्त जानकारी कार्यालयमा पेश नगर्ने कम्पनी, सञ्चालक तथा पदाधिकारीलाई,<br>(म) दफा १०५ विपरीत कार्य गर्ने सञ्चालक तथा पदाधिकारीलाई,<br>(य) कार्यालयले पटक-पटक लिखित आदेश दिदा वा सो सम्भव नभए सञ्चार माध्यममार्फत सूचना दिंदा पनि आफ्नो रजिष्टर्ड कार्यालयको ठेगाना कार्यालयलाई उपलब्ध नगराउने कम्पनीको प्रबन्ध सञ्चालक, सञ्चालक वा पदाधिकारीलाई,<br>(र) दफा ५० कोविपरीत कार्य गर्ने कम्पनी, सञ्चालक, आधारभूत शेयरधनी तथा पदाधिकारीलाई,<br>(ल) कम्पनीको स्वीकृत उद्देश्यविपरीत जानीजानी काम गर्ने कम्पनी वा पदाधिकारीलाई,<br>(व) दफा १२१बमोजिम खटिएको निरीक्षकले झुट्टा प्रतिवेदन पेश गरेमा त्यस्तो निरीक्षकलाई । | | |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| २. | **कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३० दफा २ (कालोबजार)** | नेपाल सरकारले मोल निर्धारित गरिदिएकोमा सो मोलमा र नेपाल सरकारले मोल निर्धारित नगरेकोमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको माल वस्तुको उत्पादक, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिइ कसैले कुनै माल वस्तु बिक्री गरेमा | सो माल वस्तुको लिएको मोल फिर्ता गराइ सो माल वस्तु जफत गरी निजलाई एक वर्षसम्म कैद हुनेछ र दश लाख रुपैयाँसम्म जरिबाना | - ऐनको उल्लङ्घनमा कैद सजाय सम्मको व्यवस्था गरिएको मध्य बढी मोल लिइ कसैले कुनै माल वस्तु बिक्री गरी कसुर गरेमा सो माल वस्तुको लिएको मोल फिर्ता गराइ सो माल वस्तु जफत गर्ने र जरिबाना समेत गर्ने सजायमा थप कैद सजायमा थप कैद सजायको पनि व्यवस्था भएकोले जरिबाना रकमलाई नै मुख्य आधार बनाइ कैद सजाय हटाउने व्यवस्था उपर यथोचित छलफल हुन आवश्यक छ। त्यस्तै, माल वस्तुको मूल्यसूची सबैले देखिने गरी बिक्री स्थलमा नटाँग्ने कार्यलाई समेत कैद सजाय गर्न सकिने गरी राखिएको व्यवस्थालाई संशोधन गरी जरिबाना को हदलाई बढाएर कैद सजायको व्यवस्थालाई हटाउनुपर्ने देखिन्छ।<br>- प्रतिस्पर्धात्मक बजार व्यवस्थापन तथा आपूर्ति चक्रलाई प्रवर्द्धन गर्नुपर्नेमा सरकारद्वारा कैद दण्डसहित नियन्त्रण गर्ने व्यवस्था बजारमैत्री नभएको। |
| | | निर्धारित मोलमा खुला बजारमा सजिलैसँग चाहिंदो मात्रमा उपलब्ध नहुने खण्ड (क)बमोजिमको कुनै माल वस्तु कसैले निजी उपभोगका लागि भनी आदेश वा कुपन गराइ वा नगराइ लिएकोमा त्यस्तो माल वस्तु वा आदेश कुपन नै बढी मोल कमिशन लिइ वा नलिइ बिक्री गरेमावा अरू तवरले दिएमा | त्यस्तो मालवस्तु वा आदेश कुपनबापत लिएको मोल कमिशन फिर्ता गराइ सो माल वस्तु जफत र आदेश कुपन बदर गरी निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै | |
| | | कुनै मनोरञ्जन वा यातायात सेवाको लागि लाग्ने शुल्क वा भाडा बापतको टिकटलाई सो टिकटको मोलभन्दा बढी मोल लिइ नेपाल कसैले बिक्री गरेमा | बढी लिएको मोल रकम जफत गरी १ वर्षसम्म कैद वा जरिबाना वा दुवै हुन सक्नेछ। | |
| | **दफा ४ (माल वस्तुको विचलन)** | नेपाल सरकारले कुनै [२५] प्रदेश वा जिल्लामा वितरणका लागि तोकिदिएको कोटाको वा कुनै प्रदेश वा जिल्लामा बिक्री वितरणको लागि आयात गरिएको वा एजेण्ट, डिलर वा रिटेलरको रुपमा उपलब्ध भएको माल वस्तु अन्यत्र लगेमा वा अन्यत्र बिक्री गरेमा वा एजेन्सी वा डिलरसीपको शर्त विरुद्ध वा उपभोक्ताहरूमा समुचित वितरण नहुने गरी कसैले बिक्री गरेमा | निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै | - यदि कोटा उल्लङ्घन वा अनुचित बिक्री भएको पाइएमा व्यवसायीको इजाजतपत्र लाइसेन्स निलम्बन सकिने र त्यस्तो उल्लङ्घन एक पटकभन्दा बढी भएमा इजाजतपत्र रद्द गर्न सकिने।<br>- जरिबाना तथा क्षतिपूर्ति भराउने व्यवस्था लागू गर्न सकिने। |

२५ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| | **दफा ५ (जम्माखोरी तथा कृत्रिम अभाव)** | बजारमा कुनै मालको कृत्रिम अभाव हुने गरी सो मालको मूल्य वृद्धि गराएर अनुचित नाफा लिइ बजारमा बिक्री गर्ने नियतले त्यस्तो माल वस्तु संग्रह गरी बिक्री नगरी जम्माखोरी गरेमा | निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै | - कृत्रिम अभाव सिर्जना गर्ने कार्यलाई फौजदारी अपराधकोरूपमा नहेरी प्रसाशनिक सजायमार्फत नियन्त्रण गर्नुपर्ने ।<br>- जरिवाना, व्यवसायिक इजाजतपत्र निलम्बन वा खारेजी जस्ता उपायहरू नै पर्याप्त हुने । |
| | | तर नेपाल सरकारले अति आवश्यकको भनी राजपत्रमा तोकिदिएको माल वस्तुका सम्बन्धमा सोही अपराध उत्पादक, आयातक वा मुख्य वितरक वा निजहरूको कुनै डिलर वा एजेण्टले गरेमा | निजलाई एक वर्षसम्म कैद वा दश लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय | |
| | **दफा ७ (औषधिमा मिसावट र मिसावट भएको औषधिको बिक्री)** | शुद्ध औषधि सरह बिक्री वा प्रयोग गराउने नियतले वा त्यसरी बिक्री वा प्रयोग गरिने सम्भव छ भन्ने जानीजानी औषधिको प्रभाव शुन्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधिमा मिसावट गरेमा वा त्यस्तो मिसावट भएको वा म्याद नाघेको औषधि हो भन्ने जानीजानी बिक्री गरेमा वा बिक्री गर्न उद्योग गरेमा वा बिक्री गर्न राखेमा वा उपचारको निमित्त कसैलाई दिएमा वा मिसावटको सम्बन्धमा जानकारी नभएका कुनै व्यक्तिलाई त्यस्तो औषधि सेवन गर्न लगाएमा | निजलाई देहायबमोजिम सजाय हुनेछः-<br>(क) ज्यानलाई खतरा पुग्ने सम्भावना भएमा जन्म कैद वा दश वर्षसम्म कैद र जरिबाना,<br>(ख) शरीरको कुनै अङ्गको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र जरिबाना,<br>(ग) अन्य अवस्थामा पाँच वर्षसम्म कैद वा जरिबाना वा दुवै । | यसै प्रकृतीको कार्यलाई औषधि ऐन, २०३५ को दफा ३४अन्तर्गतको दण्ड सजायअन्तर्गत जन्म कैद सम्म हुन सक्ने गरी सजायको व्यवस्था गरिएकोले उक्त कार्यहरूलाई औषधि ऐन, २०३५ द्वारा नियमन गर्न उचित रहेको । |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| ३. | **प्रतिलिपि अधिकार ऐन, २०५९ दफा २७ (संरक्षित अधिकारको उल्लङ्घन गरेमा दण्ड सजाय)** | कसैले दफा २५ उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घन गर्ने व्यक्तिलाई संरक्षित अधिकारको उल्लङ्घन भएको मानिने: (१) कसैले देहायबमोजिमको कार्य गरेमा यस ऐनबमोजिम संरक्षित अधिकार उल्लङ्घन गरेको मानिने छः-<br>(क) रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी वा अनुमति प्राप्त गरेको भए तापनि सम्झौता वा अनुमतिपत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी आर्थिक लाभ उठाई वा नउठाई व्यापारिक वा अन्य कुनै उद्देश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनि अङ्कनको प्रतिलिपिहरू उत्पादन गरी बिक्री वितरण वा सार्वजनिक सञ्चार गरेमा वा भाडामा दिएमा,<br>(ख) अर्काको रचनाले आर्जित गरेको प्रतिष्ठाको फाइदा उठाउने नियतले त्यस्तो रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गरेमा,<br>(ग) अर्काको रचनाको स्वरुप वा भाषाको माध्यम परिवर्तन गरी आर्थिक लाभ उठाउने उद्देश्यले अर्कै विषय वा प्रकृतिको रचना निर्माण गरेमा,<br>(घ) विज्ञापन वा अन्य कुनै माध्यमबाट दर्शक वा श्रोता वा पाठकलाई अर्कै रचना हो भन्ने भान पार्ने नियतले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले कुनै कुरा निर्माण वा तयार गरी फाइदा उठाउने प्रयत्न गरेमा,<br>(ङ) अनधिकृत पुनरुत्पादन गर्न हतोत्साहित गर्न गरिएको व्यवस्थालाई असफल गराउने ध्येय राखी तयार गरिएको उपकरण वा माध्यमको आयात, उत्पादन वा भाडामा दिने कार्य गरेमा,<br>(च) सांकेतिक भाषामा गोप्य रुपमा (इन्क्रिप्ट गरी) प्रसारण गरिएको कार्यक्रमलाई अनधिकृत रुपमा हेर्न मद्दत गर्ने उपकरण बिक्री गर्ने उद्देश्यले उत्पादन वा आयात गर्ने कार्य गरेमा,<br>(छ) खण्ड (ङ) र (च) मा उल्लेख भए बाहेक प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उद्देश्यले मात्र तयार गरिएको यान्त्रिक उपकरण आयात, बिक्री वितरण तथा प्रयोग गरेमा । | कसुरको मात्राअनुसार दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र दोस्रो पटकदेखि पटकैपिच्छे बीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । त्यसरी प्रकाशन वा पुनरुत्पादन गरेको वा वितरण गरेको वा पुनरुत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत हुनेछ । | - प्रस्तुत ऐन उल्लङ्घन गरी प्रतिलिपी सिर्जना गरी बिक्री वितरण गरेमा त्यसरी सिर्जना भएको सम्पत्ती जफत समेत हुने र जरिबाना समेत हुने व्यवस्था राखिएकोले सो मा कैद सजाय समेत थप हुने गरी राखिएको व्यवस्थालाई हटाई जरिबानाको हदलाई वृद्धि गरी क्षतिपुर्ती भराउने व्यवस्था राख्नु उपयुक्त हुन्छ ।<br>- बौद्धिक सम्पत्तिसम्बन्धी विवादहरूलाई व्यक्तीवादी फौजदारी मुद्दा वा देवानी प्रकृतीको मुद्दाको रुपमा वर्गीकरण गर्न सकिने ।<br>- अन्य देशहरूमा पनि प्रतिलिपि अधिकार उल्लङ्घनलाई प्राथमिकरूपमा देवानी कानुनी उपचार (civil remedies) मार्फत समाधान गरिने ।<br>- प्रतिलिपि अधिकार उल्लङ्घनलाई फौजदारी अपराधकोरूपमा व्याख्या गर्नु व्यावसायिक वातावरणका लागि प्रतिकूल हुने । यसको सट्टा देवानी कानुनी उपचार (compensation, fines, and business restrictions) को माध्यमबाट समाधान खोज्नुपर्ने । |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| ४. | **निकासी पैठारी नियन्त्रण ऐन, २०१३ दफा ५ (दण्ड सजाय)** | यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको इजाजतपत्रमा तोकिएको वस्तु वा त्यसको मूल्य वा परिमाणमा मनासिब कारणबिना फरक पारेर कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा | त्यसरी निकासी वा पैठारी गरेको वस्तु जफत गरी निजलाई सो वस्तुको मूल्य बराबर जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय | - ऐनअन्तर्गतको कैद सजायजको व्यवस्थालाई मिति २०४६ । ०६ । ११ को दोस्रो संशोधन पश्चात संशोधन नगरिएकोले यसरी कैद सजाय गर्ने व्यवस्थालाई हालको अवस्था र अवैध निकासी पैठारीको लागि विकसित विभिन्न नयाँ माध्यमहरूको आलोकमा दृष्टिगत गरी कस्ता कार्यलाई जरिबाना गरी जफत गर्ने सम्मको सजाय उपयुक्त हुन्छ र कस्ता कार्यमा कैद सजायको व्यवस्था नै वाञ्छनिय हुन्छ भनि विश्लेषण गर्न आवश्यक देखिन्छ<br>- निर्यात-आयात प्रक्रियामा कठोर आपराधिक सजाय लागू गर्दा व्यवसायीहरू निरुत्साहित हुने जसले देशको अन्तर्राष्ट्रिय व्यापारमा नकारात्मक असर पार्न सक्ने ।<br>- यदि कुनै व्यवसायीले जानाजानी वा लापरवाहीले नियम उल्लङ्घन गरेमा इजाजतपत्र निलम्बन, जरिबाना वा अस्थायीरूपमा व्यवसाय रोक्का गर्ने उपाय पर्याप्त हुने । |
| ५. | **स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ दफा १९क (नाप्ने वा तौलने साधन नक्कली बनाउन वा चलन गर्न नहुने)** | कसैले नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुनै साधन निर्धारित स्तरभन्दा घटी वा बढी हुने गरी बनाउन वा बनाउन लगाउन वा त्यसरी बनाएको नाप्ने, तौलने, गुणस्तर निर्धारण गर्ने साधन जानीजानी सक्कली सरह चलन गर्न वा चलन गर्ने नियतले राख्न वा बिक्री गर्न वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा नक्कली बनाउन वा नाप्ने, तौलने वा बदनियतपूर्वक गुणस्तर निर्धारण गर्ने साधनको छाप वा टाँचा जानीजानी बिगार्न वा अर्को कुनै साधनको मद्दतले त्यस्तो साधनको नाप्ने, तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पार्न वा त्यस्तो साधनमा नक्कली छाप वा टाँचा लगाउन वा अन्य कुनै उपायद्वारा चलन चल्तीको नाप वा तौललाई घटी बढी हुन सक्ने बनाउन हुँदैन । | कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ | - फौजदारी सजाय हटाएर नियामक जरिबाना, सुधार निर्देश, वा इजाजतपत्र निलम्बन जस्ता उपायहरू लागू गरिनुपर्ने ।<br>- यसले व्यापार तथा औद्योगिक उत्पादनलाई प्रवर्द्धन गर्नुका साथै सरकारी नियमनलाई प्रभावकारी बनाउने । |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| | **दफा १९ख (नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गर्न नहुने)** | कसैले कुनै व्यवसाय, कारोवार वा व्यापारको सिलसिलामा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन प्रयोग गर्नु पर्दा कानुनबमोजिम त्यस्तो साधनको चलन चल्तीमा निर्धारण गरिएको नाप, तौल वा स्तरभन्दा घटी वा बढी हुने गरी कपटपूर्णरूपमा प्रयोग गर्न, अर्को कुनै साधन वा उपायको मद्दतले त्यस्तो साधनको चलन चल्तीको नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुरामा प्रतिकूल प्रभाव पार्न हुँदैन । | कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैँयासम्म जरिबाना हुनेछ | - सबै किसिमका विचलनलाई कपटपूर्ण कार्य कोरूपमा हेर्नु उचित नहुने। के-कस्ता कार्यहरू "कपटपूर्ण" कार्य हुन् भनि ऐनको उक्त व्यवस्था मै थप स्पष्ट रुपमा उल्लेख गर्दै "कपट" मा अपराधिक मनसाय रहन्छ कि रहँदैन भनि निर्क्योल गर्नु पर्ने देखिन्छ ।<br>- व्यवसायको अनुगमन तथा नियामक कारबाही नै प्रभावकारी हुने ।<br>- व्यवसायीहरूलाई अनावश्यक कानुनी दबाब दिनुभन्दा नियामक संस्थाहरूले सुधारात्मक उपायहरू लागु गर्नुपर्ने । |
| | **दफा ३० (सजाय), उपदफा** (२) | कसैले कुनै स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाली वा घटी, बढी बनाएमा वा बनाउन लगाएमा वा त्यस्तो जाली वा घटी, बढी नाप्ने वा तौलने यन्त्र जानी-जानी सक्कलीरूपमा व्यवहार गरेमा वा व्यवहार गर्ने उद्देश्यले राखेमा वा बिक्री गरे वा गराएमा वा यस ऐनबमोजिम स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा लगाउने टाँचा बिगारेमा वा जाली टाँचा लगाएमा वा लगाउन लगाएमा वा बनाएमा वा राखेमा वा नाप वा तौलमा वा नाप्ने वा तौलने यन्त्रको वास्तविकभन्दा बाहेकका अन्य कुनै यन्त्र वा त्यस्तै कुनै वस्तु प्रयोग गरी घटी, बढी गराएमा वा गराउने उद्देश्यले राखेमा वा राख्न लगाएमा वा कुनै प्रविधि प्रयोग गरी जाली सफ्टवेयर बनाइ नाप वा तौलको परिमाणमा घटी वा बढी गराएमा | तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय | बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन, उपभोक्ताको हित सुरक्षित गर्न, र व्यवसायलाई नियमनभित्र राख्न अर्थिक जरिबाना तथा इजाजतपत्र निलम्बन गर्ने जस्ता नियामक उपायहरू लागू गर्नुपर्ने । |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| ६. | **नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ दफा १३(दण्ड सजाय)** | दफा ८ को बर्खिलाप काम गर्ने व्यक्तिलाई प्रमाण-चिन्हको अनुचित प्रयोगमा प्रतिबन्धः<br>(१) इजाजतपत्र प्राप्त नगरी कुनै व्यक्तिले कुनै पदार्थका सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग गर्न हुँदैन। कुनै व्यक्तिले प्रमाण-चिन्हको आकार प्रकारको भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्न हुँदैन।<br>(२) इजाजतपत्र प्राप्त गरेका व्यक्तिले पनि निर्धारित गुणस्तर अनुकुल नरहेका पदार्थको सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग वा त्यसको आकार प्रकारका भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्न हुँदैन। | तीन हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ। | - उल्लेखित व्यवस्थाहरूलाई निकासी पैठारी हुनु वा प्रयोगमा आउनु पूर्व हुने कार्यहरू जस्तै आकार प्रकारका भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्ने तथा परिषद् वा कार्यालयको पूरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गरेको, इजाजतपत्र प्राप्त नगरी कुनै व्यक्तिले कुनै पदार्थका सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग गरेको तर बजारमा बिक्री वितरण वा निकासी पैठारी वा प्रयोगमा ल्याउने कार्य भने सम्पन्न नभैसकेको अवस्थामा त्यस्ता पदार्थ जफत गरी जरिबाना गर्ने सम्मको सजाय उपयुक्त हुने देखिन्छ।<br>- साना व्यवसायीहरूमाथि अनावश्यक कानुनी कारबाही नगरी उनीहरूलाई शिक्षित र सचेत बनाउने दिशामा काम गर्नु सामाजिक न्यायको दृष्टिकोणबाट आवश्यक रहेको।<br>- अपराधीकरणको सट्टा यस्ता कार्यहरूलाई नियमन गर्ने र दोषीलाई सुधारको अवसर दिने प्रणाली अवलम्बन गर्न सकिने जसले समाजमा सकारात्मक परिवर्तन ल्याउन मद्दत गर्ने। |
| | | दफा ९ को बर्खिलाप काम गर्ने व्यक्तिलाई परिषद् वा कार्यालयसँग मिल्दोजुल्दो नामको प्रयोगमा प्रतिबन्धः<br>कुनै पनि व्यक्तिले परिषद् वा कार्यालयको पूरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गर्न पाउने छैन। | एकहजार पाँचसय रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ | |
| | | दफा १०बमोजिम तोकिएको पदार्थ वा प्रक्रियामा निर्धारित गुणस्तर नभएमा वा कसैले त्यस्तो पदार्थ वा प्रक्रियामा प्रमाण-चिन्ह नलगाई प्रयोगमा ल्याएमा | त्यस्तो व्यक्तिलाई पाँचहजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुबै सजाय | |
| | | कसैले दफा ११बमोजिम तोकिएको पदार्थ निर्धारित गुणस्तरको नभइकन निकासी-पैठारी गरेमा वा गर्न प्रयत्न गरेमा वा गर्न दुरुत्साहन दिएमा | त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय | |
| | | यस ऐनको अन्य दफा बर्खिलाप काम कारबाही गर्ने व्यक्तिलाई | एक हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय | |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| ७. | **आयकर ऐन, २०५८ दफा १२३ (कर दाखिला नगर्नेलाई हुने सजाय)** | मनासिब माफिकको कारणबिना कर दाखिला गर्नुपर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई | पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय | यस ऐनअन्तर्गत मनासिब माफिकको कारणबिना कर दाखिला गर्नुपर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ भन्ने कानुनी व्यवस्थामा जरिबाना को हदलाई कर दाखिला नगरेको पटकै पिच्छे वृद्धि हुने व्यवस्था गरी कैद सजायलाई हटाउने तर्फ विश्लेषण गर्नु पर्ने देखिन्छ।<br>साथै, यस ऐनको दफा १२५. मा उल्लेख भएको कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजायअन्तर्गतको उपदफा (१) को (ग) मा अन्य कुनै रुपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा पनि व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्थामा के कस्ता कार्यहरू “अन्य कुनै रुप”अन्तर्गत पर्ने हो भन्ने व्याख्या गर्नुपर्ने देखिन्छ। यस व्यवस्थाको व्याख्यालाई सिमित नगरी व्यापक अर्थ दिने गरी राखिएको “अन्य कुनै रुपमा” ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा समेत कैद सजाय हुनसक्ने व्यवस्था हटाउन उपयुक्त देखिन्छ वा उक्त दफाअन्तर्गत के कस्ता कार्यहरू “अन्य कुनै रुप”अन्तर्गत पर्ने हो भन्ने व्याख्या गर्नुपर्ने देखिन्छ। |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| | **दफा १२४ (झुट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजाय)** | कुनै व्यक्तिले विभागमा दिएको कुनै जानकारी वा विवरण जानाजानी वा लापरवाही साथ पेश गरेको कारणले झुट्टा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा उल्लेख नगरी वा हटाई सो विवरण भ्रमपूर्ण हुन गएकोमा | त्यस्तो व्यक्तिलाई चालीस हजार रुपैयाँदेखि एक लाख साठी हजार रुपैयाँसम्म जरिबाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ | - अन्तर्राष्ट्रियरूपमा करसम्बन्धी उल्लङ्घनलाई प्राथमिकरूपमा आर्थिक जरिबाना तथा देवानी कानुनी उपचारद्वारा सम्बोधन गर्ने प्रचलन रहेको छ ।<br>- कर दाखिला नगर्ने कार्यलाई अपराधकोरूपमा लिँदा अदालतहरूमा मुद्दाहरू बढ्न सक्छ । यसले न्याय प्रणालीलाई बोझिलो बनाउँछ । त्यसैले, यस्ता कार्यहरूलाई अपराधमुक्तिकरण गरेर नियमन गर्ने प्रणाली अवलम्बन गर्नु उचित हुन्छ ।<br>- कुनै विवरणमा त्रुटि भएमा सम्बन्धित पक्षलाई सच्याउने अवसर दिने, जरिबाना वा अन्य सुधारात्मक उपाय अपनाउने प्रणाली प्रभावकारी हुन्छ । फौजदारी कानुनको प्रयोग केवल गम्भीर हानि पुर्याउने कार्यमा मात्र सीमित गर्नुपर्छ ।<br>- कानुनले अपराध भनी परिभाषित गर्ने कार्यहरू गम्भीर प्रकृतिका हुनुपर्ने तथा सामान्य प्रशासनिक उल्लङ्घनहरूलाई पनि आपराधिक श्रेणीमा राख्दा न्यायालयमा अनावश्यक मुद्दा बढ्ने, नागरिक अधिकारमा अवरोध सिर्जना हुने र राज्य र नागरिक बीचको विश्वास कमजोर बन्छ ।<br>- केवल गम्भीर हानी पुर्याउने कार्यलाई मात्र अपराधीकरण गरिनुपर्ने, अन्यथा प्रशासनिक जरिबाना वा सुधारात्मक उपाय अवलम्बन गर्नु उपर्युक्त हुने । |
| | **दफा १२५ (कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजाय)** | देहायका कार्य गर्ने व्यक्तिलाई<br>(क) यस ऐनबमोजिम आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा विभागको अधिकृतलाई बाधा विरोध गरेमा,<br>(ख) दफा ८३बमोजिमको सूचनाबमोजिम कार्य नगरेमा, वा<br>(ग) अन्य कुनै रुपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा । | पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ:- | |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| ८. | **अन्त शुल्क ऐन, २०५८ दफा १५.सूचना वा मद्दत नदिने व्यक्तिलाई दण्ड सजाय** | यस ऐनविपरीत कार्य हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएपछि सो कुराको सूचना दिनुपर्ने वा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयले मागेको बखत मद्दत दिनुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले जानीजानी त्यस्तो सूचना वा मद्दत नदिएमा | निजलाई कसुरको प्रकृति हेरी तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ | - ऐनको दफा १५ को पहिलो खण्डअन्तर्गत व्यवस्था गरिएको यस ऐनविपरीत कार्य हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएपछि सो कुराको सूचना दिनुपर्ने व्यक्तीलाई सूचना नदिएकै कारण तीन महिनासम्म कैद हुन सक्ने व्यवस्थालाई हटाउन उपयुक्त देखिन्छ। सो दफा को दोस्रो खण्डमा स्पष्ट रुपमा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयले मागेको बखत मद्दत दिनुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले जानीजानी त्यस्तो सूचना वा मद्दत नदिएमा तीन महिनासम्म कैद हुन सक्ने व्यवस्था राखिएकोले पहिलो खण्डमा उल्लेख भएको व्यवस्थमा "जानीजानी" वा "कर्तव्य भएको" भन्ने अवस्था उल्लेख नभएकोले कानुनले नै बाध्यकारी रुपमा सूचना दिनुपर्ने गरी व्यवस्था नगरेको अवस्थामा सूचना नदिएकै आधारमा कोही व्यक्तीलाई कैद सजाय गर्ने व्यवस्था फौजदारी कानुनको मान्य सिद्धान्तको समेत विपरित हुन्छ।<br>- कानुनले कुनै व्यक्तिलाई सूचना दिन वा सहयोग गर्न बाध्य पार्दा त्यसले नागरिक अधिकारको हनन हुन सक्छ। कर छलीजस्ता गम्भीर आर्थिक अपराधबारे जानकारी गराउन प्रोत्साहन गर्नु उचित हो। तर, कसैलाई जबरजस्ती सूचनाकर्ता (Whistleblower) बनाउनुपर्छ भन्ने बाध्यता कानुनीरूपमा न्यायसंगत छैन। |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरु |
|---|---|---|---|---|
| | | | | - कर प्रणाली सुधारका लागि नरम कानुनी उपायहरू (Soft Legal Measures) जस्तै स्वैच्छिक सूचनाकरण (Voluntary Disclosure Program), गोप्य सूचनाकर्ता संरक्षण (Whistleblower Protection Program), तथा प्रशासनिक जरिबाना (Administrative Fine) प्रभावकारी रहन्छ । |
| | **दफा १६. दण्ड: उपदफा(१)** | कसैले देहायको कसुर गरेमा;<br>(क) यस ऐनबमोजिम तिर्नुपर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,<br>(ख) इजाजतपत्र नलिइ अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी [२६] वा सेवा प्रदान गरेमा,<br>(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐनविपरीत कुनै कसुर गरेमा,<br>[२७](घ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली वा विभागले तोकेको शर्त विपरित हुने गरी मदिराको उत्पादन, बोतलबन्दी तथा बिक्री वितरण गरेमा,<br>(ङ) मदिरा, बियर, चुरोट वा सूर्तीजन्य वस्तु र अन्य अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट नक्कली बनाइ प्रयोग गरेमा, उत्पादन गरेमा वा ओसार पसार वा भण्डारण गरेमा | कसुरको निमित्त बिगो जफत गरी बिगोबमोजिम जरिबाना कसैले देहायको कसुर गरेमा वा एक वर्षसम्म कैद वा दुवै सजाय | कर तथा अन्तःशुल्क उल्लङ्घनलाई पहिलो चरणमा जरिबाना, कर असुली, वा प्रशासनिक कारबाहीद्वारा समाधान गर्ने व्यवस्था उचित रहन्छ । |
| | **दफा १६. दण्ड: उपदफा(२)** | मदिरा, चुरोट र सूर्तीजन्य वस्तु उत्पादन वा पैठारी गर्ने इजाजतपत्रवालाले देहायका कसुर गरी अन्तःशुल्क दबाए, छिपाए वा छलेमा;<br>(क) अन्तःशुल्क दबाए, छिपाए वा छलेमा,<br>(ख) नक्कली अन्तःशुल्क टिकटको प्रयोग गरी वा अन्तःशुल्क टिकटको प्रयोग नगरी मदिरा, चुरोट र सूर्तीजन्य वस्तुको उत्पादन, निष्कासन, बिक्री वितरण, भण्डारण वा पैठारी गरेमा,<br>(ग) स्वीकृति नलिएको ब्राण्डमा उत्पादन तथा निष्कासन गरेमा,<br>[२८](ग१)अर्काको नामको ब्राण्ड प्रयोग गरी वा ब्राण्ड नखोली उत्पादन, निष्कासन, भण्डारण वा बिक्री वितरण गरेमा<br>(घ) रम, जिन, ब्राण्डी, भोडका, ह्वीस्की भनी मदिरा उत्पादन गर्ने प्रतिष्ठानले २५ यू.पी. र ३० यू.पी. शक्तिभन्दा फरक हुने गरी उत्पादन गरेको पाईएमा । | त्यस्तो कसुरको निमित्त बिगो जफत गरी बिगोको दुई सय प्रतिशत जरिबाना वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो जरिबाना वा एक बर्षसम्म कैद वा दुवै सजाय | ऐनको दफा १६ को उपदफा (२) मा मदिरा, चुरोट र सूर्तीजन्य वस्तु उत्पादन वा पैठारी गर्ने इजाजतपत्रवालाले कुनै कसुर गरी अन्तःशुल्क दबाए, छिपाए वा छलेमा त्यस्तो कसुरको निमित्त बिगो जफत गरी बिगोको दुई सय प्रतिशत जरिबाना वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो जरिबाना वा एक बर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने व्यवस्थामा बिगोको दुई सय प्रतिशत जरिबाना वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो जरिबाना नै पर्याप्त सजाय हुन्छ । |

२६. आर्थिक ऐन, २०७९ द्वारा थप ।
२७. आर्थिक ऐन, २०७७ द्वारा संशोधित ।
२८. आर्थिक ऐन, २०७८ द्वारा थप ।

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| ९. | **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ दफा २३. दण्ड सजाय** | राजस्व चुहावटको कसुर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई | बिगोको शतप्रतिशत जरिबाना तथा कसुरको मात्राअनुसार देहायबमोजिमको कैद हुनेछ :-<br>क. एक करोड रुपैयाँसम्मको बिगोमा एक महिनादेखि छ महिनासम्म कैद,<br>ख. एक करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्मको बिगोमा छ महिनादेखि एक वर्षसम्म कैद,<br>ग. पाँच करोड रुपैयाँदेखि दश करोड रुपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म कैद,<br>घ. दश करोड रुपैयाँदेखि माथि जतिसुकै बिगो भए पनि तीन वर्षदेखि पाँच वर्षसम्म कैद । | - राजस्व चुहावटको हुने कार्य मनासयपूर्वक वा जालसाजपूर्ण तरिकाले भएको हो वा हो होइन भनि स्पष्ट रुपमा उल्लेख गरिएको छैन । त्यसकारणले यस ऐनमा राजस्व चुहावट गर्ने मनसाय राखि, जानीजानी वा जालसाजपूर्ण कार्य गरेको सन्दर्भमा व्याख्या गरी त्यसरी गरिएको कार्यहरूलाई मात्र कैद सजाय हुने कसुरअन्तर्गत राखि अन्य कार्यको हकमा कैद सजाय हुने व्यवस्थालाई हटाउन उचित हुने देखिन्छ ।<br>- धेरै देशहरूमा राजस्व चुहावटको लागि कैदको सट्टा आर्थिक जरिबाना (Financial Penalty) प्रमुख सजायको रूपमा लागू गरिएको । कैद सजायको सट्टा बढी जरिबाना लगाउने (Increased Monetary Penalty) उपायहरू प्रभावकारी हुने ।<br>- राजस्व चुहावटकै लागि कैद सजाय दिने प्रणालीले व्यवसायीलाई निरुत्साहित गर्ने । |
| | **दफा ३३. बरामद भएको मालवस्तु जफत हुने उपदफा ३** | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनअन्तर्गतको कसुरमा बरामद भएको भाडाको ढुवानीका साधन कसुर गर्ने व्यक्तिले ढुवानीका साधन धनीको अनुमतिबिना त्यस्तो कार्यमा प्रयोग गरेको ठहरेमा सो ढुवानीका साधन जफत गरिने छैन । यसरी ढुवानीका साधन प्रयोग गर्ने सवारी चालकलाई | कसुरको प्रकृति हेरी पचास हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय | - पहिलोपटक उल्लङ्घन गर्ने चालकलाई न्यून जरिबाना र दोहोर्याएर उल्लङ्घन गरेमा आर्थिक सजायको मात्रा बढाउन उचित रहेको ।<br>- यस ऐनअन्तर्गत सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिबाना र सवारी चालकलाई कसुरको प्रकृति हेरी पन्ध्र हजार रूपैया"सम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्थामा सवारी धनी र सवारी चालकलाई हुने जरिबानाको हदलाई वृद्धि गरी कैद सजायको व्यवस्थालाई जरिबानाले प्रतिस्थापन गर्नु उपयुक्त हुन्छ । |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| १०. | **मूल्य अभिवृद्धि कर ऐन, २०५२ दफा २९. दण्ड सजाय उपदफा(१ग)** | वस्तु तथा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गर्ने बिक्रेता व्यक्तिलाई | जारी बीजक मूल्यको पचास प्रतिशत जरिबाना वा ६ महिनासम्म कैद वा दुवै गर्न सक्नेछ । | - व्यवसाय सञ्चालन गर्दा गल्ती हुनसक्ने र सबै गल्तीलाई आपराधिकरण गर्नु उचित नहुने ।<br>- फर्जी बीजक जारी गर्दा सरकारलाई घाटा लागे पनि यसको मुख्य उद्देश्य बिगो असुली भएकोले अपराधमुक्तिकरण आवश्यक रहेको ।<br>- कैद सजायले व्यवसायमैत्री वातावरण खल्बलिने र लगानीकर्ताहरू निरुत्साहित हुने । |
| | **दफा २९. दण्ड सजाय उपदफा(२)** | कुनै व्यक्तिले देहायबमोजिमको कुनै कसुर गरेमा;<br>(क) झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरेमा,<br>(ख) जालसाजी गरी कर छलेमा,<br>(ग) दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा,<br>(घ) न्युन वीजकीकरण गरी बिक्री गरेमा,<br>(ङ) दफा ३० को उल्लङ्घन गरी कारोबार गरेमा । | कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको शतप्रतिशत रकम जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय | - सजायकोरूपमा कैदको सट्टा, उच्च आर्थिक जरिबाना, पुनःसुधारात्मक प्रक्रिया र कर शिक्षा को प्रयोगले अधिक प्रभावकारी परिणाम दिने ।<br>- जरिबानाको माध्यमबाट राज्यले राजस्व सङ्कलनलाई सुदृढ पार्न सक्ने, र यसले व्यवसायीलाई कानुनी प्रक्रियामा ल्याउन मद्दत गर्ने ।<br>- अपराधीकरणको सट्टा व्यापारिक वातावरण सुधार्ने उपायहरू लागू गर्दा करदाताहरूमा विश्वास बढ्छ । |

| क्र.स. | सम्बन्धीत दफा | फौजदारी कसुर हुने गरी व्यवस्था गरिएको मौजुदा व्यवस्था | कसुर गरेको प्रमाणित भएमा हुने सजाय | मौजुदा कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन र सो को आधारहरू |
|---|---|---|---|---|
| | **ऐनअन्तर्गत "बिगो" को परिभाषा र दण्ड सजाय खण्डमा भएको व्यवस्थामा एकरुपताको आवश्यकता** | दफा (छ१) मा "बिगो" भन्नाले देहायबमोजिमका रकम सम्झनु पर्छः- प्रचलित आयकरसँग सम्बन्धित कानुनबमोजिम लाग्ने आयकर, शुल्क, ब्याज, जरिबाना, अग्रिम करकट्टी रकम, किस्ता कर रकम<br>२३. दण्ड सजायः (१) राजस्व चुहावटको कसुर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई बिगोको शतप्रतिशत जरिबाना तथा कसुरको मात्राअनुसार देहायबमोजिमको कैद | | प्रस्तुत ऐनको परिभाषा खण्डको दफा (छ१) मा "बिगो" भन्नाले देहायबमोजिमका रकम सम्झनु पर्छः-<br>(क) "प्रचलित आयकरसँग सम्बन्धित कानुनबमोजिम लाग्ने आयकर, शुल्क, ब्याज, जरिबाना, अग्रिम करकट्टी रकम, किस्ता कर रकम भनि" उल्लेख भएको छ।<br>त्यसैगरी, उक्त ऐनको दफा २३ को दण्ड सजाय खण्डमा "२३. दण्ड सजायः (१) राजस्व चुहावटको कसुर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई बिगोको शतप्रतिशत जरिबाना तथा कसुरको मात्राअनुसार देहायबमोजिमको कैद हुनेछ भनि उल्लेख भएको छ।<br><br>ऐनको परिभाषा खण्डमा नै बिगोअन्तर्गत जरिबाना पर्ने भनि स्पष्ट उल्लेख भएकोमा दण्ड सजाय खण्डमा पुनः "........जफत गरी त्यस्तो व्यक्तिलाई बिगोको शतप्रतिशत जरिबाना" भनि उल्लेख गर्नुले ऐनअन्तर्गत कसुरजन्य कार्य गरेमा तिर्न बुझाउन पर्ने बिगो एवम् जरिबाना अत्याधिक हुन जाने र फौजदारी न्याय प्रणालीको "सापेक्षिक र समानुपातिक सजाय" को उद्देश्य समेत पराजित हुने देखिन्छ। |

परिच्छेद-७

# निष्कर्ष तथा सुझाव

## ७.१ निष्कर्ष

नेपालको आर्थिक विकास र व्यावसायिक वातावरणलाई सुदृढ बनाउन वाणिज्य कानुनमा भएका अनावश्यक फौजदारी दायित्वहरूलाई हटाउनु अत्यावश्यक छ । हालका वाणिज्यसम्बन्धी कानुनहरूमा परिभाषित गरिएको कसुरजन्य कार्यहरूलाई मुख्यत: मनसाय, ठगी वा जालसाजीले अभिप्रेरित भइ गरिने कार्य र व्यवसायिक क्रियाकलाप संचालनको क्रममा हुने सामान्य तथा व्यक्ति, समाज र वातावरणलाई हानी नगर्ने कार्यहरूलाई स्पष्ट वर्गीकरण गर्नुपर्ने देखिन्छ । यसरी वर्गीकरण गरेपश्चात मनसाययुक्त, ठगी वा जालसाजीपूर्ण तरिकाले गरिएका कार्यहरूलाई कैद सजाय हुने व्यवस्थालाई यथावत राखी अन्य कार्यहरूलाई कसुरको परिधिबाट अलग राखी कैद सजाय हुने व्यवस्था हटाउनुपर्ने देखिन्छ । कानुनमा भएका अनावश्यक कैद सजायको व्यवस्थाले व्यवसायीहरूमा त्रास उत्पन्न हुने र यसले व्यवसायीहरूको नवप्रवर्तन गर्ने तथा लगानी गर्ने इच्छाशक्ति कमजोर बनाउँदछ जसको प्रत्यक्ष असर मुलुकको आर्थिक समृद्धिमा पर्छ । यसको कारण नेपालमा विदेशी लगानी समेत आकर्षित हुन नसक्ने एवम् स्वदेशी उद्यमीहरूको हकमा समेत व्यवसाय विस्तारको संभावनामा घटेर जाने देखिन्छ । तसर्थ, वाणिज्य कानुनमा भएका अनावश्यक फौजदारी दायित्वहरूलाई हटाएर जरिबानामा रुपान्तरण वा देवानी दायित्वमा रूपान्तरण गर्नु आवश्यक छ । यसले व्यवसायीहरूलाई कानुनी अनिश्चितताबाट मुक्त गरी लगानीमैत्री वातावरण सिर्जना गर्न मद्दत गर्नेछ । समय र सामाजिक परिस्थितिअनुसार सापेक्षिक रुपमा आवश्यक्तानुसार वाणिज्य कानुनको अपराधमुक्तिकरणले नेपालको आर्थिक विकासमा ठूलो योगदान पुर्याउन सक्ने कुरामा द्विविधा रहँदैन । यसर्थ नयाँ लगानी भित्र्याउन, व्यवसायको वातावरण सुधार गर्न, तथा व्यवसायीहरूलाई अनावश्यक कानुनी डर र जटिलताबाट छुट्कारा दिन वाणिज्य कानुनमा भएका अनावश्यक फौजदारी दायित्वहरूलाई हटाउनु र जरिबाना र देवानी दायित्वमा रूपान्तरण गर्न अपरिहार्य रहेको छ ।

## ७.२ सुझावहरू

यस प्रतिवेदन मुख्यत: वाणिज्य क्रियाकलापहरूलाई नियमन गर्न बनेका ऐन, कानुनहरूअन्तर्गत कैद सजायसम्म हुने गरी राखिएका प्रावधानहरूमध्ये के-कस्ता प्रावधानहरूको हकमा कैद सजायलाई जरिबानाले प्रतिस्थापना गर्नुपर्ने हो, कस्ता फौजदारी दायित्व सिर्जना हुने गरी राखिएका कार्यलाई देवानी दायित्वमा रुपान्तरण गर्नुपर्ने हो र कस्ता कार्यहरूलाई कसुरको परिभाषाबाट नै हटाउनु पर्ने हो र सो को लागि प्रचलित कानुनमा के-कस्ता सुधार हुनुपर्ने हो भन्ने अवधारणामा केन्द्रित रहेकोले प्रचलित कानुनमा के कस्ता सुधार आवश्यक छ भनि यसै प्रतिवेदनको परिच्छेद-६ मा स्पष्ट रुपमा राखिएकोले सो परिच्छेदमा उल्लेख भएका सुधारको आवश्यकता र कारण नै यस प्रतिवेदनले दिने अन्तिम सुझाव हो । साथै नेपाल कानुन आयोगद्वारा २०८० मा प्रकाशित “प्रचलित कानुनमा रहेको दोहोरोपना (Overlapping Clause) सम्बन्धी अध्ययन प्रतिवेदन” मा औंल्याइएका वाणिज्य क्रियाकलाहरूसम्बन्धी प्रचलित कानुनमा परिमार्जन गरी दोहोरोपनाको अन्त्य गर्नुपर्ने देखिन्छ ।

## NOTE

## NOTE

## नेपाल उद्योग परिसंघ

सन् २००२ अप्रिल १७ मा स्थापित नेपाल उद्योग परिसंघ (CNI) नेपालका ठूला तथा मझौला उद्योगहरूको छाता संस्था हो । नेपालभित्र संचालन भइरहेका अग्रणी उद्योग-व्यवसायहरू सदस्य रहेको यस संस्थाले आफ्नो स्थापनाकालदेखि नै समग्र देशको आर्थिक स्थिति तथा व्यवसायिक वातावरण सुधार गर्ने उद्देश्यका साथ आफूलाई सक्रिय बनाउँदै आएको छ । साथै, परिसंघले व्यवसायिक वातावरण सुधारको साथै नीतिगत तहमा रहेका विविध कठिनाइ तथा अवरोधहरूको अनुसन्धान गरी त्यस्ता विषयमा सुधारका लागि सम्भावित मार्गदर्शन नेपाल सरकार लगायत सम्पूर्ण सम्बन्धित निकायमा प्रदान गर्दै आफूलाई नेपाल सरकारको एक महत्वपूर्ण विकास साझेदारका रुपमा स्थापित गरेको छ ।

## सीएनआई रिसर्च सेल

नेपालमा उद्योग तथा व्यवसायसम्बन्धी प्राथमिक तथ्याङ्कको अभावलाई सम्बोधन गर्न नेपाल उद्योग परिसंघले 'सीएनआई रिसर्च सेल' को स्थापना गरेको हो । परिसंघले पारदर्शिता, निष्पक्षता र आवश्यक गोपनीयताको सिद्धान्त अपनाउँदै प्राथमिक तथ्याङ्क संकलन र विश्लेषण गरी विभिन्न प्रकाशनमार्फत नियमितरूपमा सार्वजनिक गर्दै आएको छ। परिसंघको रिसर्च सेलका नियमित प्रकाशनहरूमा 'Industry Status Report (ISR)' र 'CNI Nepal Economy Insights' प्रमुख छन्। यसका साथै, 'अग्रिम जमानत' र 'कानुनमा सुधार, समृद्ध अर्थतन्त्रको आधार' जस्ता कानुनी सुधारकेन्द्रित अनुसन्धानमा आधारित परिसंघका प्रकाशनहरूले नेपाल सरकारलाई नीतिगत सुधारका लागि महत्वपूर्ण आधार प्रदान गरेका छन् । यी अनुसन्धान तथा प्रकाशनहरूले मुलुकमा तथ्य र प्रमाणमा आधारित आर्थिक नीति निर्माणमा सहयोग पुऱ्याउँदै आएका छन् ।

**CONFEDERATION OF NEPALESE INDUSTRIES (CNI)**
P.O. Box No. 21056, Trade Tower, 5th floor, Thapathali, Kathmandu
Tel: 977-01-5111122/5111123 | Fax: 977-01-5111125
Email: cni@cnind.org | Website: www.cni.org.np